मानवअधिकारका लागि उपयुक्त संस्कृति

# प्राची

पूर्णाङ्क ४३, असोज-कार्तिक २०५९
(Oct. 2002)

संचेतना द्वैमासिक

- आतंकित क्षेत्रमा शान्तिको पहल
- राष्ट्रिय सुरक्षाका नाममा नागरिक सुरक्षा हननको सवाल
- संकटकाल, निर्वाचनको घोषणा र स्थगन
- महासंकटको चपेटामा : कालिकोट र जुम्ला




# शाही घोषणाप्रतिको असहमति

मानवका लागि मानवअधिकार
मानवअधिकार लागि उपयुक्त संस्कृति

# प्राची

संचेतना द्वैमासिक

वर्ष ११, पूर्णाङ्क ४३, असोज-कार्तिक २०५१

**संस्थापक**
सुशील-प्रकाश

**सल्लाहकार**
सुबोधराज प्याकुरेल
कुन्दन अर्याल

**सम्पादक**
प्रकाश ज्ञवाली

**आवरण तथा ले-आउट**
गोविन्द त्रिपाठी

**विशेष सहयोगी**
गीता माली

**फोटो**
विमलचन्द्र शर्मा

**व्यवस्थापन**
प्रवल शर्मा

**मुद्रक**
नवयुग सहकारी छापाखाना
मदननगर, बल्खु, काठमाडौं
फोन : २७५६९७

**पत्राचार**
पत्र मञ्जुषा : २७२६ काठमाडौं
टेलिफोन – २७८७७०
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित

## ५

चारैतिरबाट शान्ति भंग भइरहेको यस्तो अवस्थामा शान्तिको लागि दृढतापूर्वक काम गर्न झनै जरुरी भएको छ। जनताको केन्द्र भाग गाउँमा छ। त्यहाँका मानिसलाई शान्तिको महत्व र मर्म सबभन्दा बढी थाहा छ। त्यहाँबाट शान्तिको अभियानको थालनी गर्नुपर्छ र यसो गर्न सकिन्छ।

## ६

व्यक्तिको अपराध, असक्षमता वा अनैतिकताको भार बहुदलीय व्यवस्थामाथि थोपरिनु हुँदैन। बहुदलीय व्यवस्थाको विकल्प बहुदलीय व्यवस्थामात्र हुन सक्दछ। बहुदलीय प्रजातन्त्रको अभावमा मानवअधिकार र सामाजिक न्यायको कल्पना गर्न सकिँदैन। त्यसैले नेपालका मानवअधिकारकर्मीहरू पनि बहुदलीय व्यवस्थासहित ०४६ सालको जनआन्दोलनका तमाम उपलब्धी र ०४७ सालको संविधानको रक्षाका निम्ति अर्को जनआन्दोलनमा सहभागी हुन पनि तयार छन्।

## १५

सदरमुकाममा दुई छाक पेटभरि खान पाउनु भनेको अहिले ठूलो कुरा भएको छ। सुरक्षा निकायबाहेक अन्य कोही पनि छाक टार्ने कुरामा ढुक्क छैन। गाउँबाट विस्थापित भएर सदरमुकाममा बस्नेहरुको संख्या पनि कम छैन। अहिले खासगरी त्यही समूह खाद्य संकटको चपेटामा परेको छ। कतिले जंगलबाट कन्दमूल, सिस्नो ल्याएर त्यही मात्र खाएर पनि ज्यान बचाएको पाइयो।

## साथमा

- राष्ट्रिय सुरक्षाका नाममा नागरिक सुरक्षा हननको सवाल - ११
- संकटकाल, निर्वाचनको घोषणा र स्थगन - १३
- आर्थिक अनुशासन र राज्यको दायित्व - २३
- मानवअधिकार उल्लंघनका तथ्य/तथ्यांक - २७
- प्राची-वार्ता - ३१

समिर नेपालको कविता र श्रीहर्षका मुक्तक
पुस्तक परिचय इन्टरनेटमा मानवअधिकार लगायत् विविध स्तम्भहरु



## हार्दिक विदाई तथा बधाई

लामो समयदेखि प्राची सम्पादनको जिम्मेवारी निर्वाह गर्दै आउनु भएका अग्रज पत्रकार अग्निशिखा र कार्यकारी सम्पादक आत्माराम शर्माले कार्यव्यस्तताका कारण यसै अंकदेखि प्राची सम्पादन कार्यबाट विदा लिनुभएको छ। उहाँहरुले प्राचीलाई यस स्थानसम्म ल्याउनका लागि गर्नुभएको योगदानप्रति हामी हार्दिक आभार व्यक्त गर्दछौं। भविष्यमा पनि उहाँहरुको निरन्तर सहयोग, सल्लाह र सुझाव पाइरहने छौं।

पत्रकार अग्निशिखा हालै छलफल सृजनशील पत्रकारिता पुरस्कारबाट सम्मानित हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दै उहाँको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

– इन्सेक परिवार

Digitized By : Bimal Chandra Sharma



लेन्समा समेटिएको मानवअधिकार

# पति वियोगको पीडा

०५८ फागुन १० गते चितवनको भण्डारामा काठमाण्डौबाट विरगञ्ज जाँदै गरेको रात्री बसमा माओवादीहरुले आगो लगाउँदा मारिएका शेख समसोद्धिनकी पत्नी पति-वियोगका कारण रुँदै-चिच्याउँदै क्षण-क्षणमा बेहोस भइरहेको अवस्थामा खिचिएको फोटो । मृतक समसोद्धिनले घर बनाइसकेर त्यसको साजसज्जाका लागि आवश्यक पर्ने रकम काठमाण्डौबाट लिएर फर्कदा चढेको बस भण्डारामा माओवादीहरुले आगो लगाएका थिए । उनकी २ वर्षीय एक छोरी छिन् । इन्सेटमा मृतक समसोद्धिनको फोटो ।

– विमलचन्द्र शर्मा

कार्टुन र मानवअधिकार

**देशमा विद्यमान हत्या, हिंसा र आतंकका कारण बम विस्फोटनलाई पनि सामान्य ठान्ने बाल मनस्थिति विकास भएको छ।**



१९ भदौ ०५९ को राजधानी दैनिकमा छापिएको कार्टुन

# संकटकाल पछिको संकट

०५९ असोज १८ गते श्री ५ महाराजाधिराजद्वारा प्रधानमन्त्री शेरबहादुर देउवा र उहाँको मन्त्रिमण्डललाई भंग गरियो। सम्पूर्ण कार्यकारी अधिकार आफैद्वारा ग्रहण गरेको घोषणा गरियो। निर्वाचनलाई अनिश्चित कालका लागि स्थगित गरिएको घोषणा सहित मन्त्रिपरिषद्मा सामेल गर्नका लागि स्वच्छ छवि भएका र निर्वाचनमा भाग नलिने व्यक्तिहरुको नाम सिफारिस गर्न सबै राजनीतिक दलहरुलाई अनुरोध गरियो। राजाको घोषणामा बहुदलीय प्रजातन्त्र र संवैधानिक राजतन्त्रप्रति स्पष्ट प्रतिबद्धता जनाइएको छ। प्रधानमन्त्रीलाई असक्षम भएका कारण पदमुक्त गरिएको भनिएको छ। र, आगामी सरकारले शान्ति सुरक्षा र स्वच्छ निर्वाचन सम्पन्न गर्ने कुरा उल्लेख गरिएको छ।

०५९ असोज १३ गते भएको सर्वदलीय सहमतिले माओवादीहरुको हिंसात्मक क्रियाकलापका कारण शान्तिपूर्ण निर्वाचन हुन नसक्ने ठहर गरेको थियो। प्रधानमन्त्रीले पहिले घोषित आम निर्वाचनको तिथि ०५९ कार्तिक २७ लाई १३ महिना पर सार्न राजालाई मिति ०५९ असोज १७ मा निवेदन गर्नु भएको थियो। त्यसको लगत्तै राजाद्वारा विभिन्न व्यक्तिहरुसँग परामर्श थालियो। र, मिति ०५९ असोज १८ मा यो घोषणा गरिएको छ।

हाम्रो संविधानले प्रधानमन्त्रीलाई बरखास्त गर्ने बारे भाग ७ को दफा ३६ को उपदफा ५ मा चार वटा आधार तय गरेको छ, राजिनामा दिएमा, प्रतिनिधिसभाका बहुमत सदस्यले अविश्वास प्रस्ताव पारित गरेमा, प्रतिनिधिसभा सदस्य नरहेमा र मृत्यु भएमा। त्यही उपदफा ७ अनुसार, अर्को मन्त्रिपरिषद् गठन नहुन्जेल मन्त्रिपरिषद्ले कार्य संचालन गरिरहने छ।

प्रधानमन्त्रीद्वारा मिति ०५९ जेठ ८ मा प्रतिनिधिसभा विघटन र नयाँ प्रतिनिधिसभाको निर्वाचनको लागि ०५९ कार्तिक २७ गतेलाई मिति तोक्दा संविधानको भाग ८ को दफा ५३ को उपदफा ४ अनुसार ६ महिनाको समय मागिएको थियो। संविधान अनुसार निर्वाचनको लागि अझै म्याद थप्न सक्ने प्रावधान छैन। अतः प्रधानमन्त्रीले संविधानको भाग २० (विविध) को दफा १२७ अन्तरगत निर्वाचनको तिथि सार्न राजालाई अनुरोध गर्नु भएको थियो। उक्त बाधा अड्काउ फुकाउने अधिकारको दफामा लेखिएको छ कि - "श्री ५ बाट यो संविधान कार्यान्वयित गर्न कुनै बाधा अड्काउ परेमा त्यस्तो बाधा अड्काउ फुकाउन आदेश जारी गरिबक्सने छ र यस्तो आदेश संसद समक्ष राखिने छ।"

प्रधानमन्त्रीको अनुरोध संसदको निर्वाचन कार्यान्वयन गर्न नभई रोक्नका लागि भएको र निर्वाचन सार्ने परम्परा प्रजातन्त्रको खिलाफ हुने छ भनी विभिन्न क्षेत्रबाट आलोचना भएको थियो। तर सत्य के हो भने माओवादीहरुद्वारा पछिल्लो चरणमा चर्काइएको निर्दयी हत्या र राजनीतिक व्यक्तिहरुको अपहरणको सिलसिलाका कारण राजनीतिक दलहरुले चुनावमा भाग लिने आँट गरेनन्।

श्री ५ द्वारा नेपालका राजाहरुद्वारा प्रयोग भई आएको राजकीय सत्ता र संविधानको धारा २७ को ३ अन्तरगत भनी यो कदम चालिएको छ। संविधानको भाग ५ श्री ५ को दफा २७ को ३ मा लेखिएको छ कि- "श्री ५ बाट नेपाली जनताको सर्वोत्तम हित र समन्नुतिको लागि यो संविधानको पालन र संरक्षण गरिबक्सने छ।"

नेपाल अधिराज्यको संविधानले प्रस्तावना मार्फत् नेपाली नागरिकको आधारभूत मानवअधिकार, स्वतन्त्रता र समानताको ग्यारेन्टी गरेको छ। व्यवस्थापिका, न्यायपालिका र कार्यपालिकाको स्वतन्त्रता र शक्ति पृथकीकरणलाई अरु प्रजातान्त्रिक देशहरु सरह स्वीकार गरेको छ। जनताका मौलिक हकहरु, संगठन, विचार, आवतजावत र प्रकाशनका अधिकार सुनिश्चित गरेको छ। नेपालले मानवअधिकार सम्बन्धी सबै ६ ठूला प्रतिज्ञापत्र लगायत मानवअधिकार सम्बन्धी १६ वटा घोषणाको अनुमोदन गरिसकेको छ।

यो बेलामा हामीले धेरैको बलिदान र तीन दशकको संघर्षबाट पाएको प्रजातन्त्रको सारलाई कसरी जीवित राख्न सक्छौं भन्ने कुरा ठूलो चिन्ताको विषय बनेको छ।

नेकपा (माओवादी) ले यो बेलामा आफ्नो संघर्षको कारण प्रजातन्त्र संकटमा परेको र जनताको भविष्य झनै अँध्यारो हुने खतरा बढेको कुरा स्वीकार्नु पर्छ र शान्ति प्रक्रियामा सामेल हुन पहल गर्नु पर्छ।

राजनीतिक दलहरुले भविष्यमा आफूबाट निजी स्वार्थ प्रेरित र भ्रष्ट काम कारवाही हुने छैन भनी प्रतिबद्धता प्रकट गर्नु पर्छ।

परिस्थिति निकै अप्ठ्यारो छ। संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको माध्यमबाट जनताको सबै गुनासोको समाधान गर्न सकिन्छ। त्यसका लागि संविधान संशोधन गर्न सकिन्छ। जनमत संग्रह वा अर्को कुनै उपयुक्त प्रजातान्त्रिक विकल्प खोज्न सकिन्छ। तर सारमा भन्दा, संविधानको भाग ४ द्वारा व्यवस्थित गरिएको राज्यका निर्देशक सिद्धान्तको दफा २४, २५ र २६ का २२ वटा बुँदालाई बिर्सनाले अहिलेको हिंसात्मक द्वन्द्वको परिस्थिति सिर्जना भएको हो।

नयाँ सरकारको संरचना हाम्रो नेपाल अधिराज्यको संविधानले परिकल्पना गरे अनुसारको बाटोलाई सुगम पार्नका लागि हुन सक्यो भने र सरकार र माओवादी बीच शान्तिका लागि सार्थक संवाद हुन सक्यो भने हामी यो समस्याबाट मुक्त हुने छौं।

हामी वाचा गर्छौं कि नेपाली जनताको सम्पूर्ण मानवअधिकार र संविधान प्रदत्त मौलिक अधिकारका विषयमा इन्सेकले पूर्ववत् आफ्ना प्रयासहरु जारी राख्ने छ।

र अन्त्यमा, विजयादशमी तथा दिपावली ०५९ ले हरेक नेपालीमा शान्ति स्थापनार्थ सचेत र संगठित रुपमा अगाडि बढ्ने प्रेरणा प्रदान गरोस्। हार्दिक मंगलमय शुभकामना। ■



## चेलीको सम्झना

**- समिर नेपाल**

पर्खेकी हौली भाइटिका मेरो निधारमा टाँस्नलाई
गाँसेकी हौली सयपत्री फूल गलामा भर्नलाई।

भाइटिका दिन सबैको घरमा भाईपूजा हुँदो हो
आएनन् माइती त्यो तिम्रो घर उजाड हुँदो हो
सल्लेको डाँडा त्यो सल्लाघारी चियाई हेर्दि हौ
रातमा बल्ने घरको बत्ती नियाली हेर्दि हौ।

भाइटिका दिन सबैको आँगन झिलिमिली हुँदो हो
सयपत्री फूल फुलाई चेली सम्झेर रुदिँ हौ।

रेडियो बज्दा आइपुगे भनी बाटोमा हेर्दी हौ
कुकुर भुक्दा घरबाट निस्की बाहिर हेर्दी हौ
नआउँदा माइती विरक्त मानी रोएर बस्दी हौ।

नरोउ चेली सुक्दैमा फूल यो टिका थालैमा
माइतीको माया हुँदैन टाढा विछोड हुँदैमा।



**- श्रीहर्ष**

## द्वन्द्व

म भित्रको अबोध बालक
कौतुहलवश,
ठूलाहरुको संसार हेर्न
जब चारै तिर नियाल्छ।
त्रास र घृणाले
उसको निर्दोष अनुहार
विकृत हुन थाल्छ।

## विभेद

वर्षौंदेखि सड्न गल्न थालेको,
इतिहासका पानाहरुको डंगुरमा
उभिएर,
केही मानिस ठूलो बनिरहन चाहन्छन्
फगत अरुलाई सानो बनाउन।

### आफ्नै इतिहास



...म्याक्सिम गोर्कीले कुनै ठाउँ भनेका छन्- 'आजभन्दा अढाई हजार वर्ष अगाडि जुन मुर्दाको दर्शनले सिद्धार्थलाई बुद्ध बनाएको थियो, त्यो मुर्दा के साँच्चै निर्जिव थियो ? त्यो मुर्दा थिएन, त्यो त कपिलवस्तुका हजारौं प्राणीहरूभन्दा सजीव थियो।' प्रकाश काफ्ले पनि भौतिक रुपमा निर्जिव हुनु भएको छ तथापि आफ्ना किर्तिहरूमा उहाँ हाँसिरहनु भएको हामी देख्नेछौं। हामीले केवल उहाँले छोडेर जानु भएका ज्यावलद्वारा उहाँले बाँकी राखिदिनु भएको रोडा फुटाउन थाल्नु पर्दछ। हामी उहाँका सहयोद्धाहरूले यतिखेर यही प्रण गर्नुपरेको छ।

(भदौ-असोज, ०४९, प्राची पुनः प्रकाशनको प्रथम अंकबाट)


## प्राचीको यो अंक कस्तो लाग्यो?

**हामीलाई सल्लाह, सुझाव**
**र**
**प्रतिक्रिया लेख्न**
**नबिर्सनुहोस् ।**

पत्राचारका लागि हाम्रो ठेगाना :
**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
पो.ब.नं. २७२६, काठमाण्डौ, नेपाल।
फोन : २७८७७०, फ्याक्स : २७०५५१

# आतंकित क्षेत्रमा शान्तिको पहल

०५२ सालमा माओवादीहरुले "जनयुद्ध" शुरु गरेयता महिला, बालबालिका र वृद्धहरु सर्वाधिक पीडित भएका छन्। राज्य र माओवादी बीचको भीडन्तमा पुरुषहरु संलग्न हुँदा सिंगो परिवारको बोझ महिलाहरुमाथि आइपर्छ। स्कूल, हेल्थपोष्ट र खानेपानी जस्ता आधारभूत सुविधा र संरचना नष्ट गरिँदा महिलाहरुको जीवन झनै कष्टकर बन्न जान्छ। गर्भवती, सुत्केरी अवस्थामा ज्यान जाने खतरा दोब्बर बढ्छ। नानीहरु स्कूल जान नपाउँदा दिनभरी चक्चक गर्छन् र फोहरमा खेल्दा बढी बिरामी हुन्छन्। गाउँमा प्राथमिक उपचार पनि नहुँदा बुढापाकालाई बोकेर सदरमुकामसम्म लैजानु पर्छ, जुन हिंसात्मक संघर्षको बेलामा असम्भव प्राय: हुन्छ। महिलाको लागि दिनचर्यामा सर्वाधिक महत्वपूर्ण चिज पानी हो। यस्ता धेरै गाउँहरु छन्, जहाँ महिलाहरु सखारै (झिसमिसे उज्यालोमा) पानी लिन हिँड्छन् र पानी लिएर फर्कँदा घण्टौ बितिसक्छ। गाई-वस्तु, भान्सा र सरसफाईका लागि पानी ओसार्ने क्रममा ग्रामीण महिलाहरुले आधा दिन भोकै श्रम गर्नुपर्छ। श्रमजीवी परिवारका महिलाहरुले सामान्यतया आठ घण्टा भान्साको काममा र त्यसको आधा समय पानीका लागि मात्र खर्च गर्नुपर्छ। पुरुष नहुनुको अर्थ नेपालको पुरातन मान्यताले ग्रस्त परिवारमा असुरक्षित हुनु मात्र होइन, मान्यता विहीन पनि हुनु हो। सम्पत्ति परिचालन, किनबेच मात्र होइन सरकारी बैंकहरुबाट ऋण लिन पनि पुरुषको सहमति आवश्यक पर्छ।

यस्तो दु:खद परिस्थितिको सर्वाधिक मार खप्नु पर्ने हुँदा शान्तिको कामना गर्ने र महत्व बुझ्ने कुरामा महिलाहरु बहुतै संवदेनशील छन्। हरेक क्षेत्रका हिंसा पीडित महिलाहरुले शान्तिको लागि प्रार्थना गर्ने गरेका छन्। इन्सेकले माथि वर्णन गरिएको अवस्था देशभरी नै पाएको छ। यो संवेदना सबै हिंसाग्रस्त क्षेत्रहरुमा समान रुपमा छ।

गाउँ बाहिरबाट केही परदेशी आउँदा पाहुनालाई ईश्वर ठानेर सत्कार गर्ने र सित्तै पाल्ने चलन छ। युगौंदेखि दासता र अपमानको जंजालमा परेकाहरुलाई मुक्ति र सम्मानपूर्ण जीवन सजिलै र झट्टै पाइहाल्ने एक मात्र तरिका हिंसात्मक क्रान्ति हो भन्ने कुरा उनीहरु बुझाउँछन्। प्रहरी, प्रशासन र राजनीतिमा दरिलो पकड भएका स्थानीय जमिन्दार नै सिंगै राज्य हो। र, त्यसको समाप्ती नै क्रान्ति हो भन्ने कुरा बताउँछन्। सुरुआत यसरी नै गरिन्छ।

तर, पछिल्ला चरणमा मन नपरेका जतिलाई "जन-विरोधी" र "सुराकी"को आरोप लगाइन्छ। कसैले पनि दोहोऱ्याएर प्रश्न गर्ने आँट नगरोस् भनेर दुर्दान्त तवरले घाइते पार्ने, साह्रै अमानवीय र कष्टकर तरिकाले मार्ने गरिन्छ। यही आतंकका कारण जनता "लेवी" बुझाउन बाध्य हुन्छन्। बदलाको भावना राख्नेहरु माओवादी वा

महासचिवको पातो



– सुबोधराज प्याकुरेल

सरकारी पंक्तिमा सामेल हुन्छन्। शुरुमा बाहिरबाट आएका माओवादीहरुले कुनै तथाकथित जन-विरोधी विरुद्ध हिंसात्मक प्रहार गर्छन् र भाग्छन्। आतंकित जनताले त्यसपछि छानबिन र केरकारको क्रममा प्रहरीबाट चरम यातना खेप्नु पर्छ। प्रहरी र सुरक्षा निकाय गाउँमा आउँदैछ भन्ने खबर मात्र सुन्नासाथ गाउँलेहरु भाग्न थाल्छन्। कानुनी दाउपेच र न्यायिक अधिकारबारे थाहा नपाएकाहरुका लागि उनीहरुको नजरमा कुनै सहारा देखा पर्दैन र बाध्य भएर पनि विद्रोहीको हुलमा सामेल हुन पुग्छन्। एक पटक विद्रोहीको हुलमा सामेल हुनुको अर्थ मारिनु वा मार्नु मात्र हो। भाग्यो भने माओवादीले मार्छन्। पक्राउ पर्दा सुरक्षा फौजले मार्छ। सीमाना पारी भाग्ने कोशिस पनि सफल नहुन सक्छ। किनकी बाटोभरी सुरक्षा फौज र विद्रोहीको जाल हुन्छ।

चारैतिरबाट शान्ति भंग भइरहेको यस्तो अवस्थामा शान्तिको लागि दृढतापूर्वक काम गर्नु झनै जरुरी भएको छ। जनताको केन्द्र भाग गाउँमा छ। त्यहाँका मानिसलाई शान्तिको महत्व र मर्म सबभन्दा बढी थाहा छ। त्यहाँबाट शान्तिको अभियानको थालनी गर्नुपर्छ र यसो गर्न सकिन्छ। अर्थात्, केन्द्र भागका जनताको सशक्तीकरण गरेर तथा उनीहरुमा आत्मविश्वास जगाएर शान्तिको लागि काम गर्न सकिन्छ। थोर-थोर बाहिरी सहयोग पुऱ्याउन सकियो भने अशान्तिको नोक्सानी बेहोरिरहेका पीडितहरुले आफै अगुवाई गर्नेछन्। उनीहरुमा आफ्नो जीवन आफ्नै तरिकाले बाहिरी हस्तक्षेप बेगर चलाउन सकिन्छ भन्ने विश्वास जगाउनु जरुरी छ। यस्तो प्रयासमा इन्सेक विगत १० महिनादेखि निरन्तर लागिरहेको छ। यो जोखिमपूर्ण कामको क्रममा हामीले थाहा पायौं- जनता जस्तोसुकै अप्ठ्यारोमा पनि सत्य बुझ्न र आफै पहल गर्न तयार छ। जीवनका लागि यो बाहेक अरु उपाय पनि छैन।

बर्बाद भएको समयको भर्पाइका लागि जनताको पहलकदमीमा सरकारले साथ दियो भने तथा शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवा क्षेत्रका कर्मीहरुले आफ्नो कर्तव्य पूरा गर्न अतिरिक्त मेहनत गरिदिए भने र नागरिक समाजले जनताको संचेतना बढाउने काममा सहजकरण गर्दै, ध्वस्त गरिएका संरचनाको मर्मत सम्भारमा हात बढाए भने शान्तिको समग्र अभियान सञ्चालन गर्न सकिन्छ।

शान्तिकर्मीहरुले यो जिम्मेवारी लिनै पर्छ। विद्रोहीहरुले पनि जनताको क्षमता र सुविधाको विषयलाई नकार्न मिल्दैन। राज्य विरुद्ध वा राज्यको पक्षमा लड्नेहरु लडी रहून्। तर, उनीहरुले जनताको अधिकार र शान्तिलाई कुल्चन मिल्दैन, जनताको आत्मसम्मान र स्वायत्तताको नाश गर्न मिल्दैन। बरु दुवै पक्षले जनतालाई सघाउन बाध्य हुनुपर्ने छ। किनकि दुवै युद्धरत पक्ष जनताकै भलाइको नाममा हिंसारत छन्।

केही गाउँ समूहका पीडित परिवारका महिलाहरुले धेरै दिनको छलफलपछि पीडित महिला मञ्चको गठन गरे जसले मूल नारा र अरु अनुरोधलाई यसरी सूत्रबद्ध गऱ्यो :-

- हाम्रो गाउँको शान्ति हामी आफै बहाल गर्छौं - परचक्री हो, कृपया बाधा नहाल।
- हाम्रो स्कूल नबिगार - हाम्रा नानीलाई पनि शिक्षित बन्नु छ।
- हाम्रो हेल्थपोष्ट नभत्काऊ - हामीलाई उपचारको खाँचो छ।
- हाम्रो खानेपानी नरोक - हामीलाई साह्रै अप्ठ्यारो छ।

झण्डै एक वर्षदेखि रोकिएको कक्षाको पढाई चार-पाँच महिनामा पुरताल हुने गरी द्रुत कक्षा सञ्चालन गर्न शिक्षकहरु तयार छन्। स्वास्थ्यकर्मीहरु बिरामीको उपचार गर्न तयार छन्। प्राविधिकहरु खानेपानी सुचारु गरिदिन चाहन्छन्। कस-कसको के-के भूमिका हुन सक्छ, यस्ता सहयोगीहरुलाई परिचालन गर्न ?

- सरकारले परीक्षा लिइदिनु पर्छ।
- सुरक्षा निकायले औषधी र सामग्रीको आपूर्तिमा रोक लगाउनु हुन्न।
- जनताले श्रमदान गर्नुपर्छ। सुरक्षाकर्मी र प्रशासनले उपकरण र सामग्रीमा रोक लगाउनु हुन्न।
- विद्रोही र सुरक्षा निकाय दुवैले जनताका आधारभूत सुविधाको सम्मान गर्नुपर्छ। तिनका विरुद्ध जाई लाग्न हुन्न।
- मानवअधिकार समुदायले जनताको आधारभूत हक अधिकारको बारेमा संचेतना र संगठनको काममा मद्दत गर्नुपर्छ।
- दाता समुदायले सामान्य सम्भार र सञ्चालनको काममा सहयोग गर्नुपर्छ।
- सञ्चार क्षेत्रले जनताको पहल र सफलताको प्रचार गर्नुपर्छ।

चुनौतीहरु• यथेष्ट छन्। एक-आध असफलता पनि हात लाग्न सक्छ। युद्धरत कुनै पक्षले असल नियतलाई गलत रुपमा बुझ्न या व्याख्या गर्न सक्छ। तर, एउटा सानो सफलताले पनि ठूलो सम्भावनाको ढोका खोलिदिन सक्छ। तसर्थ- यो अनुभवलाई व्यवहारमा रुपान्तरण गर्ने जोखिम उठाउनु जरुरी छ, अत्यन्त जरुरी। ■

# शाही कदमप्रतिको असहमति



– बिन्देसर मण्डल

श्री ५ ज्ञानेन्द्रद्वारा निर्वाचित सरकारलाई भंग गरी कार्यकारिणी अधिकार आफूमा ग्रहण गरिएको चार दिनपछि राजधानीको सडकमा असहमतिका हज्जारौं हातहरु उठे। नेकपा (एमाले) का छ वटा जनवर्गीय संगठनहरुको सहभागिता रहेको उक्त र्‍यालीमा परिचित वरिष्ठ नेताहरुको सहभागिता थिएन। एमाले महासचिव माधवकुमार नेपालले त्यही दिन दिउँसो एउटा कार्यक्रममा "हामी भीडन्त होइन समझदारी चाहन्छौं" भन्नु भएको थियो। संविधान अनुकूल नचालिएको शाही कदमपछिका समयमा फेरि पनि भीडन्तको राजनीति निम्त्याइए बहुदलवादीहरु सडकमा ओर्लन सक्छन् भन्ने जनाउ असोज २२ गतेको र्‍यालीले दिएको छ। शाही कदमप्रति गगनभेदी आवाजमा असहमति जनाउने क्रम छिटफूट रुपमा असोज १९ गते देखि नै शुरु भएको थियो।

नयाँ सरकार बनाउने विषयमा राजनीतिक पार्टीहरु र राजावीचको विवाद खुलेर बाहिर आएको छ। वहुदलीय व्यवस्थाका विरोधीहरु यतिखेर आफ्नो मनसुवा पूरा हुन्छ कि भनी राजालाई पनि अत्यन्त गलत सल्लाह दिन अग्रसर भइरहेका छन्।

तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाद्वारा प्रतिनिधि सभा विघटन गरी अर्को चुनावका सम्बन्धमा अन्यौल श्रृजना गरिएको बेला देशको जटिल राजनीतिक अवस्थाको सुझबुझ र समझदारीपूर्ण रुपमा अन्त्य गर्ने पहल गरिनुपर्थ्यो। तर त्यसको साटो भीडन्त निम्त्याउन सक्ने खालको कदम चालियो। यस्तो अवस्थामा स्थायी शान्तिको मार्ग प्रशस्त होला भन्ने ठाउँ छैन। यस्तै अवस्था रही रह्यो भने थप राजनीतिक अन्यौलको दिशातर्फ उन्मुख हुने छौं। छयालीस सालको जनआन्दोलनका उपलब्धिहरुको रक्षा गर्न चाहने पार्टीहरुको सहमतिमा राजनीतक पहल अघि वढाइएन भने मुलुकमा सबैको अहित हुने वातावरण श्रृजना हुने देखिदैछ।

निश्चय पनि शाही कदमले हाम्रा राजनेताहरुलाई गतिलो पाठ पढाएको छ। संसदीय व्यवस्थाको रक्षाका निम्ति अब उनीहरुले फेरि त्याग र संघर्षका पुराना गाथालाई व्यवहारमा रुपान्तरण गर्न सक्नु पर्दछ। नेपालको वहुदलीय व्यवस्था अझै शिशु नै रहेछ र यसमाथिको संकटको अन्त्य भइसकेको रहेनछ। हाम्रा राजनीतिकर्मीहरुले धेरै बिग्रिएपछि मात्र यस्तो पाठ सिकेका छन। अब उनीहरुले गन्हाएकाहरुलाई परित्याग गरी जनताको अधिकारका निम्ति अघि बढ्न जनताकै काखमा जानु पर्छ। वितेको बाह्र वर्षमा हाम्रा केही सत्तासीनहरुले आफूलाई भ्रष्टाचारको आहालमा डुबाए। मूलत: सत्तासीन पार्टीको झण्डामुनि रहेर उनीहरुले वहुदलवादीको वदनाम नै गरे। आज यति जटिल अवस्था उत्पन्न भएको छ- छयालीस सालको

जनआन्दोलनका शक्तिहरुले महत्वपूर्ण पाठ सिकेका छन्।

हाम्रा कतिपय बहुदलवादी पार्टीहरुले ठानेका थिए-उनीहरुको जुनसुकै अपराध पनि प्रजातन्त्रको चर्को नाराका बीच ओभेलमा पर्नेछ। मौका पाउने बित्तिक्कै बहुदलवादीहरुको घाँटीमा प्रहार गर्न प्रतिगमनका पक्षपातीहरु तम्तयार भएर रहेका छन भन्ने बिगत बाह्र वर्षमा विरलै सम्भिए। उनीहरुले यसबीच आफूलाई नयाँ शासक वर्गमा रुपान्तर गर्न खोजेर जनताबाट समेत टाढा भए।

बहुदलीय नेपालमा सांसदहरुको किनबेच र अपहरण जस्ता विकृतिहरु समेत भित्र्याइए। चुनावमा पैसा र शक्तिको समेत प्रयोग पञ्चायतकालमा भै भए। बाह्र वर्षमा यस्ता यावत विकृति र विसंगतिहरु भित्र्याउने कुरामा नेपाली कांग्रेसले अन्य पार्टीहरुलाई धेरै पछाडि धकेल्यो।

नेताहरुको गलत कामकारवाही र अनैतिक कृयाकलापहरुबाट जनता अवश्य आक्रोशित छन्। तर आम जनता यो वहुदलीय व्यवस्थाको उत्तिकै माया पनि गर्दछन्। जनताले निरंकुश पञ्चायतका कालरात्रीहरु विर्सिएका छैनन। उनीहरु विकृति र विसंगतिहरुको अन्त्य अवश्य चाहन्छन्। तर आफूलाई सार्वभौमसत्ता सम्पन्न तुल्याउने ०४७ सालको संविधानको रक्षाका निम्ति अनवरत र सम्भौताहिन संघर्ष गर्न तत्पर छन्।

असोज १८ गतेको शाही घोषणापछि हाम्रा राजनीतिकर्मीहरुको होश भने खुलेको छ। वहुदलीय व्यवस्थालाई जनताको जीवनस्तरमा उन्नती गराउने व्यवस्थाका रुपमा विकसित गर्न चाहने राजनीतिकर्मीहरुले जनताको माया पाएका छन। जनता वहुदलीय व्यवस्थाप्रति प्रतिबद्ध छन्। तर वहुदलीय व्यवस्थाको संकट बाह्र वर्षमै समाप्त भएको ठानिनु हुँदैन थियो। सबभन्दा

# श्री ५ बाट बक्सेको शाही घोषणा

*प्यारा देशवासीहरू,*

नेपाल र नेपालीको बृहत्तर हित नै हाम्रो लक्ष्य हो। नेपालको राजसंस्था सदा लोक सम्मतिबाट सञ्चालित भएको इतिहास साक्षी छ। प्रजातन्त्रप्रतिको हाम्रो प्रतिबद्धता हामीले बारम्बार दोहोऱ्याई आएका छौं। हामी यसका आदर्शबाट सदा अनुप्राणित रहिरहने कुरा देशवासीलाई आश्वस्त गराउन चाहन्छौं।

नेपाली जनताको सर्वोत्तम हित र समुन्नतिका लागि सदा समर्पित रहने शाहवंशीय परम्पराअनुसार विक्रम सम्बत् २०४६ सालमा जनचाहनाअनुरूप देशमा प्रजातान्त्रिक बहुदलीय व्यवस्था पुनर्स्थापना भएको सबैमा विदितै छ। यस व्यवस्थाको १२ वर्षको अवधिमा प्रजातन्त्रको सुदृढीकरणका लागि विभिन्न राजनीतिक प्रयोगहरू हुँदै आएको कुरा सबैका सामु छर्लंगै छ। यसै क्रममा प्रधानमन्त्रीको सिफारिसमा हामीबाट गत जेठ ८ गते प्रतिनिधिसभा विघटन गरिबक्सी आगामी कात्तिक २७ गते नयाँ प्रतिनिधिसभाका लागि निर्वाचन गर्ने मिति तोकिबक्सेका थियौं। निर्वाचन सम्पन्न गराउने अभिभारा बोकेको प्रधानमन्त्रीले विद्यमान विषम परिस्थितिलाई दृष्टिगत गर्दा तोकिएको मितिमा नयाँ प्रतिनिधिसभाका लागि निर्वाचन हुनसक्ने अवस्था नदेखिएबाट संविधानको धारा ५३ को उपधारा (४) को कार्यान्वयन गर्नमा बाधा-अड्काउ परेको हुँदा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२७ बमोजिम बाधा-अड्काउ फुकाउन हाम्रा हजुरमा जाहेर गरेबाट संवैधानिक गतिरोध वा रिक्तताको असहज अवस्था देखापरेको छ।

राष्ट्रियता, राष्ट्रिय एकता र सार्वभौमिकता बचाउन, देशमा शान्तिसुरक्षा कायम राख्न, देशलाई कुनै कारणबाट पनि बिग्रँदो स्थितिबाट बचाउने जिम्मेवारी पनि हामीमा भएकाले हामीबाट प्रयोग भइआएको राजकीय सत्ताको प्रयोग गरिबक्सी नेपाल अधिराज्यको संविधान, २०४७ को मर्म र भावनाअनुरूप संविधानको धारा २७ को उपधारा (३) लाई समेत विचार गरी संविधानबमोजिम निर्वाचन समयमै सम्पन्न गर्न असक्षम प्रधानमन्त्री शेरबहादुर देउवालाई पद मुक्त गरी मन्त्रिपरिषद् विघटन गर्न र आगामी कात्तिक २७ गते प्रतिनिधिसभाका लागि हुने निर्वाचनसमेत स्थगित गर्नुपर्ने परिस्थिति आइपरेको छ। तसर्थ नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२७ बमोजिम देहायका आदेशहरू जारी गरिबक्सेका छौं।

निर्धारित समयमा निर्वाचन सम्पन्न गर्न असक्षम प्रधानमन्त्री शेरबहादुर देउवालाई आज २०५९ साल असोज १८ गतेदेखि पदमुक्त



गरिबक्सी मन्त्रिपरिषद् विघटन गरिबक्सेका छौं। प्रतिनिधिसभाका लागि आगामी कात्तिक २७ गते हुने निर्वाचन स्थगित गरिबक्सेका छौं। अर्को व्यवस्था गर्न केही समय लाग्ने हुँदा सो व्यवस्था नभएसम्म नेपाल अधिराज्यको कार्यकारिणी अधिकार हामीमा निहित राखी मुलुकको शासनभार हामीबाटै स्वयं ग्रहण गरिबक्सेका छौं। नयाँ मन्त्रिपरिषद् गठन गर्नका लागि पाँच दिनभित्र स्वच्छ छवि भएका तथा आमनिर्वाचनमा उम्मेदवार नहुने व्यक्तिहरूको नामहरू सुझाव गरी पठाई राजनीतिक दलहरूबाट सहयोग हुनेछ भन्ने विश्वास हामीबाट लिइबक्सेका छौं।

संवैधानिक राजतन्त्र तथा बहुदलीय प्रजातन्त्रप्रतिको प्रतिबद्धता एवं निष्ठामा हामी आँच आउन दिनेछैनौं। अब बन्ने सरकारले यथाशीघ्र शान्तिसुरक्षाको व्यवस्था मिलाई निर्वाचन सम्पन्न गराउनेछ। यस व्यवस्थाबाट जंगी, निजामती र कुनै पनि राष्ट्रसेवकले आफू जिम्मेवारी, काम र कर्तव्यबाट विचलित हुन वा अल्मलिनुपर्दैन र सबैले आ-आफ्ना स्थानबाट आ-आफ्नो कर्तव्य पालन गर्नेछन् र साथै सबै देशवासीहरूको सदिच्छा नै देशमा सबै कुराको सुव्यवस्था हुनेछ भन्ने हामीबाट पूर्णविश्वास लिएका छौं।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून्।

जय नेपाल

पहिले अरुले औंला ठड्याउन नपाओस् भन्ने हो भने आफैं सचेत हुनु पर्छ। वहुदलवादीहरु खुला हृदयका साथ आमजनता समक्ष प्रस्तुत हुनु पर्छ। जनता ठूलो संघर्षको परिणामस्वरुप प्राप्त भएको सार्वभौमसत्ताको अधिकारको रक्षा गर्न अग्रसर हुनका निम्ति उनीहरुको आव्हानको प्रतिक्षा गरिरहेका छन्।

व्यक्तिको अपराध, असक्षमता वा अनैतिकताको भार वहुदलीय व्यवस्थामाथि थोपरिनु हुँदैन। वहुदलीय व्यवस्थाको विकल्प वहुदलीय व्यवस्था मात्र हुन सक्दछ। वहुदलीय प्रजातन्त्रका अभावमा मानवअधिकार र सामाजिक न्यायको कल्पना गर्न सकिदैन। त्यसैले नेपालका मानवअधिकारकर्मीहरु पनि वहुदलीय व्यवस्थासहित छयालीस सालको जनआन्दोलनका तमाम उपलब्धी र ०४७ सालको संविधानको रक्षाका निम्ति अर्को जनआन्दोलनमा सहभागी हुन पनि तयार छन्।

## संकटकाल घोषणा भएयताका प्रमुख घटनाक्रम

- ०५८ मंसिर ११ गते मन्त्रिपरिषद्को सिफारिसमा श्री ५ बाट "आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश २०५८" जारी।
- ०५८ मंसिर ११ गते मन्त्रिपरिषद्को सिफारिसमा श्री ५ बाट अधिराज्यभर संकटकालको घोषणा।
- ०५८ माघ २८ गते संकटकाल अनुमोदन गर्न र थप ३ महिना बढाउनका लागि सरकारद्वारा प्रतिनिधि सभामा प्रस्ताव दर्ता।
- ०५८ फागुन ९ गते प्रतिनिधि सभाद्वारा संकटकालको अनुमोदन गर्दै थप ३ महिनाका लागि लागू। जसको पक्षमा १९४ र विपक्षमा ७ मत परेको।
- ०५८ चैत २२ गते संसद्द्वारा "आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश २०५८" पारित।
- ०५९ जेठ १ गते प्रधानमन्त्री शेरबहादुर देउवाद्वारा ६ महिनाभित्र आफ्नो संकटकाल अन्त गराउने धारणा व्यक्त। प्रधानमन्त्री देउवा संयुक्त राष्ट्रसंघीय मानवअधिकार सम्बन्धी विशेष सम्मेलनमा भाग लिने सिलसिलामा अमेरिका र बेलायतको भ्रमण पूरा गरी स्वदेश फर्केपछि 'संकटकाल लम्ब्याउन आवश्यक नभएको' कुरा पत्रकारहरूसमक्ष बताउनुभएको।
- ०५९ जेठ ३ गते सरकारद्वारा जेठ ६ गतेदेखि संसद्को २० औं अधिवेशन आह्वान गर्नुका साथै संकटकाल अनुमोदनको प्रस्ताव संसद सचिवालयमा दर्ता गरिएको।
- ०५९ जेठ ३ गते सर्वदलीय बैठकद्वारा प्रधानमन्त्रीले पुनः संकटकाल लगाउने प्रस्ताव संसद सचिवालयमा दर्ता गरिएको विषयमा विरोध।
- ०५९ जेठ ४ गते श्री ५ को सरकारका प्रवक्ता, सूचना तथा संचार मन्त्री जयप्रकाशप्रसाद गुप्ताद्वारा सरकारले विगत ६ महिनामा सुरक्षा कारवाहीका क्रममा महत्वपूर्ण उपलब्धी हासिल गरेको, माओवादीका धेरै आधारक्षेत्र ध्वस्त बनाएको र केन्द्रीय नेताको बारेमा धेरै सूचना प्राप्त गरेकाले अब संकटकाल थप गरेको समयमा माओवादीका केन्द्रीय नेता समातिने र केहीलाई तत्काल पक्राउ गर्ने तहमा पुगिसकेको दाबी।
- ०५९ जेठ ६ गते नेकाका सभापति गिरिजाप्रसाद कोइरालाद्वारा प्रधानमन्त्री शेरबहादुर देउवालाई संकटकाल अनुमोदन प्रस्ताव फिर्ता लिन वा आफ्नो पदबाट राजीनामा गर्न निर्देशन। देउवाद्वारा आफूले संकटकाल आफ्नो स्वार्थका लागि अनुमोदन गर्न नचाहेको र केवल माओवादी विरुद्ध लडिरहेको सुरक्षा निकायको मनोबल बढाउन मात्र संकटकाल अनुमोदन चाहेको धारणा व्यक्त।
- ०५९ जेठ ८ गते राति प्रधानमन्त्रीको सिफारिसमा श्री ५ बाट नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५३ को उपधारा (४) बमोजिम ०५९ कार्तिक २८ गते नयाँ प्रतिनिधि सभा गठनका लागि निर्वाचन गराउने गरी प्रतिनिधि सभा विघटन।
- ०५९ जेठ १३ गते प्रधानमन्त्रीको सिफारिसमा श्री ५ बाट अधिराज्यभर लागू हुनेगरी पुनः संकटकालीन अवस्थाको आदेश जारी।
- ०५९ जेठ २३ गते राष्ट्रिय मानवअधिकार आयोगद्वारा सरकारद्वारा निर्वाचन घोषणापछि संकटकाल लागू गरिएकोमा विरोध।
- ०५९ असार ३१ गते बसेको मन्त्रिपरिषद्को बैठकद्वारा स्थानीय निकायका पदावधि थप नगर्ने निर्णय गरी स्थानीय विकास अधिकारी (LDO) को अध्यक्षतामा सञ्चालक समिति गठन। ५ वर्षअघि निर्वाचित स्थानीय निकाय विघटित, जसबाट ३ हजार ९ सय १३ गाउँ विकास समिति, ५८ नगरपालिका र ७५ जिल्ला विकास समिति जनप्रतिनिधिविहीन भएको।
- ०५९ साउन १० गते निर्वाचन आयोगद्वारा ६ चरणको निर्वाचन कार्यक्रम घोषणा। कार्तिक २५ गतेबाट शुरु हुने निर्वाचन पुस २६ गतेसम्म हुने कार्यक्रम रहेको घोषणा गरिएको।
- ०५९ भदौ १३ गते संकटकालीन अवधि समाप्त।
- ०५९ असोज १३ गते प्रधानमन्त्री निवास बालुवाटारमा प्रधानमन्त्री देउवाको अध्यक्षतामा बसेको सर्वदलीय बैठकद्वारा मुलुकमा विद्यमान जटिल परिस्थितिलाई मध्यनजर गर्दै ०५९ कार्तिक २५ गते प्रतिनिधि सभाको निर्वाचन गर्न सम्भव नदेखिएकाले विभिन्न राजनीतिक दलहरूबाट व्यक्त विकल्पहरूलाई समेत ध्यानमा राखी संविधानसम्मत हुने उपयुक्त विकल्प खोज्न प्रधानमन्त्रीलाई सिफारिस।
- ०५९ असोज १७ गते प्रधानमन्त्री शेरबहादुर देउवाद्वारा मन्त्रिपरिषद्को निर्णयसहित मुलुक विषम परिस्थितिमा रहेका र तोकिएको मितिमा प्रतिनिधि सभाको निर्वाचन हुन नसक्ने अवस्था देखिएकोले नेपाल अधिराज्यको संविधान २०४७ को धारा १२७ प्रयोग गरी कार्तिक २५ मा निर्धारित निर्वाचन ०६० मंसिर ३ मा सार्न श्री ५ समक्ष निवेदन।
- ०५९ असोज १७ गतेदेखि श्री ५ बाट पूर्वप्रधानमन्त्रीहरू, राजनीतिक पार्टीका नेताहरू, सभामुख, निर्वाचन आयोगका प्रमुख आयुक्त, सुरक्षा निकायका प्रमुखहरू, चीन र अमेरिका लगायत केही राजदूत तथा सञ्चारकर्मीहरूसँग परामर्श।
- ०५९ असोज १८ गते श्री ५ द्वारा प्रधानमन्त्री शेरबहादुर देउवालाई पदमुक्त र उहाँको मन्त्रिमण्डल विघटन गरी अर्को व्यवस्था नभएसम्मका लागि कार्यकारिणी अधिकार स्वयम्ले ग्रहण गरेको घोषणा। ५ दिनभित्र नयाँ मन्त्रिमण्डल गठन गरिने घोषणा।
- ०५९ असोज १९ गते देशका राजनीतिक पार्टीहरूका बैठक। विभिन्न प्रतिक्रिया व्यक्त। नेका, नेकां (प्रजातान्त्रिक), नेकपा (एमाले) लगायतका दलहरूद्वारा श्री ५ को कदम संवैधानिक राजतन्त्र र प्रजातन्त्र कमजोर पार्ने कदम भएको ठहर।
- ०५९ असोज २० गते श्री ५ बाट मुलुकका प्रमुख राजनीतिक दलहरूका शीर्षस्थ नेताहरूलाई छुट्टाछुट्टै दर्शनभेट बक्सी भावी सरकारको गठन र मुलुकको समसामयिक परिस्थितिका बारेमा परामर्श।
- ०५९ असोज २१ गते विभिन्न प्रमुख ५ राजनीतिक पार्टीको बैठकले विघटित प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरूको परामर्श र सहभागिताको आधारमा मात्र विद्यमान जटिल परिस्थितिको निकास खोज्न श्री ५ समक्ष आग्रह गर्ने र त्यसका लागि सामूहिक भेट गर्ने निष्कर्ष निकालेको।
- ०५९ असोज २२ गते ५ राजनीतिक दलका नेताहरूद्वारा श्री ५ सँग भेट गर्ने प्रयत्न विफल।
- ०५९ असोज २२ गते बेलुका ५ वटा राजनीतिक दलले राजदरबारमा असोज २१ गते सम्पन्न सर्वदलीय बैठकका निर्णय सहितको पत्र दर्ता।

ईन्सेक insec insec

मिति : ०५९/६/२१

**प्रेस विज्ञप्ति**

श्री ५ महाराजाधिराजबाट ०५९ असोज १८ गते राति शाही सम्बोधनमार्फत् शेरबहादुर देउवाको प्रधानमन्त्रित्वमा रहेको सरकारलाई भंग गरी देशको सम्पूर्ण कार्यकारिणी अधिकार आफूमा निहित गरेको घोषणा र त्यसपछि विकसित भएको घटनाक्रमप्रति हामी गम्भीर भएका छौं।

यो परिस्थिति उत्पन्न हुनुमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको नेतृत्वमा रहेको सरकारले पछिल्लो समयमा राज्यसत्ता र संविधानलाई आफ्नो अनुकूल प्रयोग गर्नतर्फ मात्र केन्द्रित रहनु एक प्रमुख कारकतत्व रहयो, जुन कुरा देश र जनताका लागि दुर्भाग्यपूर्ण सावित भयो। ०५९ जेठ ८ गते प्रतिनिधि सभा विघटन गरी नयाँ प्रतिनिधि सभाका लागि ०५९ कार्तिक २७ गतेको मिति सिफारिश गरिसकेको भए पनि निर्धारित मितिमा निर्वाचन गराउन सक्दिन भन्दै सबै राजनीतिक दलहरू मिली ०६० मंसिर ३ गतेको लागि निर्वाचनको मिति तोक्नु असंवैधानिक कदम भएको हाम्रो ठहर छ। सोही सिफारिशलाई आधार बनाई श्री ५ बाट जननिर्वाचित प्रधानमन्त्रीलाई पदमुक्त गर्नु र देशको कार्यकारिणी अधिकार श्री ५ मा निहित गर्नु नेपाल अधिराज्यको संविधान २०४७ र संवैधानिक राजतन्त्रको मान्यता अनुकूल नभएको हाम्रो धारणा छ।

शाही घोषणामा श्री ५ बाट बहुदलीय प्रजातन्त्र र संवैधानिक राजतन्त्रप्रति व्यक्त गरिएको प्रतिबद्धताको हामी स्वागत गर्दछौं। सो अनुरुप व्यवहारिक प्रयोग होस् भन्ने आम जनताको चाहना हो।

०४६ सालको जनआन्दोलनबाट जनताले पाएको प्रजातन्त्रलाई सुदृढ, फराकिलो र लोककल्याणकारी बनाउनु पर्नेमा, राज्य संचालकहरूसंगको रिसमा व्यवस्था नै मास्ने हिंसात्मक क्रियाकलापमा लागेका माओवादीहरूले पनि यो बिग्रिएको परिस्थितिको जिम्मेवारी लिनु पर्छ।

इतिहासबाट पाठ सिक्दै राजनीतिक प्रतिबद्धतासहितको राष्ट्रिय सहमति आजको आवश्यकता देखिन आएको छ। श्री ५ को आग्रह अनुसार स्वच्छ सरकारद्वारा शिघ्र निर्वाचन सम्पन्न गरी माओवादीद्वारा श्रृजित समस्याको शान्तिपूर्ण, प्रजातान्त्रिक एवं संवैधानिक निकासका लागि उदारतापूर्वक पहलकदमी गर्नका लागि सम्बन्धित सबै पक्षसंग हार्दिक अपिल गर्दछौं।

सुबोधराज प्याकुरेल
महासचिव

मानवअधिकार र सामाजिक न्यायका निमित्त
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
[illegible]
[illegible]
e-mail: insec@wlink.com.np
Web site: www.insec-nepal.com

# राजनीतिक पार्टीहरूको प्रतिक्रिया *

## नेपाली कांग्रेस (प्रजातान्त्रिक)

नेपाली कांग्रेस (प्रजातान्त्रिक) केन्द्रीय कार्य समितिको बैठक पार्टी सभापति शेरबहादुर देउवाको सभापतित्वमा पार्टी कार्यालय नयाँ बानेश्वर बस्यो । मुलुकको वर्तमान विषम परिस्थितिको मूल्यांकन गरी ०५९ असोज १३ गते प्रधानमन्त्री निवास बालुवाटारमा बसेको सर्वदलीय बैठकले ०५९ कार्तिक २७ गते तोकिएको मितिमा निर्वाचन हुन सक्दैन भन्ने सर्वसम्मत निर्णय सहित उपयुक्त संवैधानिक निकास खोज्न सम्माननीय प्रधानमन्त्रीलाई दिएको सुझाव बमोजिम प्रधानमन्त्रीले संविधानसम्मत तरिकाले उक्त निर्वाचनलाई ०६० मंसिर ३ गते सम्पन्न गर्ने गरी गरेको सिफारिसको कार्यलाई श्री ५ महाराजाधिराज सरकारबाट आदेश जारी गरिबक्सी जननिर्वाचित प्रधानमन्त्रीलाई असक्षम भनी पदमुक्त गरिनु असंवैधानिक र अप्रजातान्त्रिक कदम भएको ठहर बैठकले गरेको छ । साथै यस परिस्थितिमा पार्टीका देशभरका तमाम नेता र कार्यकर्ता, प्रजातन्त्र प्रेमी सम्पूर्ण दाजुभाई तथा दिदी बहिनीहरुलाई संगठित भई धैर्य र संयम रहन हार्दिक अपिल गर्दछ ।

**– होमनाथ दाहाल, प्रवक्ता**

## नेपाल कम्युनिष्ट पार्टी (एमाले)

नेकपा (एमाले) केन्द्रीय कमिटीको ३१ औं बैठकले १८ गते भएको शाही घोषणालाई ०४६ सालको जनआन्दोलनको भावनाविरुद्ध तथा नेपाल अधिराज्यको संविधान, ०४७ विपरीत रहेको ठहऱ्याएको छ । राजकीय सत्ता र सार्वभौम अधिकार नेपाली जनतामा निहित रहेको संवैधानिक यथार्थलाई सबैले स्वीकार्नु पर्ने कुरामा केन्द्रीय कमिटीको बैठकले जोड दिएको छ । राजाबाट भएको शाही घोषणाले राजाप्रति राजनीतिक दलहरु एवम् जनतामा अविश्वास तथा आशंका बढाएको छ । यस्तो स्थितिलाई समाप्त पार्न शाही घोषणाबाट हुन गएका त्रुटीलाई सच्याउँदै संसदभित्र रहेका दलहरुसँगको सल्लाह र सहमति सहित संविधान अनुरुप भावी कदमहरु चालिनु पर्ने कुरामा केन्द्रीय कमिटीको बैठकले विशेष जोड दिएको छ । नेकपा (एमाले)ले विगतदेखि नै भ्रष्टाचार विरुद्ध आवाज उठाउँदै आएको सन्दर्भमा केही समय अघिदेखि अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा भ्रष्टाचार विरुद्ध शुरु गरिएको कारबाहीलाई बैठकले स्वागत गरेको छ ।

पार्टीहरुका राजनीतिक गतिविधिलाई दुरुत्साहित गर्ने कुनै पनि दुष्प्रयत्नका विरुद्ध सजग र सचेत रही आवश्यक पर्दा प्रतिवाद गर्न समेत बैठकले पार्टी पंक्तिको ध्यानाकर्षण गरेको छ ।

वर्तमान जटिल परिस्थितिमा हत्या, हिंसा र अराजकता समाप्त गरी देशमा शान्ति सुरक्षा कायम गर्दै आमनिर्वाचन यथाशीघ्र सम्पन्न गर्न संसदभित्रका सबै राजनीतिक दलहरु र श्री ५ बीच विश्वास एवम् समझदारी कायम भई संविधानअुरुप भावी कदमहरु चालिनुपर्छ भन्ने कुरामा बैठकले जोड दिएको छ । मुलुकलाई विद्यमान गम्भीर समस्याबाट मुक्त गर्न अझै पनि संवाद, सहमति र सहकार्यका सबै सम्भावनाहरुको खोजी गर्ने कार्यमा सर्वदलीय प्रयत्न हुनुपर्ने कुरामा बैठकले जोड दिएको छ ।

**– ईश्वर पोखरेल, सचिव, केन्द्रीय सचिवालय**

## नेपाली कांग्रेस

नेपाली कांग्रेस केन्द्रीय कार्य समितिको यो बैठक श्री ५ बाट भएको शाही घोषणा नेपाल अधिराज्यको संविधान, ०४७ को मूल मर्म र भावना विपरीत भएको महसूस गर्दै यस कदमले संवैधानिक राजतन्त्र र जनउत्तरदायी बहुदलीय प्रजातान्त्रिक व्यवस्थालाई कमजोर पारेको ठान्दछ । यो अवस्था सिर्जना हुनुमा प्रधानमन्त्रीबाट असामयिक र औचित्यहीन रुपबाट भएको प्रतिनिधिसभाको विघटन र त्यसपछि चालिएका अनुत्तरदायीपूर्ण कदमहरु पनि कम जिम्मेवार छैनन् । शाही घोषणा मार्फत् जारी भएका आदेशहरु सो सम्बोधनमा अभिव्यक्त प्रजातन्त्र र संवैधानिक राजतन्त्रप्रतिको प्रतिबद्धतासँग मेल नखाने कुरा स्पष्ट छ ।

देशमा उत्पन्न संवैधानिक संकटको उचित निकास र राष्ट्रसामु देखिएका समस्याहरुको समाधानका लागि सर्वोत्तम संवैधानिक निकास भनेको विघटन गरिएको प्रतिनिधि सभाको पुनर्स्थापना गर्नु नै हो भन्ने धारणा नेपाली कांग्रेसले शुरुदेखि नै स्पष्ट रुपले राख्दै आएको हो र यो धारणा हाल पनि यथावत् छ । यस दिशामा मन्त्री परिषद् र सम्बन्धित पक्षहरु पनि सहमत भएको भए स्थिति यति गम्भीर हुन पुग्ने थिएन । समयको प्रवाहलाई अवरुद्ध गर्दा ठूलो दुर्घटना हुन सक्दछ भन्ने धारणा राख्दै आएको नेपाली कांग्रेस आज मुलुकसामु उपस्थित गम्भीर राष्ट्रिय समस्याहरुको समाधान पछाडि फर्केर हैन, आपसी समझदारी र विश्वासको आधारमा देशमा अग्रगामी सुधारका पाइलाहरुबाट मात्र सम्भव छ र त्यस्ता कार्यलाई मात्र नेपाली कांग्रेस समर्थन गर्न सक्दछ ।

नेपाली कांग्रेस ०४६ सालको जनआन्दोलनका उपलब्धीहरुलाई रक्षा गर्न सधैं कटिबद्ध छ र यसमाथि हुने जुनसुकै अतिक्रमणका विरुद्ध उभिने प्रतिबद्धता व्यक्त गर्दछ । संवैधानिक राजसंस्था र जनताका प्रतिनिधि संस्था राजनीतिक पार्टीहरुबीच पारस्परिक अविश्वास र असमझदारी बढाउने र संविधानलाई कमजोर पार्ने कदमहरुलाई अविलम्ब सच्याउनु नै अहिलेको प्रमुख आवश्यकता हो र यसका लागि नेपाली कांग्रेस मुलुकसामु उपस्थित गम्भीर संकटलाई पार लगाउन संसदमा प्रतिनिधित्व गर्ने सबै पार्टीहरुसँग समान धारणा र समझदारीका साथ अघि बढ्न चाहन्छ । द्रुततर गतिले

विकसित भइरहेका राजनीतिक घटनाक्रमको विश्लेषण गर्दै वर्तमान राष्ट्रिय राजनीतिक परिस्थितिप्रति अत्यन्तै चनाखो रहेर प्रजातन्त्रको संरक्षण एवम् सम्बर्द्धनका लागि क्रियाशील र एकताबद्ध रहन पार्टीका साथीहरु एवम् सम्पूर्ण नेपाली जनतालाई नेपाली कांग्रेस हार्दिक आह्वान गर्दछ ।

**– अर्जुननरसिंह केसी, प्रवक्ता**

### राष्ट्रिय प्रजातन्त्र पार्टी

मुलुकमा विद्यमान विषम परिस्थितिलाई मध्यनजर राख्दा ०५९ कार्तिक २७ गते प्रतिनिधि सभाको निर्वाचन गर्न सम्भव नदेखिएकोले राप्रपा लगायतका सात राजनीतिक दलहरुद्वारा संविधानसम्मत ढंगबाट उपयुक्त निकास खोज्न गत असोज १३ गते प्रधानमन्त्रीलाई सिफारिस गरिएको थियो। प्रधानमन्त्रीद्वारा निर्वाचनको मिति पर सार्न मन्त्री परिषद्को निर्णयानुसार श्री ५ मा गर्नु भएको सिफारिस र हिजो श्री ५ बाट बक्सेको शाही घोषणा स्वभावत: अनपेक्षित रुपमा आएको छ । परिस्थितिजन्य बाध्यताको पृष्ठभूमीका आएको शाही घोषणाले तत्कालका लागि केही अनिश्चितता र आशंकाको स्थिति खडा गरेको भए तापनि दीर्घकालीन रुपमा मुलुकमा शान्ति, सुव्यवस्था र स्थायित्वको नयाँ सम्भावनाको ढोका खोल्न प्रयास गरेको अनुभूत हुन्छ ।

देश अत्यन्त कठीन परिस्थितिबाट गुज्रिरहेको वर्तमान अवस्थामा नेपाल अधिराज्यको संविधान ०४७ का पक्षधर शक्तिहरको बीचमा पारस्परिक विश्वास, सहमति, समझदारी र समन्वय प्रमुख आवश्यकता हो भन्ने हाम्रो धारणा छ । साथै, वर्तमान असहज परिस्थितिको निकास पनि संविधानको परिधिभित्र रहेर प्रजातान्त्रिक पद्धति अनुरुप खोज्नु पर्दछ भन्ने हाम्रो मान्यता रहेको छ । यस वास्तविकतालाई हृदयंगम गरी सार्वभौम जनताको प्रतिनिधिमूलक संस्था प्रतिनिधिसभा र जननिर्वाचित सरकारविहीन रहेको वर्तमान स्थितिमा राजनीतिक दलहरुको परामर्श र सहमतिको आधारमा मन्त्री परिषद्को गठन, माओवादी समस्याको समाधान, शान्ति सुरक्षाको प्रत्याभूति, भ्रष्टाचार निवारण एवम् निष्पक्ष, स्वच्छ र स्वतन्त्र निर्वाचत हुने वातावरणको तयारी जस्ता कार्यहरुतर्फ सचेत एवम् क्रियाशील रहन सबै राजनीतिक दलहरु तथा सम्बन्धित सबै पक्षमा राप्रपा आह्वान गर्दछ । राप्रपा प्रतिनिधि सभाको निर्वाचन यथासक्य चाँडो हुनु पर्दछ भन्ने पक्षमा रहेको छ।

संवैधानिक राजतन्त्र, बहुदलीय प्रजातन्त्र एवम् नेपाल अधिराज्यको संविधान, ०४७ प्रति शाही घोषणा मार्फत् श्री ५ बाट व्यक्त गरिबक्सेको प्रतिबद्धतालाई राप्रपाले सकारात्मक रुपमा ग्रहण गरेको छ । यस पृष्ठभूमिमा संवैधानिक प्रक्रियालाई निरन्तरता प्रदान गर्न तथा मुलुकमा स्थायित्व र सुव्यवस्था कायम गर्न संविधानको मर्म र भावना अनुकूल श्री ५ बाट प्रभावकारी भूमिका निर्वाह हुने राप्रपा विश्वास गर्दछ । राष्ट्रिय संकटको यस घडीमा संवैधानिक राजतन्त्र, बहुदलीय प्रजातन्त्र, नेपाल अधिराज्यको संविधान ०४७ तथा जनतामा निहित सार्वभौमसत्ताप्रतिको अविचलित प्रतिबद्धता व्यक्त गर्दै राष्ट्रियताको सम्बर्द्धन र प्रजातन्त्रको सुदृढीकरणका लागि चालिने हरेक कदममा निरन्तर सकारात्मक सहयोग रहने राप्रपा विश्वास व्यक्त गर्दछ । साथै, राष्ट्रिय सहमतिको जगमा उभिएर वर्तमान संकटलाई राष्ट्र निर्माणको अवसरको रुपमा परिणत गर्न संकल्प गरौं भनी सम्पूर्ण राजनीतिक दल, नागरिक समाज तथा आम जनसमुदायमा राप्रपा आह्वान गर्दछ ।

**– कमल थापा, प्रवक्ता**

### नेपाल सद्भावना पार्टी

देशको वर्तमान जटिल परिस्थितिमा राजा, राजनीतिक दल तथा नागरिक समाज सबैले माओवादी समस्या लगायत् विभिन्न समस्याहरुलाई समाधान गर्न एकजुट भएर अग्रसर हुन आवश्यक देखिन्छ । तर, कुनै पनि अग्रगामी सुधारका लागि प्रयास गर्दा संवैधानिक राजतन्त्र र बहुदलीय संसदीय प्रजातन्त्रको मान्यतामाथि कुनै प्रकारको आँच आउन दिने कार्य कतैबाट हुनु हुँदैन । श्री ५ महाराजाधिराजबाट राष्ट्रको नाममा बक्स भएको शाही घोषणामा देशको वर्तमान दुरावस्थाबारे चिन्ता व्यक्त गर्दै संवैधानिक राजतन्त्र तथा बहुदलीय प्रजातन्त्रप्रतिको प्रतिबद्धता दर्शाइबक्सेको र संविधानको मर्म समेतलाई ख्याल राखिबक्सेको कुरा उल्लेख भएको छ । यो एउटा संवैधानिक राजतन्त्रको संविधानप्रतिको प्रतिबद्धता हो । तर, शाही घोषणामा उल्लेखित केही कुरा प्रजातान्त्रिक मूल्य-मान्यता र संवैधानिक प्रावधानसँग मेल नखाएको देखिन्छ ।

देशको असामान्य परिस्थितिमा समेत संवैधानिक राजतन्त्र र बहुदलीय संसदीय शासन प्रणालीको मर्यादा अक्षुण्ण राख्दै राष्ट्रिय सहमतिको आधारमा समस्याहरुको निकास खोजिनु पर्दछ । र, मुलुकमा शाति बहाल गरी आगामी संसदीय निर्वाचन यथाशीघ्र सम्पन्न गराई प्रजातान्त्रिक तरिकाबाट निर्वाचित सरकारको गठन हुनुपर्ने नेपाल सद्भावना पार्टीको मान्यता रहेको छ ।

**– मुक्तिनाथ मण्डल, प्रवक्ता**

### नेकपा (माओवादी)

हिजो रातको कथित शाही घोषणाले ०४६ सालको ऐतिहासिक जनआन्दोलनका उपलब्धीहरुमाथि अन्तिम प्रहार गर्दै देशमा सामन्ती प्रतिगमनको खुलेआम आरम्भ गरेको छ । जनताको सार्वभौम अधिकारलाई आफूसँग हुँदै नभएको “राजकीय अधिकार” को डण्डाको प्रहार गरेर सामन्ती दरबारले आफ्नो निरंकुश र फासिष्ट अनुहार अन्तत: सबैका सामू छर्लङ्ग पारेको छ । वस्तुत: यो कुनै अनपेक्षित र अस्वभाविक घटना नभएर, गत सालको कुख्यात नारायणहिटी हत्याकाण्ड र त्यसपछिका नियोजित प्रतिगामी कदमहरुको अनिवार्य र स्वभाविक परिणाम हो । हाम्रो पार्टीले सामन्ती प्रतिगमनको यो खतरालाई दरबार हत्याकाण्डदेखि नै स्पष्ट आंकलन सहित त्यसका विरुद्ध एकताबद्ध पहलका निमित्त ०४६ सालका आन्दोलनकारी सम्पूर्ण राजनीतिक शक्ति, बौद्धिक समुदाय र आमजनतासमक्ष निरन्तर अपिल गर्दै आएको तथ्य कसैबाट छिपेको छैन । आज घटनाक्रमले हाम्रो यो विश्लेषण र निष्कर्षलाई अक्षरश: सही सावित गरेको छ ।

०४६ सालका सीमित उपलब्धीहरुबाट समेत सन्तुष्ट नभई अझ व्यापक अधिकार र स्वतन्त्रताका निमित्त अग्रसर २१ औं शताब्दीका महान् नेपाली जनतालाई त्यो कथित शाही घोषणाद्वारा लादिएको सामन्ती निरंकुशतन्त्र कदापी सैह्य हुनेछैन । आज देशमा विद्यमान गृहयुद्धको मुख्य मुद्दाबारे कुनै सम्बोधन र निकासको संकेतसम्म नरहेको त्यो प्रतिगामी घोषणाका विरुद्ध सशक्त र संयुक्त आन्दोलन सृष्टि गरी सामन्ती निरंकुशतालाई सदाका लागि बढारेर फाल्नु बाहेक नेपाली जनताका अगाडि अर्को विकल्प छैन । सामन्ती दरबारले अनाधिकार रुपमा गरेका पदमुक्ति र विघटनका निर्णयहरुलाई अस्वीकार गर्दै सार्वभौम जनताका तर्फबाट सामन्ती दरबारलाई नै पदमुक्त गर्ने विघटन गर्ने समय अब आइपुगेको छ । सामन्ती तत्वहरुको लोभ, लालच, धाकधम्की र शब्दजालमा नपरी नयाँ नेपालको निर्माण गर्ने ऐतिहासिक कार्यभारमा एकताबद्ध भई अगाडि बढ्न हाम्रो पार्टी देशका सम्पूर्ण जनपक्षीय शक्तिहरुसँग जोडदार अपिल गर्दछ ।

**–प्रचण्ड, अध्यक्ष**

*** साभार : बुधबार साप्ताहिक, ०५९ असोज २३**

■

# राष्ट्रिय सुरक्षाका नाममा नागरिक सुरक्षा हननको सवाल



– पद्मप्रसाद खतिवडा

सन् २००१ को सेप्टेम्बर ११ पछि राष्ट्रिय सुरक्षाका नाममा धेरै जसो एशियाली मुलुकहरुमा आतंककारी गतिविधि नियन्त्रण सम्बन्धी विधेयक बनेको पाइन्छ। यी विधेयक ल्याइनुको प्रमुख उद्देश्य एशियाबाट 'आतंकवाद' समाप्त पार्नु हो। यसरी एशियाका विभिन्न मुलुकहरुमा आतंकवाद विरोधी विधेयकहरु बनाउने लहर चल्नुको कारणमा (१) एशियाका विभिन्न मुलुकहरु जस्तै : नेपाल, भारत, पाकिस्तान आदि आन्तरिक द्वन्द्वमा फसिसकेका छन्, (२) सेप्टेम्बर ११ को आक्रमण मुस्लिम मूलका मानिसहरुले गरेका हुन् जसमा प्रमुख भूमिका विन लादेनको रहेको छ, र (३) एशियाका अधिकांश मुलुकहरुमा मुस्लिमहरु बसोबास गर्दछन् र तिनीहरु 'आतंकवादी' क्रियाकलापमा बढी संलग्न हुन सक्छन् भन्ने अमेरिकीहरुको विश्वास रहेको छ।

नेपालमा 'आतंककारी' क्रियाकलाप लाई समाप्त पार्ने नाममा 'आतंककारी तथा विध्वंसात्मक कार्य, नियन्त्रण र सजाय अध्यादेश, २०५८' जारी गरियो। यो अध्यादेश जारी सँगसँगै देशभर संकटकालको समेत घोषणा गरियो। संकटकाल लागेको तीन महिना पश्चात् संसदबाट यो घोषणालाई अनुमोदन गरियो र थप ३ महिनाका लागि संकटकाल थपियो। संकटकाल समाप्त भइसकेको पनि केही समय बितिसकेको छ। अध्यादेश ऐनमा परिणत भइसकेको छ।

नेपाल अधिराज्यको संविधान २०४७ ले जनताका मौलिक अधिकारहरु स्पष्ट रुपमा स्थापित गरेको छ। संकटकालका बेलामा पनि संविधानका धारा ११, १२.१, १२.२ को (ग), १३.२ को (ग), धारा १४, १८, १९, २० र २१ लाई अहरणीय अधिकारका रुपमा संविधानको धारा ११५ अन्तरगत व्याख्या भएको र अन्तर्राष्ट्रिय स्तरमा नागरिक तथा राजनीतिक अनुबन्ध (ICCPR) को धारा ६, ७, ८ (अनुच्छेद १ र २), ११, १५, १६ र १८ हरण गर्न नपाइने भनेर स्पष्ट व्यवस्था भइसकेको कुरा यसभन्दा अगाडिका 'प्राची'का अंकहरुमा प्रशस्त व्याख्या गरिसकिएको छ।

नेपालमा ५ वर्ष अघि नै आतंककारी तथा विध्वंसात्मक गतिविधि नियन्त्रण सम्बन्धी विधेयकलाई संसदमा प्रस्तुत गर्न खोजिएको थियो। तर तत्कालीन सत्तापक्षीय एवं प्रतिपक्षीय प्रतिरोधका कारण उक्त विधेयकलाई 'टेबुल' गर्न दिइएन। सरसर्ती हेर्ने हो भने वर्तमान विधेयक पनि सेप्टेम्बर ११ कै प्रतिफलका रुपमा ल्याइएको हो कि भन्ने भान पर्न सक्छ र विभिन्न जानिफकारहरु सोही अनुरुप व्याख्या गर्ने पनि गर्दछन्। तर यो विधेयक बन्नमा सेप्टेम्बर ११ को घटनाले नै प्रमुख भूमिका खेलेको छ भन्न मिल्दैन। यो विधेयक वास्तवमा माओवादीहरुको "जनयुद्ध" लाई समाप्त पार्नका लागि ल्याइएको हो भन्ने कुरामा शंका छैन। उनीहरुले पहिलोपल्ट ०५८ साल मंसिर ८ गते दाङको सैनिक ब्यारेक तथा सोलुखुम्बुको सदरमुकाममा आक्रमण गरेका कारण सरकारले हठातमा अध्यादेश जारी गरेको कुरा छर्लङ्ग छ।

वर्तमान ऐन भित्र के-के कुरा छन् भन्ने कुरा बुझ्नु नागरिक समाजका जिम्मेवार सदस्यको लागि महत्वपूर्ण हुन्छ। यस ऐनको दफा ५ अन्तरगत सुरक्षाकर्मीलाई विभिन्न अधिकारहरु दिइएको छ। ती मध्ये सुरक्षाकर्मीहरुलाई "आतंककारी गतिविधि' मा संलग्न रहेको या भएको आरोपमा जो कोही व्यक्तिलाई पक्राउ गर्ने, उक्त व्यक्तिको घर पसल, स्टोर, सवारी साधन तथा अन्य कुनै पनि ठाउँ खानतलास गर्ने, उसको विरुद्ध सुरक्षाफौजले आक्रमण गर्न सक्ने, आवश्यक हतियार प्रयोग गर्न सक्ने जस्ता अधिकारहरु दिइएको छ।

यिनै अधिकारहरु नेपाली जनताका आधारभूत अधिकारका रुपमा संविधानमा स्पष्ट उल्लेख गरिएका छन्। केवल 'आतंककारी गतिविधिमा संलग्न रहेको' आरोपमा यी अधिकारहरुको हनन भएको प्रष्ट हुन्छ।

कुनै व्यक्ति 'आतंककारी गतिविधि' मा नै संलग्न भएको प्रमाण भए कानुनतः कारवाही हुने कुरालाई स्वभाविक भन्न सकिएला। तर, कुनै व्यक्ति साँच्चिकै आतंककारी गतिविधिमा संलग्न भएको हो वा होइन भन्ने छुट्याउन भने निकै कठिन छ।

युद्धको आफ्नै नियम हुन्छ। तर, नियम विपरित तथा नियमलाई उल्लंघन गरी

जितिएको युद्धलाई पनि 'विजय' भनेर स्वीकार्ने परम्परा बसिसकेको छ। महाभारतका 'अभिमन्यू' जस्ता व्यक्तिहरु युद्धका नाममा मारिनु हुन्न न त नि:शस्त्र या आत्मसमर्पण गरेको व्यक्ति नै मारिनु हुन्छ। युद्धको यो नियमलाई अहिलेको सन्दर्भमा व्यापक रुपले उल्लंघन गरिएको छ।

नेपालमा माओवादीहरुले २०५२ सालमा नै 'जनयुद्ध' को नाममा युद्ध घोषणा गरेका हुन्। यो परिप्रेक्ष्यमा उनीहरुले युद्धको नियमलाई कत्तिको पालना गरे भन्ने कुराको विस्तृत लेखाजोखा भइनसके पनि उनीहरुबाट युद्धका नियमहरुको परिपालना पटक्कै भएको छैन भन्ने प्रष्ट हुन्छ। अछाम जिल्ला ध्वस्त हुने आक्रमण होस् या अर्घाखाँचीको सन्धिखर्क या सिन्धुलीको भिमान, उनीहरुले युद्धका नियम उल्लंघन गरेका छन्। एक व्यक्ति समाजमा स्थापित भएर बस्न जसरी सामाजिक नियम पालना गरेर बस्नुपर्ने हुन्छ, त्यस्तै सत्ताको बागडोर आफ्नो हातमा लिएर शासन गर्ने चाहना राख्नेहरुले पनि युद्धका नियम पालना गर्न सकेनन् भने उनीहरु लामो समय टिक्न सक्दैनन्। यदि माओवादीहरुले त्यो सपना देखेका भए युद्धका नियमहरुको ख्याल गर्नैपर्छ। अर्कातर्फ, सरकारले माओवादीलाई 'आतंककारी' घोषणा गरी अमेरिकीहरुकै शब्दमा भन्ने हो भने 'आतंकवाद विरुद्धको लडाई' (War against Terrorism) स्वरुप युद्ध संचालन गरिसकेपछि युद्धका नियमलाई उल्लंघन गर्न मिल्दैन। 'आतंककारी' गतिविधि जसरी पनि समाप्त पार्ने घमण्ड जति बढिरहन्छ त्यति नै त्यसका नकारात्मक परिणामहरु बढ्दै जान्छन्।

अहिलेको स्थितिमा सरकारले युद्धको नियम परिपालना गर्नु भनेको संविधान प्रदत्त अधिकारलाई कुनै पनि हालतमा उल्लंघन हुन नदिनु, अन्तर्राष्ट्रिय मानवीय कानुनको परिपालना गर्नु र अन्तर्राष्ट्रिय मानवअधिकार कानुनलाई व्यवहारमा लागू गर्नु हो। शक्ति रहेसम्म नागरिक सुरक्षाको सवाललाई बेवास्ता गरी शक्तिको दुरुपयोग गर्नु हुन्न। अहिले माओवादी र सरकारका क्रियाकलापलाई नियालेर हेर्दा उनीहरु आ-आफ्नो शक्ति व्यापक रुपमा प्रयोग गरिरहेको प्रष्ट हुन्छ। शक्तिको प्रयोग गर्नु आफैमा नराम्रो होइन तर शक्ति प्रयोगका नाममा दुरुपयोग भयो भने सर्वसाधारणलाई असर पर्छ। एक नागरिकको सुरक्षाको सवाल जसरी एक सरकारलाई महत्वपूर्ण हुनुपर्छ त्यतिकै महत्वपूर्ण माओवादीहरुलाई पनि हुनुपर्छ। आखिर भोलिका दिनमा शासन गर्न चाहनेले आज व्यक्ति हत्या गर्दा त्यसको दोष त उनीहरुलाई नै पर्छ। एक निर्दोष व्यक्तिको हत्या गर्नु भनेको हत्याराले उसको परिवार, नातागोता, इष्टमित्र चिढ्याउनु पनि हो। यसरी व्यक्ति हत्याको श्रृङ्खला बढ्दै गयो भने शासनको बागडोर हातमा लिन खोज्नेहरुलाई कसले समर्थन गर्ने ? किन सक्दैनन् युद्धमा होमिएकाहरु यो कुरा बुझ्न ?

कुनै पनि समूह वा पार्टीले युद्ध गर्नु भनेको राष्ट्रको सुरक्षा गर्नु पनि हो। राष्ट्रको सुरक्षा भनेको केवल बाह्य शक्तिबाट राष्ट्रलाई बचाउने कुरा भन्दा पनि राष्ट्रकै उन्नति र प्रगति चाहनु हो। के अहिलेकै युद्धको तरिकाले राष्ट्रलाई समुन्नत बनाउन सहयोग गर्ला ? यो गम्भीर प्रश्न हो। भएका नागरिकहरुलाई समाप्त पारेर कुन नागरिकमाथि शासन गर्ने पूर्वाभ्यास गरिरहेछन्- युद्धरत पार्टीहरु ? यो बुझ्न सकिएको छैन।

यसै प्रसंगमा हालै मात्र थाइल्याण्डको राजधानी बैंककमा "राष्ट्रको सुरक्षा या व्यक्तिको सुरक्षालाई पहिलो प्राथमिकता दिने त ?" भन्ने सवालमा करिब २० वटा मुलुकका प्रतिनिधिहरु बीच, छलफल भएको थियो, जसमा ३ दिनसम्मको व्यापक अन्तरक्रिया पछि निम्न लिखित निष्कर्षहरु निकालिएका थिए-

(क) सुरक्षाको परिभाषा खोजियो- जसअनुसार, राष्ट्रिय सुरक्षा भन्दा पनि नागरिक सुरक्षालाई प्राथमिकता दिनु पर्छ,

(ख) एशिया क्षेत्रमा प्रजातन्त्र माथि मुख्य खतरा हुनुको कारण यी देशहरुमा विद्यमान असमान आर्थिक वितरण पनि हो,

(ग) प्रजातन्त्रको अवधारणा मानिसका विभिन्न अधिकारहरु, जस्तै : गाँस, बास, कपासका साथसाथै स्वास्थ्य, शिक्षा जस्ता अधिकारसँग पनि गाँसिएको छ, जो राज्यले उपलब्ध गराउनु पर्छ,

(घ) अहिलेको स्थितिमा मुख्य दुई कारणले प्रजातन्त्रमाथि खतरा देखिन्छ : (१) आन्तरिक कारण, र (२) बाह्य कारण। आन्तरिक कारण भन्नाले सम्बन्धित देशभित्रकै आन्तरिक द्वन्द्व जस्तै: नेपालमा माओवादी समस्या र बाह्य कारण भन्नाले बाहिरी मुलुकसँगको द्वन्द्व जस्तै: भारत र पाकिस्तान बीचको विवाद।

(ङ) सेप्टेम्बर ११ को घटना पश्चात् नै राष्ट्रिय सुरक्षाका नाममा आतंकवाद विरोधी कानुनहरु बन्न थालेका छन्। तिनको खोजीका लागि नागरिक समाजले अभियान अघि बढाउनु पर्छ।

देशको गम्भीर परिस्थितिको समग्र मूल्यांकनबाट होस् वा बैंककमा भएको छलफलको निष्कर्ष, नागरिक सुरक्षा प्राथमिक तर अत्यावश्यक भइसकेको छ। नियम र कानुन पालना गरी छेडिएको युद्ध छ भने त्यसले समस्या कहिल्यै थप्दैन बरु चाँडो भन्दा चाँडो समस्या निराकरण गर्न सहायता पुऱ्याउँछ। यदि नियम र कानुन विपरित युद्ध भयो भने यसले बारम्बार समस्याहरु बढाइरहन्छ। नेपालको वर्तमान राजनीतिक अस्थिरतालाई हेर्दा यो विदित हुन्छ- युद्ध नियमपूर्वक गरिएको छैन। ■

## सूचना

### के तपाई पनि प्राचीका लागि कुनै योगदान गर्न उत्सुक हुनुहुन्छ ?

खासगरी राजधानी बाहिरका विभिन्न सामाजिक सवाल र घटनाबारे संक्षिप्त लेख-रचना, फिचरहरु पठाउन नबिर्सनुहोस्। फोटोसहितको सामग्री भएमा अझ बढी प्रभावकारी हुन जाने कुरा अवगत गराउँछौं। संक्षिप्त समाचार-फिचरहरुलाई बढी प्राथमिकता दिइनेछ।

# संकटकाल, निर्वाचनको घोषणा र स्थगन

– प्रेक्षा ओझा

गत असोज १८ गतेको शाही सम्बोधनद्वारा आमनिर्वाचनलाई अनिश्चित कालसम्मका निम्ति स्थगित गरिएपछि विदेशी राष्ट्रहरुले समेत नेपालमा चाँडै चुनाव होस् भन्ने चाहना व्यक्त गरेका छन्। निर्वाचनको अभावमा प्रजातन्त्र जीवित हुनै नसक्ने हुनाले नै राजाद्वारा यथासमयमा निर्वाचन गराइने वचनवद्धता व्यक्त गरिनुलाई सकारात्मक ठानिएको हो।

शाही सम्बोधन अघि पटक-पटक जहाँसुकै उठ्ने गरेको प्रश्न थियो-मध्यावधि निर्वाचन ०५९ तोकिएको मितिमा शान्तिपूर्वक सम्पन्न होला? सम्पूर्ण नेपालीको मनमा यही प्रश्न उब्जिएको थियो। आखिर त्यही भयो। आशंकाहरुले व्यवहारिक रुप पाए। तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा सत्तामा रहँदा आउँदो संसद विघटन गरी (गत जेठ ८ गते) आउँदो कार्तिक २७ गते निर्वाचन हुने घोषणा गर्नु भएको थियो। उहांले तोकिएको मितिमा निर्वाचन गराउने कुरा पटक-पटक गर्नु भयो। आफू सत्तामा रहँदाको अन्तिम समयमा निर्वाचन तोकिएको मितिमा गराउन नसकिने र ०६० सालको मंसीर महिनामा हुने भनेपछि देशमा अर्को संकट थपियो। यसै अवसरमा श्री ५ बाट संविधानको धारा १२७ को बाधा अडकाउ फुकाउ सम्बन्धी व्यवस्थाको प्रयोग गरी देशको कार्यकारीणी अधिकार आफूमा निहीत गरियो। त्यसैले यतिखेर प्रजातन्त्रका हिमायतीहरु सातदेखि पन्ध्र सालसम्मको निर्वाचन नभएर अन्यौल उत्पन्न भएको अवस्थाको सम्झना गर्न थालेका छन। सबैको मनमा एउटा संदेह पसेको छ अब प्रजातन्त्र दीगो होला ? सबैको मनमा ढ्याङ्ग्रो ठोकेको छ।

माओवादी जनयुद्धले राष्ट्रमा निम्ताएको हत्या हिंसाको वातावरणका कारण देखाएर केही महिना अगाडि देशमा संकटकालीन अवस्था कायम गरिएको थियो। संकटकाल लागू रहेको अवस्थामा स्वतन्त्र रुपमा मतदान गर्न अप्ठेरो हुने स्थिति रहन्छ। त्यस्तो बेला दुईतर्फी युद्ध हुँदा अवश्य नै सम्बन्धित ठाउँमा संत्रासको वातावरण श्रृजना हुन्छ र मतदाताले निर्भिक भएर आफ्नो मतको प्रयोग सही रुपमा गर्न



सक्दैनन्। जनतामा उठिरहेको डरलाई मेटाउन सरकारले के गरिरहेको छ भन्ने प्रश्न प्रबल रुपमा खडा भएको हो। तर सरकारले संकटग्रस्त राजनीतिलाई सही निकास दिन भने सकेन। जसको परिणाम आज नेपाली जनताले भोग्नु परिरहेको छ। देशको वर्तमान स्थितिले प्रजातन्त्रलाई पुनः धरमराउने स्थितिमा पुऱ्याएको छ।

प्रजातन्त्रको मुख्य आधार नै निर्वाचन हो। त्यसैले प्रजातान्त्रिक परिपाटी अनुरुप आमनिर्वाचनका मूल्य र मान्यताको पालना प्रत्येक राष्ट्रका प्रतिनिधिहरुले गर्नु पर्दछ। वालिग मताधिकारको पद्धति अनुसार जनताको शासन सत्तामा सहभागी हुन पाउने अधिकार वा आफ्नो सरकार चुन्न पाउने अधिकारको व्यवस्था हाम्रो संविधानले गरेको छ। संसारका कुनै पनि भू-भागमा प्रजातन्त्रका आधारभूत मान्यताहरु फरक हुनु हुँदैन भनिएको हो। प्रजातन्त्र भनेको जनताका निम्ति, जनताद्वारा जनताकै सहभागितामा सञ्चालन गरिने शासन पद्धति हो। राजनीतिक कार्यकर्ताहरुलाई सरकारमा पुऱ्याउने, मतदान एवं निर्वाचित गराउने र् जनसेवामा सबैको समान पहुँच जनताको हातमा हुनु पर्छ। प्रजातान्त्रिक परिपाटीमा यो सबै निर्वाचनबाट मात्रै सम्भव छ। तर अहिलेको अवस्थामा चाँडो भन्दा चाँडो निर्वाचन हुन सकेन भने संविधानमा उल्लेखित यी सबै अधिकारहरु निरर्थक हुन जान्छन्।

मानवअधिकारहरुको विश्वव्यापी घोषणा पत्रले आमनागरिकका सम्पूर्ण स्वतन्त्रताको पूर्ण रुपमा प्रत्याभूति गर्दै स्वतन्त्र निर्वाचन मार्फत प्रतिनिधिहरु छान्ने अधिकारलाई धारा २१(ख) मा व्यवस्था गरेको छ। उक्त धारामा हरेक व्यक्तिलाई आफ्नो देशको सरकारमा आफैं वा आफूले छानेका प्रतिनिधिहरु मार्फत भाग लिने अधिकार हुनेछ भन्ने कुरा उल्लेख गरिएको छ। प्रजातान्त्रिक व्यवस्थामा सरकार वा सत्ता चलाउने आधार भनेको कुनै दैवी शक्ति नभई जनताको मताधिकार हो। यस्तो मताधिकारको सम्मान गोप्य तथा नियमित रुपमा सम्पन्न हुने स्वतन्त्र, निष्पक्ष र धांधलीरहित निर्वाचन मार्फत गरिनु पर्छ।

संयुक्त राष्ट्र संघको बडापत्रले सम्पूर्ण मानव जाति-जनजातिलाई जन्मैदेखि स्वतन्त्र र समान ठान्दै उनीहरुको आत्मनिर्णयको अधिकारलाई पूर्ण मान्यता दिएको छ। आत्मनिर्णयको अधिकार अन्तर्गत स्वेच्छाले आफ्नो निम्ति राजनीतिक तथा आर्थिक व्यवस्थाको छनौट गर्न पाउने अधिकार पर्दछ। जनतालाई यस्तो अधिकारबाट वञ्चित नगर्ने हो भने देशमा देखा परेको असंबैधानिक गतिविधिहरुलाई कसरी संविधानसम्मत बनाउने भन्ने तर्फ सबैको ध्यान जानु जरुरी हुन्छ। यस बेला ध्यान दिएर मात्र भएन, कार्यान्वयनमा कसरी ढाल्ने भन्ने तर्फ विशेष जोड दिनु पर्ने बेला आएको छ। त्यसमा पनि उच्च ओहदामा नेतृत्व गरिरहेका राजनीतिक कार्यकर्ताहरुले भविष्यको पनि ख्याल गर्दै उचित नीर्णय गर्नु पर्ने बेला आएको छ। यदि उनीहरुले सही कदम नचाल्ने हो भने वर्तमान अवस्थामै भविष्यले कुन मोड लिने हो भनेर कल्पना गर्न सकिन्छ।

निर्वाचनका आधारभूत मापदण्डहरुलाई उल्लेख गर्दै मानवअधिकार सम्बन्धी अनेकौं अन्तराष्ट्रिय संयन्त्रहरुले प्रजातान्त्रिक निर्वाचनको सिद्धान्तहरुलाई व्यवहारमा उतार्ने प्रयास गरेका छन। यी संयन्त्रहरुले प्रत्येक नागरिकलाई स्वतन्त्रपूर्वक निर्वाचन प्रक्रियामा भाग लिने र आत्मनिर्णयको अधिकार उपयोग गर्ने स्वतन्त्रता प्रदान गरेका छन्। देशको विकास एवं देश र जनताको भलाइका निम्ति अन्य उद्देश्य प्राप्त गर्न प्रत्येक नागरिकको राजनीतिक सहभागितालाई महत्वपूर्ण ठानिएको छ। यो कुरालाई महिलाउपर हुने भेदभाव निर्मूलन सम्बन्धी महासन्धि एवं महिलाको राजनीतिको अधिकार सम्बन्धी महासन्धिमा समेत उल्लेख गरिएको छ।

प्रजातन्त्रको पुनस्थापना पश्चात तयार गरिएको नेपाल अधिराज्यको वर्तमान संविधान ०४७ ले आधारभूत मानवअधिकारको पूर्ण रुपमा प्रत्याभूति गरेको छ। त्यसैक्रममा निर्वाचनको अधिकारलाई आधारभूत मानवअधिकार भित्रै समावेश गरिएको छ। निर्वाचन र जनप्रतिनिधिहरुको छनौटको बारेमा संविधानले महत्वपूर्ण व्यवस्थाहरु गरेको छ। संविधानको प्रस्तावनामा नै प्रत्येक नेपाली नागरिकको आधारभूत मानवअधिकार सुरक्षित गरी स्वतन्त्रता र समानताको आधारमा नेपाली जनताका बीच भ्रातृत्व र एकता कायम गरी वालिग मताधिकार, संसदीय शासन प्रणाली, संवैधानिक राजतन्त्र तथा बहुदलीय प्रजातन्त्रलाई सुदृढ गर्न र स्वतन्त्र एवं सक्षम न्याय प्रणालीको व्यवस्था गरी कानूनी राज्यको अवधारणालाई साकार पार्न नेपाली जनताको व्यापक सहभागिता हुनुपर्ने कुराको उल्लेख गरिएको छ। त्यस्तो सहभागितको माध्यम आवधिक निर्वाचन नै हो। त्यसकारण राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा व्यवस्था गरिएका यी सबै अधिकारहरुको प्रयोग गर्नकालागि पनि निर्वाचन हुनु अत्यन्त जरुरी भएको छ। अहिलेको अवस्थामा निर्वाचन चाँडो भन्दा चाँडो गराउनेतर्फ नै विशेष जोड दिनु पर्ने देखिन्छ।

नागरिक तथा राजनीतिक अधिकारहरु सम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्र सन् १९६६ ले घोषणा पत्रकै कुरालाई अझ सुस्पष्ट पार्दै जनताको इच्छा स्वतन्त्र रुपमा अभिव्यक्त गर्ने व्यवस्था मिलाउन धारा २५ मा स्वतन्त्र निर्वाचन प्रक्रियालाई सुनिश्चित गरेको छ। मताधिकार आम नागरिकको आधारभूत मानवअधिकार हो भन्ने कुरालाई यो प्रतिज्ञापत्र लगायत अन्य अन्तराष्ट्रिय कानूनहरुले मान्यता प्रदान गरेका छन। नेपाल पनि यो प्रतिज्ञापत्रको राज्य पक्ष भएकोले यसमा व्यवस्था गरिएका प्रावधानहरुको कार्यान्वयन गर्नु पर्ने वाध्यात्मक व्यवस्था छ। बलिदानी संघर्ष पश्चात पाएको यत्रो ठूलो प्रजातान्त्रिक अभ्यासको प्रयोग गर्नका लागि चुनावी प्रक्रिया मार्फत नयाँ सरकार बन्न सकेन भने फेरि ०१७ सालकै अवस्था नहोला भन्ने ठाउँ रहन्न।

तर संकटकाल लागू भएको अवस्थामा यी सबै बाध्यत्मक कानूनहरुको इमान्दारीपूर्वक पालना होला भन्ने कुरामा सन्देह गर्ने ठाउँ रहन्छ। विगत ६ वर्ष देखि राजनैतिक कलहका रुपमा स्थापित भएको माओवादी समस्यालाई सुल्झाएर स्वच्छ र निष्पक्ष निर्वाचनमा जानुपर्नेमा पार्टी भित्र आफू-आफू मै किचंगलो को वातावरण बनाउनेले राष्ट्रमा देखापरेको विनाशकारी समस्याको समाधान कसरी गर्न सक्ला भन्ने तिर सबैको ध्यानाकर्षण भएको छ। सम्पूर्ण नागरिकले निर्वाचनको अधिकारलाई उपभोग गर्न पाउने वातावरण राज्यले तयार गर्नै पर्दछ। प्रजातान्त्रिक अभ्यासको प्रयोग गर्नका लागि राज्यले संकटकाल लगाउनु हुँदैन। जनताले भयरहित वातावरणमा राजनीतिक जीवनमा भाग लिन समेत नपाउने अवस्थामा कस्तो चुनाव होला भन्ने प्रश्न उठेको थियो। तर देशको गति अर्कै तर्फ मोडिएको छ।

सरकारले चुनावका बेला नागरिक स्वतन्त्रताहरु स्थापित गर्नुपर्छ। संकटकाल लगाई चुनाव गराउनु भनेको जवरजस्ती गरेको ठहर्छ। त्यसकारण चुनावसम्ममा माओवादीसँग कुरा गरेर अथावा कुनै रुपमा सहमति बनाएर होस भयको वातावरण हटाउनु पर्छ।

निर्वाचनका बेला संकटकाल लागू भएको अवस्थामा शान्ति सुरक्षाको पर्याप्त अनुभुति गराउन नसक्दा भयका कारणं जनताले मत दिन जान सक्ने स्थिति रहदैन। सँधै बन्दुक र बम पड्केका आवाजहरु अनि कहिले एम्बुस पड्केका आवाजबाट त्रसित जनता सुरक्षाको अनुभुति नपाउने वित्तिकै भोट हाल्ने ठाउँसम्म जान पनि डराउनु स्वभाविकै हो।

देशमा हत्या हिंसा नचलेको अवस्थामा दुई महिना अघि त चुनावको व्यापक प्रचारप्रसार भैसक्थ्यो। उम्मेदवारहरु जनताका घर-घर पुगिरहेका हुन्थे। जनताका सहानुभुति बटुलिरहेका हुन्थे। उम्मेद्वारहरुका चर्चा परिचर्चा पत्रपत्रिकामा प्रशस्त भइसकेका हुन्थे। चुनावी माहोल नै रंगिचंगी हुन्थ्यो। तर असोज १८ गते अघि चुनाव आउन २ महिना मात्र बाँकी हुँदा पनि पार्टीहरुद्वारा उम्मेदवारहरुको सूची पनि प्रकाशीत पनि गरिएको थिएन। उल्टो चुनाव नै एक वर्ष पछाडि सार्ने सिफारिस गरियो। वास्तवमा उम्मेदवारहरु आंफै गाउँ गाउँमा अभियान चलाउन डराइरहेका थिए।

सम्पूर्ण नागरिकलाई सुरक्षा दिन नसक्ने कुरा व्यक्त गर्दै निर्वाचन सारिनुपर्ने धारणा केही दिन अगाडि प्रहरी महानिरिक्षक प्रदिप सम्सेर जवराले निर्वाचन आयोगमा व्यक्त गर्दा व्यापक विरोध भएको थियो। र उहांसंग स्पष्टिकरण माग गर्ने काम पनि गृह मन्त्रालयले गर्‍यो। तर वास्तविकतालाई हेरी यस परिस्थितिमा सुरक्षित वातावरण सरकारले तयार गर्न सक्छ कि सक्दैन भन्ने तिर अवश्य सोचिनु पर्थ्यो तर त्यसो भएन।

अहिले संकटकाल छैन। तर यदि संकटकाल लाग्यो भने संविधानले प्रत्याभूत गरेका केही अधिकारहरुसंग सँगै शान्तिपूर्ण रुपमा भेला, सभा, सम्मेलन गर्ने, स्वतन्त्र रुपमा घुमफिर गर्ने अधिकारहरु लगायत अभिव्यक्ति स्वतन्त्रता पनि निलम्बीत हुन्छ। र उम्मेदवारहरुले स्वतन्त्र रुपमा आफ्ना अभिव्यक्ति विचारहरु राख्न गाह्रो हुन्छ। त्यसैले पनि निर्वाचनका वेला संकटकाल लगाउनु हुँदैन भनिएको थियो।

हुनत सत्तामा बस्नेहरु भारतको उदाहरण देखाउँदै त्यहां संकटकालीन अवस्थामा पनि निर्वाचन सम्पन्न भएको थियो भने हामी कहां किन नहुने भनेका थिए। तर सिद्धान्तत वा कानूनी रुपमा यो गर्न सकिए पनि व्यवहारिक नहनु हुनाले निर्वाचनका वेला संकटकाल लागू गर्न नहुने कुरा त्यसबेला व्यापक रुपमा उठेको थियो। स्वतन्त्र, निष्पक्ष र भयरहित निर्वाचनको प्रत्याभूति संकटकालका वेला हुन नसक्ने धारणा जानकारहरुको थियो। निर्वाचनका बेला संकटकाल लागू गरिन नहुने कुरा मानवअधिकारकर्मी लगायत नागरिक समाजका संघसंस्था तथा बुद्धिजीवी वर्गहरुले पनि गरेका थिए। निर्वाचनको मिति तोकिएको अवस्थामा पर्यवेक्षणका निम्ति तयारी गरिरहनु भएका पूर्व प्रमुख निर्वाचन आयुक्त सूर्य प्रसाद श्रेष्ठले पनि त्यस्तै विचार व्यक्त गर्नु भएको थियो।

संकटकालीन अवस्थामा स्वतन्त्रतापूर्वक प्रचार प्रसार गर्न नपाइने, भाषण गर्न तथा पर्चा, पम्प्लेट टाँस्न नपाइने हुनाले निर्वाचनका वेला संकटकाल लगाइनु हुँदैन। मानिस त्रसित अवस्थामा रह्यो भने मतदान गर्नका लागि डराउंछन त्यसकारण संकटकाल लागू गरिनु हुँदैन भन्ने कुरा सबै क्षेत्रबाट उठेको थियो। तर अब, निर्वाचनको मिति पनि विलुप्त हुन पुगेको छ।

नेपालको विद्यमान परिस्थिति बहुतै जटिल भएको छ। मानिसको जीउधनको सुरक्षा छैन। शाही कदम पछि देश थप राजनीतिक विवादमा रुमल्लिन पुगेको छ। यस्तो अवस्थामा यथाशक्य चाँडो स्वतन्त्र, निष्पक्ष निर्वाचन गराउनु बाहेक राजनीतिक स्थीरताका निम्ति अर्को उपाय छैन। सबै किसिमको राजनीतिक अन्यौललाई विदा गर्न फेरि पनि शान्तिपूर्ण वातावरणमा आमनिर्वाचन गराउनु बाहेक अर्को विकल्प छैन। ■


फोटो : कृष्ण गौतम

शान्तिको पर्खाइमा कालिकोट सदरमुकाम : मान्म खाँडाचक्र

# महासंकटको चपेटामा : कालिकोट र जुम्ला

कृष्ण गौतम

## कालिकोट

देशमा संकटकालीन स्थिति लागू भइरहेको अवस्थामा देशकै एउटा जिल्लाका बासिन्दाले महासंकटकाल भोग्नु परेको थियो भन्ने सुन्दा झट्ट विश्वास नलाग्न सक्छ। तर देशको सबैभन्दा दुर्गम ठानिएको कर्णाली अञ्चलको पनि संभवत: सबैभन्दा दुर्गम जिल्ला कालिकोट अहिले पनि संकटै संकटमा रहेको छ। यो पंक्तिकार राष्ट्रिय मानवअधिकार आयोगको मानवअधिकार अनुगमन टोलीमा सामेल भई सुर्खेत, दैलेख, कालिकोट र जुम्लाको भ्रमण गरेको थियो। ती सबै जिल्लाहरु राज्य र गैरराज्य (माओवादी) का हिंसा र प्रतिहिंसा तथा त्यसबाट उत्पन्न समस्याहरुबाट पीडित छन्। तर, ती मध्ये कर्णाली अंचलमा कालिकोट, जुम्लाको स्थिति अन्य जिल्लाहरुको भन्दा विशिष्ट भएको अनुभव संगालिएकाले कालिकोट र जुम्लावासीहरु न्यूनतम मानवअधिकार कसरी उपभोग गरिरहेका छन् ? ती पक्षहरुलाई समेटेर यहाँ प्रत्यक्ष विवरण प्रस्तुत गरिदैछ।

कालिकोट जिल्लाको सदरमुकाम मान्मा गाविस-५ का करिब २ सय घर धुरी खाँडाचक्रमा श्री ५ को सरकारको उपस्थिति छ। सुरक्षा घेरा पनि सदरमुकाममा मात्र सीमित छ। सदरमुकाम बजार पुग्ने नाकाहरुमा बसेका प्रहरीले बजार क्षेत्रमा प्रवेश गर्नेहरुलाई प्रवेश पत्र दिने गर्दछन्। सदरमुकाममा विस्थापितको समस्या छ, खाद्य संकट छ, गाउँमा औषधी छैन, नदीमा पुल छैनन्, हुलाक छैन, टेलिफोनहरु बन्द छन्, स्थिति संकटग्रस्त छ। सदरमुकाममा बत्ती छैन। समग्रमा भन्नुपर्दा कालिकोट आधारभूत मानवअधिकारबाट समेत वञ्चित छ।

माओवादी "जनयुद्ध" शुरु भएदेखि नै यो जिल्ला प्रभावित रहँदै आएको छ। यो जिल्ला अहिले पनि माओवादी प्रभावित 'क' श्रेणीमा पर्दछ। राज्यबाट "आतंककारी" का नाममा दर्जनौं निर्दोष नागरिकहरु मारिएका छन्। ०५८ फागुनमा अछाम सदरमुकाम आक्रमण पछि त्यस जिल्लामा गरिएको सुरक्षा कारवाहीका नाममा निर्दोष नागरिकहरुले ज्यान गुमाउनु परेको थियो। अर्कोतर्फ, माओवादीहरुले सुराकी गरेको आरोपमा कैयौंको हत्या गरिसकेका छन्। हत्या हिंसा बाहेक त्यो भन्दा बढी पीडा दिने यस जिल्लामा देखिएका समस्याहरुलाई विभिन्न शीर्षकमा राखेर नियाल्ने प्रयास गरिएको छ।

### तथ्यांकमा कालिकोट

| | |
|---|---|
| राष्ट्रिय जनगणना | २०५८ अनुसार |
| कूल जनसंख्या : | १०५५८० |
| पुरुष : | ५३१८९ |
| महिला : | ५२३९१ |
| परिवार संख्या : | १८४८७ |
| औसत परिवार संख्या : | ५.७१ |
| जनघनत्व : | ६१ व्यक्ति प्रति व. कि. मि. |
| कुल साक्षरता : | ३१.५ प्रतिशत |
| पुरुष : | ४५ प्रतिशत |
| महिला : | १८ प्रतिशत |

### सदरमुकाम नाकाबन्दी

जिल्ला सदरमुकाम मान्म गाविसको खाँडाचक्रलाई माओवादीहरुले पूर्ण रुपमा नाकाबन्दी गरेका छन्। अन्यत्रबाट कुनै खानेकुरा (अन्न, तरकारी, फलफूल, दुध, घ्यू

आदि) सदरमुकाममा बेच्न वा लैजान पूर्ण रोक लगाएका छन्। यसका कारण पनि मान्ममा अहिले खाद्य संकट छ।

सदरमुकाममा जान माओवादीद्वारा गठित राज्यको समानान्तर स्थानीय निकाय "गाउँ जनसरकार" गाजसको सिफारिस एक किसिमको "भिसा" नै जरुरी हुन्छ। त्यस किसिमको पत्रमा सिफारिस दिने गाजसको ठेगाना लेखिएको हुन्छ। कसलाई, के कामका लागि ? भन्ने खुलाइएको हुन्छ, सिफारिस दिने व्यक्तिको नाम र हस्ताक्षर अनि चेक प्वाइन्टमा बस्ने व्यक्तिलाई सम्बोधन गरी "पत्रवाहकलाई नरोकी जान दिनु होला" भन्ने उल्लेख हुन्छ। सिफारिस सबैलाई सहजै उपलब्ध हुँदैन। यदि कुनै व्यक्ति सिफारिस विना सदरमुकाम जान खोजेको पाइएमा उ सजायको भागेदार हुन्छ। हामीले त्यस्तै एक जना पीडितलाई भेटाएका थियौं। उनी जिल्ला शिक्षा कार्यालयद्वारा संचालित ३ महिने प्रौढ शिक्षा कार्याक्रमका शिक्षक हुन्। ३ महिना पढाइसकेपछि ०५९ असार ३१ गते तलब लिन सदरमुकाम जाँदै थिए, मान्मसँग सिमाना जोडिएको दाहाँ गाविसमा रहेको माओवादीहरुको चेक प्वाइन्टमा उनीसँग सिफारिस पत्र मागियो। सिफारिस पत्र नलिएर माओवादी "स्थानीय सत्ता"को अवज्ञा गरेको आरोपमा त्यहींबाट गाउँमै फिर्ता हुन बाध्य पारियो। उनलाई सजाय स्वरुप कतैबाट लुटेर ल्याएको ६० के.जी. को सोलार सेट को भारी बोकेर गाउँसम्म पुऱ्याउन लगाइयो। यो त एउटा उदाहरण मात्र हो। यसरी नै सिफारिस नलिएको भनी कैयौं व्यक्तिलाई फिर्ता गराइएको छ। सजायको भागी बनाइएको छ।

माओवादीले गरेको नाकाबन्दीले सदरमुकाम पूर्ण रुपले प्रभावित छ नै। त्यसको मारमा अन्य गाउँका जनता पनि परेका छन्। दाहाँ गाविसका किसानहरु दुखेसो पोख्दै भनेका थिए- "हाम्रो प्रमुख उत्पादन आलु हो। हामीले बिक्री गर्न बजारमा लान पाएका छैनौं। यस गाविसबाट मात्र वार्षिक २०-२५ लाख रुपैयाँ बराबरको आलु बिक्री हुन्थ्यो, यस वर्ष त सबै घरमा सड्ने भयो।"

**खाद्य संकट**

माओवादीहरुले गाउँमा उत्पादित वस्तु बजारमा ल्याउन नदिएर मात्र, होइन यो जिल्ला आफैमा खाद्यान्नमा आत्मनिर्भर छैन। हरेक वर्ष हेलिकप्टरबाट खाद्य संस्थानको चामल श्री ५ को सरकारको अनुदानमा ढुवानी भई वितरण हुने गर्छ। सदरमुकाममा एउटा शाखा कार्यालय र अन्य ३ ठाउँमा डिपोहरु मार्फत् चामल बिक्री वितरण हुने गर्दथ्यो। यस वर्षको सुरुवात वैशाखसम्म खाद्यान्न नियमित वितरण भए पनि त्यसयता संकट परेको छ।

हामी सदरमुकाम मान्म पुग्दा कारागारमा रहेका बन्दीहरुका लागि छुट्याइएको ६ क्वीन्टल चामल मात्र खाद्य संस्थानको गोदाममा रहेको कुरा संस्थानका शाखा प्रमुख जीवनाथ कँडेलले जानकारी दिनु भयो। जिल्लामा अहिले १५ हजार क्वीन्टल खाद्यान्नको माग रहेको जानकारी पनि उहाँले गराउनु भएको थियो।

सदरमुकाममा दुई छाक पेटभरि खान पाउनु भनेको अहिले ठूलो कुरा भएको छ। सुरक्षा निकाय बाहेक अन्य कोही पनि छाक टार्ने कुरामा ढुक्क छैन (प्रहरी र सेनाका लागि खाद्यान्नको छुट्टै ठेक्का भएकाले अर्कै व्यवस्था छ)। गाउँबाट विस्थापित भएर सदरमुकाममा बस्नेहरुको संख्या पनि कम छैन। अहिले खासगरी त्यही समूह खाद्य संकटको बढी चपेटामा परेको छ। कतिले नजिकै जंगलबाट कन्दमुल, सिस्नो ल्याएर त्यही मात्र खाएर पनि ज्यान बचाएको पाइयो।

स्थलमार्गबाट खच्चरलाई खाद्य सामाग्री बोकाएर ल्याउन माओवादीले रोक लगाउनु र हेलिकप्टर व्यवस्था हुन नसक्नु नै यस्तो संकटको कारक भएको प्रमुख जिल्ला अधिकारी माथवरसिंह थापा बताउनु हुन्छ।

सदरमुकाम बाहिरका केही गाउँमा दैलेख तिरबाट खच्चरले बोकेर ल्याउने भएकाले महंगो परे पनि चामल उपलब्ध छ। तर त्यहाँका व्यापारीहरुको पनि गुनासो छ-




फोटो साभार : हिमाल पाक्षिक

**०५२ सालदेखि हालसम्म कालिकोट जिल्लामा भएका घटनाहरु**

१. प्रहरीको कारबाहीमा परी मृत्यु भएका माओबादीहरुको संख्या : १८० जना।
   (क) २०५२ साल देखि संकटकाल लागु हुँदासम्म : १०१ जना।
   (ख) संकटकाल लागु भएदेखी हालसम्म : ७९ जना।
२. २०५२ साल देखि हालसम्म कानुनी कारबाही चलाइएका माओबादीहरुको संख्या : ५६ जना।
३. माओबादीहरुबाट मारिएको प्रहरीहरुको संख्याहालसम्म : १९ जना।
४. माओबादीहरुबाट ध्वस्त पारिएका प्रहरी चौकी तथा स्ट्राईकि वेस संख्या ५ वटा।
५. माओबादीबाट मारिएका सर्वसाधारण नागरिकहरुको संख्या : ४० जना।
   (क) संकटकाल अगाडी : २८ जना।
   (ख) संकटकाल पछाडी : १२ जना।
६. माओबादीको दवावको कारण विस्थापीत भएका सर्वसाधारण व्यक्तिहरुको संख्या: १८० जना।
   (क) संकटकाल अगाडी : ८५ जना।
   (ख) संकटकाल पछाडी : ९५ जना।
७. भुमिगत माओबादीहरुको संख्या: ५५९ जना।
८. आत्मसमर्पण गर्ने माओबादीहरुको संख्या : ४९३ राजनैतिक कार्यकर्ता ३६ जना सेना।
९. माओबादीबाट टुटपाट गरिएका व्यक्तिहरुको संख्या : ८८ जना।

*स्रोत : जिल्ला प्रहरी कार्यालय, कालिकोट*




**स्वास्थ्य सेवा : दाहाँ उपस्वास्थ्य चौकीमा डाक्टरको काम गर्दै पियन**

"प्रशासनले साढे १ क्वीन्टल भन्दा बढी राख्न दिदैन। राखेमा माओवादी पालेको आरोप लगाउँछ।" सदरमुकाममा पुरै संकट भए पनि खाद्य संस्थानका अन्य डिपोहरुमा चामल नपठाइएकोले गाउँहरुमा पनि खाद्यान्न संकट छ।

**स्वास्थ्य स्थिति**

जिल्लामा अस्पतालका लागि भवनहरु बनेका भए पनि अस्पताल भने अझै संचालन भएको छैन। त्यहाँ स्वास्थ्य केन्द्र मात्र संचालित छ। जिल्ला भरमा गरी १० स्वास्थ्य चौकी र १९ उपस्वास्थ्य चौकी छन्।

हामीले बाटोमा- लुतो लागेका र जुका परेका थुप्रै बालबालिकाहरुलाई भेट्यौं। कति हेल्थपोष्टमा औषधी र डाक्टर दुवै थिएनन्। केहीमा थोरै औषधी र पियनले नै भए पनि विरामी जाँच गर्दै गरेको पाइयो। दाहाँ उपस्वास्थ्य चौकीमा विरामी जाँच गर्दै गरेका पियनका अनुसार त्यहाँ सिटामोल, स्वनविन, मेट्रोनिडाजोल जस्ता औषधी मात्र उपलब्ध छ। त्यहाँ दैनिक २० जना विरामी आउने गरेको, धेरैजसो निमोनिया, लुतो, जुका परेकाहरु हुन्छन्। उनी भन्छन्- संकटकाल घोषणा भएको ६ महिनासम्म त सबै औषधी बन्द गरियो। असारदेखि मात्र औषधी आंशिक रुपमा पठाइएको छ। पहिले वर्षको ९ पेटी औषधी आउँथ्यो अहिले १ पेटी मात्र आएको छ।"

आफ्नो साढे २ वर्षीय छोरालाई जचाउन आएकी एक महिलाले आफ्नो छोराको उपचार जसरी भए पनि त्यहीं गरिदिन अनुरोध गरिरहेकी थिइन्। पियनले "सदरमुकाममा डाक्टर साहेव हुनुहुन्छ त्यहीं गएर जचाउन" भनिरहेका थिए। विरामीलाई पनि माओवादीहरुले सदरमुकाम जान नदिई रोक्दा रहेछन्। "भदौ २० गतेसम्म कतै नजानू" भनेकाले उनी आफ्नो विरामी छोरा लिएर उपचार गर्न जान समेत सकिरहेकी छैनन्।

जिल्ला स्वास्थ्य प्रमुख डा. रामराज पन्थी असारमा मात्र कालिकोट आएको, त्यसपछि सुरक्षा निकायसँग बैठक गरी छलफल गरेर केही (एन्टिवायोटिक, स्लाइन, स्प्रीट, व्याण्डेज बाहेक) औषधी स्वास्थ्य चौकीहरुमा पठाउने व्यवस्था मिलाएको बताउनु भयो। डा. पन्थीका अनुसार ०५८ माघदेखि पोलियो खुवाउने कार्यक्रम पनि प्रभावित भए। ०५८ फागुनको पहिलो साता अछामको घटना पछि पूरै खोप कार्यक्रम प्रभावित भई भ्याक्सिन ल्याउन-लैजान बाधा पुऱ्याएका कारण बन्द भएको छ। जिल्ला सदरमुकाममा औषधी पर्याप्त भण्डार छ। तर दुरुपयोग हुन सक्ने भएकाले सुरक्षा निकायको अनुरोधमा त्यसो गरिएको हो। कारण जुनसुकै भएपछि स्वास्थ्य सेवाबाट कालिकोटवासी वञ्चित छन्।

**शैक्षिक क्षेत्रको अवस्था**

१ सय ३३ प्रावि, १९ निमावि, २० मावि र २ वटा उच्च मावि रहेको कालिकोटमा शिक्षकहरु प्रावि तर्फ ४ सय ६८ जना, निमावि तर्फ ८६ जना, मावि तर्फ ६५ जना र उच्च मावि तर्फ २ जना छन्। 'माओवादी जनयुद्ध' र त्यसबाट उत्पन्न परिस्थितिका कारण शिक्षा क्षेत्र निकै प्रभावित छ। विद्यालय जाने उमेरका कैयौं बालबालिका जिल्ला नै छोडेर बाहिर गइरहेका छन्। कैयौंले कलमको ठाउँमा घाँटीमा ग्रिनेट, बम बोकेर हिंडेका छन्। उनीहरुकै शब्दमा "बुर्जुवा शिक्षा छोडेर मार्क्सवादको विश्वविद्यालयमा अध्ययन गर्दैछौं" भन्ने गरेको पनि पाइयो। शिक्षकहरु राज्य र माओवादी दुवै पक्षबाट मारिएका छन्। दुवै पक्षबाट हैरान पार्ने काम भइरहेको पाइन्छ। माओवादीहरुले शिक्षकहरुसँग मासिक तलबको ३ प्रतिशत लेवी उठाउँदै आएकोमा संकटकाल लागू भए यता "युद्ध कर बढेको" भन्दै ५ प्रतिशत लिने गरेको पीडित शिक्षकहरु बताउँछन्। तोकिएको लेवी तिर्न अस्वीकार गर्ने शिक्षकलाई माओवादीले कारवाही गर्छन्। गाउँको विद्यालयमा गएर पढाउनु पर्ने डेढ दर्जन भन्दा बढी शिक्षकहरु सदरमुकाममा बस्दै आएका छन्। गाउँमा गएर पढाउन सकिरहेका शिक्षकहरु माथि प्रशासनले शंका गरी दुःख दिने गर्छ।

जिल्ला शिक्षा कार्यालयका निमित्त प्रमुख हरिप्रसाद दाहाल समस्या बारेमा जानकारी गराउँदै भन्नुहुन्छ- "शिक्षा क्षेत्र सबभन्दा बढी प्रभावित छ। शिक्षकसँग चन्दा मागिन्छ, कुनै पनि दिन माओवादी आएर विद्यालयमा कार्यक्रम गर्न सक्छन्, कर्मचारी अनुगमनमा जान सक्ने अवस्था छैन, दूर शिक्षा तालिम लिएका शिक्षकहरुको परीक्षा पनि हुन सकेको छैन।"

यस पटकको एसएलसी परीक्षामा ४ सय १५ जनाले फारम भरेकोमा ३ सय ८५ जना मात्र सम्मिलित भए। ती मध्ये १ छात्रा सहित जम्मा ७ जना मात्र पास भए। परीक्षामा आउने विद्यार्थी सुरक्षा फौजले समात्ने डरले पनि केही आएनन्। आएका मध्ये केहीले आत्मसमर्पण गरेका थिए।

सदरमुकामस्थित पुस्तक बिक्रेताका अनुसार कक्षा ६-१० सम्म ८५ प्रतिशतले किताब किनेका छैनन्। यसबाट पनि अनुमान गर्न सकिन्छ कि शैक्षिक स्थिति कस्तो हुँदै गइरहेको छ।

**सञ्चार**

अहिले कालिकोट पूर्णरुपले संचार विहिन छ भन्दा अत्युक्ति नहोला। संचार क्षेत्रमा भएको नयाँ आविष्कारले संसारलाई एउटा गाउँमा परिणत गरिरहेको छ भनी चर्चा भइरहेको अवस्थामा नेपालकै एउटा जिल्लासँग सुरक्षा निकायका आ.वा. बाहेक अन्य कुनै संचारको माध्यम छैन। कस्तो विडम्बना, जिल्ला हुलाक समेत गरी ३० वटा हुलाक भएको यस

जिल्लामा माओवादीहरुले हुलाकका सामाग्री लुट्ने गरेकाले हुलाक सेवा बन्द भएको थियो। जिल्ला हुलाक कार्यालयका निमित्त प्रमुख राम गिरीका अनुसार ०५८ चैत २५ गते हुलाकमा अन्तिम पटक चिठी प्राप्त भएको थियो। त्यसपछि टेलिफोन पूर्ण रुपमा टुटेको छ। हुलाक छैन भन्दा पनि हुन्छ। नेपाल दूरसञ्चार संस्थानले सदरमुकाम मान्ममा 'सी डट प्रणाली' मार्फत् १ सय २४ लाइन फोन उपलब्ध गराइदिएको र अन्य ८ वटा गाविसमा समेत फोन सुविधा थपिएको थियो। ०५८ फागुन ३ गते भर्ता गाविसस्थित रिपिटर टावर माओवादीले आक्रमण गरी ध्वस्त बनाइदिएपछि टेलिफोन सेवा पूर्ण रुपमा बन्द भएको छ।

यातायातको नाममा कहिलेकाहीं आक्कल-झुक्कल हेलिकप्टर मात्र छ। त्यसको पनि कुनै नियमित सेवा छैन। २ दिन जुम्ला पुगेर हवाई जहाजमा चढ्ने वा २-३ दिन हिंडेर दैलेख डुंगेश्वरबाट बस चढ्ने मात्र विकल्प छ।

**नदीमा पुल छैनन्**

कालिकोट जिल्ला तिला र कर्णाली नदीमा रहेका राराघाट, रेङ्गिलघाट, लालीघाटमा रहेका झोलुङ्गे पुल माओवादीहरुले ध्वस्त बनाइदिए पछि कर्णाली पारीका १२ वटा गाविससँग पूरै सम्पर्क विच्छेद भएको छ। सदरमुकामबाट कर्णाली पारीको गाविसमा जानलाई दैलेख, अछाम हुँदै जानु पर्ने बाध्यता छ। पहिले ३ घण्टा पैदल दूरीका ठाउँमा जान ३ दिन पनि लाग्न सक्छ। सदरमुकामबाट पल्लोपट्टि देखिने कोटवाडा गाविसमा सैनिक हेलिकप्टर अवतरण गर्न खोज्दा त्यहाँ माओवादीले व्यवधान गरेपछि सदरमुकाम स्थित सैनिक ब्यारेकबाट 'लङ्गरेन्ज" हतियारबाट फायरिङ्ग गर्दा कोटवाडाको एउटा घरमा आगो लागेको थियो। हवाई दूरी करिब ५ कि. मि., हतियारको गोली पुग्न ५ सेकेण्ड मात्र लाग्ने ठाउँमा मानिस पुग्न २ दिन लाग्छ।

**विस्थापितहरुको समस्या**

कालिकोटका गाउँहरुमा माओवादी बाहेक अन्य पार्टीका नेताहरु कोही पनि छैनन्। अन्य राजनीतिक गतिविधि पनि हुँदैनन्। सबै पार्टीका जिल्ला स्तरीय नेताहरु परिवारसहित सदरमुकाममा बस्दै आएका छन्। अलि बढी आर्थिक हैसियत भएकाहरु नेपालगञ्ज, काठमाडौंतिर बस्छन्। ती मध्ये कति धम्की आएकै कारण सदरमुकाममा बसिरहेका छन् भने केहीका परिवार समेतलाई कुटपिट गरी घरका सम्पूर्ण सामान माओवादीहरुले कब्जा गरेर लखेटेका छन्।

अहिले सदरमुकाममा बस्नेहरु सबै माओवादीहरुको नजरमा 'प्रतिक्रियावादी राज्यसत्ता र त्यसका भरौटेहरु' मात्र हुन्। विस्थापितहरुमा शिक्षकहरु तथा स्वास्थ्य कार्यकर्ताहरु पनि छन्। विस्थापित भत्ता पाइने आशामा पनि केही मानिसहरु सदरमुकाममै बसेका छन्। तर, भत्ता लामो समयदेखि नपाइएको गुनासो विस्थापितहरुको छ। विस्थापनको समस्याले युवतीहरु यौन व्यवसायमा पनि लागेर समाजमा विकृति बढेको गुनासो बजारबासीहरुको छ।

अहिले पनि गाउँ-गाउँबाट युवाहरु पलायन हुँदैछन्। दोहोरो मारमा परिरहेको अवस्थामा चुनावको घोषणा भएको थियो। तत्कालीन अवस्थामा भोट हाले पनि नहाले पनि एउटा-एउटा पक्षको निशाना बन्ने डरले पनि मानिसहरु गाउँ छोडेर हिंड्न थालेको विश्लेषण जिविसका निवर्तमान उपसभापति तुलाराज विष्टको छ। "कालिकोट जिल्लाको जस्तै अवस्था देशभरि हुन सक्छ। समस्या समाधानको एक मात्र विकल्प वार्ता हो, त्यो हुनुपर्छ।" विष्टको भनाइ थियो।

जिल्ला प्रहरी कार्यालयका प्रमुख डि. एस. पी. जगतमान श्रेष्ठ सुरक्षा सदरमुकाममा भएको र माओवादी पीडित नेता कार्यकर्ता र सरकारी कार्यालयहरुको सुरक्षामा केन्द्रित भएको बताउनु हुन्छ।

कालिकोटमा संचालन भएका सुरक्षाफौजका कारवाही बारे सैनिक गुल्मका प्रमुख मेजर विष्णु चापागाईको भनाई थियो- "यो जिल्लाका गाउँमा धेरैले सैनिक नै नदेखेका रहेछन्, हामीलाई देख्दा शुरु-शुरुमा त गाउँलेहरु भाग्ने गर्थे। माओवादीहरुले पनि सेनाका बारेमा गाउँलेहरुलाई नराम्रो अफवाह फैलाएका छन्। अछाम घटनापछि माओवादीहरु कालिकोटमा प्रवेश गरेको भन्ने सूचनाका आधारमा कालिकोटमा व्यापक अप्रेशन गरियो। त्यतिबेला केही सामान्य गल्ती भएका हुन सक्छन्। अन्यथा सैनिक मानवअधिकार र मानवीय कानुन प्रति पूर्ण सजग छ। सेनाको काम हतियार खोस्ने, वार्तामा आउन दबाब सृजना गर्ने हो। समाधान राजनीतिक वार्ताकै माध्यमबाट गरिनु पर्छ।"

प्रमुख जिल्ला अधिकारी माथवरसिंह थापा जिल्लाको स्थिति दर्दनाक भएको बताउँदै भन्नुहुन्छ- "यहाँका समस्या सम्बन्धित तहमा पुऱ्याउने काम मेरो हो। मैले पटक-पटक सरकारलाई नियमित जानकारी गराएको छु। लिखित रुपमा जिल्लाका समस्याहरु र श्री ५ को सरकारबाट तत्काल चाल्नु पर्ने कदमबारे गृह सचिवज्यू समक्ष पठाएको छु। तर केही सुनुवाई भएको जस्तो लाग्दैन। अहिले कालिकोटलाई विकास होइन शान्ति सुरक्षा चाहिएको छ।

कालिकोटका जनताले भोग्नु परेको समस्या बारे एक जना राजनीतिक कार्यकर्ताले भनेको भनाई मार्मिक छ- "भागेर जाने ठाउँ छैन, उडेर जान सकिँदैन।"

केही वर्ष पहिलेसम्म कालिकोटलाई विकास चाहिएको छ भन्ने अहिले भन्छन्- "हामीलाई विकास होइन शान्ति सुरक्षा चाहिएको छ, बाँचे पो विकास।"

## जुम्ला

कर्णाली अंचलको सदरमुकामको रुपमा रहेको जुम्ला पनि हत्या हिंसाका घटना र त्यसबाट उत्पन्न परिस्थितिको सामना गरिरहेको छ। पक्की धावन मार्ग भएको यहाँको विमानस्थलबाट दर्जनौं हवाई उडान भएको देख्दा जो कोहीलाई पत्याउन गाह्रै पर्छ कि जुम्लीहरुको जीवन सहज छैन भनेर। कालिकोटको जस्तो सदरमुकाम 'नाकाबन्दी छैन तर पनि संकट मुक्त हुन सकेको छैन- यहाँको जनजीवन।

विस्थापितहरुको समस्या बढ्दो क्रममा छ। गाउँ-गाउँमा रहेका उपस्वास्थ्य चौकीहरुमा औषधी लान दुरुपयोग हुने (माओवादीहरुले लाने) कारण देखाई बन्द गरिएको छ। गाउँमा विद्यालयहरुमा पढाई सुचारु हुन सकेको छैन। जसका कारण सदरमुकाममा रहेको माध्यमिक विद्यालयमा थाम्नै नसक्ने गरी विद्यार्थीहरुको चाप बढेको छ।

बजारबाट सामान किन्न परिमाणात्मक बन्देज लगाइएको छ। खाद्यान्नको संग्रह राम्रै रहेको बताइए पनि संकट नै छ। जुम्लाका विभिन्न क्षेत्रमा देखिएका समस्याहरु त्यस बारेका स्थानीय व्यक्तिहरु र सम्बन्धित सरकारी पक्षको प्रतिक्रिया हामीले संकलन गरेका थियौं।

**खाद्यान्न स्थिति**

- प्रति वर्ष प्रतिव्यक्ति आश्यकता- २०१ कि. ग्रा.
- जिल्लाको लागि कूल आवश्यकता- २१,२६१.७८ मे. ट.
- जिल्लामा उत्पादित- २०,८६६।५७ मे. ट.
- क्षति ६ प्रतिशतले- १२५१,९९ मे.ट.
- जिल्ला कूल अपुग- १६,४७२० मे.ट.

स्रोत : जिविस, कालिकोट

## पुस १२ को घटना

बेलुका साढे पाँच बजेतिर माओवादीहरुले सदरमुकामको एक छेउ छिनागाउँको अग्लो भागबाट सुरक्षा निकाय (प्रहरी र सेना) का कार्यालयहरुमा लक्षित गर्दै फायरिङ्ग तथा बम प्रहार गरे। प्रहरी र सेना दुवैले फायरिङ्ग शुरु गरे। जिल्ला प्रहरी कार्यालयका तत्कालीन प्रमुख आफ्ना मातहतका अधिकृत तथा जवानहरुलाई कार्यालय छोडेर आफू सेनाको व्यारेकमा पुगे। पछि सबै प्रहरी सेनाकै नजिक गए। त्यहाँबाट लगातार १७ घण्टासम्म फायरिङ्ग भइरह्यो। सो क्रममा चन्दननाथ गाविस-९ का शिवतली सुनार र भीमबहादुर सुनारको मृत्यु भयो। २ जना बच्चा सहित १० जना गोली लागेर घाइते भए। डीएसपी कुलप्रसाद चालिसे समेत २ जना प्रहरी घाइते भए। छिना गाउँका घरहरु गोली लागेर छिया छिया भए।

यस घटनाका सम्बन्धमा स्थानीय मानवअधिकारकर्मी तथा कानुन व्यवसायी विष्णु तिम्सिना भन्छन्- "त्यो दिन मानवअधिकारको गम्भीर उल्लंघन भएको दिन हो। तसर्थ घटनाको गम्भीर छानविन गरी दोषीमाथि कारवाही गरी पीडितहरुलाई क्षतिपूर्ति दिइनु पर्छ। त्यो दिन जुम्लावासीको जिन्दगी नै यस्तै रहेछ जस्तो भएको थियो। सैनिक हिरासतमा भएकाहरुले कुटाइ खाए। अनावश्यक रुपमा लाखौं गोली चलाएर राष्ट्रिय सम्पत्ति सत्यानास गरियो। ढाँट थापला सामुदायिक वनमा गोलावारीका कारण आगलागी हुँदा हजारौं विरुवा डढे।"

सो घटना हुँदा आफू जुम्लामा नभएको भए पनि संस्थागत रुपमा जिम्मेवारी लिंदै सेनाका प्रमुख मेजर हिरालाल जोशीले स्थितिको आँकलन नगरी गलत सूचनाले गर्दा सुरक्षाकर्मीद्वारा स्थिति भयावह हुन पुगेको बताउनु भयो।

### शान्ति सुरक्षा

सदरमुकाम बाहेक अन्यत्र सुरक्षा निकायको उपस्थिति छैन। अर्थात् सुरक्षा सदरमुकाममा मात्र केन्द्रित छ- शाही नेपाली सेना र जनपथ प्रहरी। आफ्नो र सदरमुकामबासीको सुरक्षा गर्न बसेका छन्। केही महिना अगाडि देखि रातको सममया सदरमुकाम क्षेत्रमा लगाईदै आएको कर्फ्यू निरन्तर छ। तर, गाउँमा सुरक्षां निकायहरु नरहेको हुँदा माओवादी पक्षबाट विभिन्न घटनाहरु हुने गर्छन्। गाउँमा असुरक्षाको महसूस गरेर सदरमुकाममा विस्थापित भएकाहरुको संख्या पनि कम छैन। संकटकाल लागेको लगत्तै सदरमुकाममा ०५८ पुस १२ गते राति भएको माओवादी फायरिङ र त्यसको प्रत्याक्रमण गर्ने क्रममा सुरक्षा निकायद्वारा लगातार १७ घण्टासम्म फायरिङ हुँदाको क्षण सदरमुकामवासीहरुको मन मस्तिष्कमा ताजै छ।

### स्वास्थ्य सेवा

गाउँमा रहेका स्वास्थ्यचौकी तथा उपस्वास्थ्य चौकीहरुमा कुनै औषधी छैन। प्रशासनबाट गाउँमा औषधी लान रोक लगाइएको छ। ९ वटा इलाका स्वास्थ्य चौकी र २० वटा उपस्वास्थ्य चौकी अहिले नाम मात्रका भेषका छन्। सिजामा रहेका आयुर्वेदिक अस्पताल सदरमुकाममै सारिएको र निस्कृय छ। औषधी आपूर्ति नहुँदा स्थानीय स्वास्थ्य कार्यकर्ताहरुलाई कम गर्न पनि कठिन छ। गाउँका बालबालिकाहरुले जुका मुखबाट ओकल्ने स्थितिमा पुगेको देखिन्छ। सरकारी कोटा अनुसारका औषधीहरु तथा केएफडब्ल्यू नामक जर्मन संस्थाले जुम्लाको लागि पठाएको १८ लाख रुपैयाँ बराबरको औषधी सदरमुकाममै थन्किएको छ। विजुली नभएका कारण रेफ्रिजेरेटर चल्दैन। फलत: खोप कार्यक्रम पनि प्रभावित भएको र भ्याक्सिन समेतका औषधी गाउँमा लैजान रोक लगाएपछि समस्या उत्पन्न भएको जिल्ला अस्पतालका प्रमुख डा. पन्नालाल साह बताउनु हुन्छ। जिल्ला अस्पतालमा बिरामीको चाप बढ्दो छ। कहिले काहीं त एकै दिनमा ३ सय जना विरामी पनि आउने गरेको जिल्ला स्वास्थय कार्यालयका जनस्वास्थ्य निरीक्षक बलराम थापा बताउनु हुन्छ। गाउँमा सुरक्षा फौज जाँदा उनीहरुसँगै स्वास्थ्यकर्मी जाने गरेको र इन्टरनेशनल नेपाल फेलोसिप (आईएनएफ) मार्फत् मात्र केही औषधी गाउँमा पुग्ने गरेको पाइन्छ।

### खाद्यान्नको स्थिति

कर्णालीमा अन्य जिल्लाहरु जस्तै जुम्ला पनि खाद्यान्नको संकट हुने जिल्ला हो। नियमित हवाई सेवा हुने यस जिल्लाको खाद्य संस्थानको शाखा कार्यालयमा खाद्यान्न मौज्दात रहे पनि वितरण प्रति गुनासो हुने गर्दछ। यहाँको लागि यस वर्ष ७ हजार ९ सय क्वीन्टल खाद्यान्नको कोटा रहेको छ। एक शाखा कार्यालय अलावा जुम्लाको डिपोका लागि ५ सय र घापट डिपोको लागि ३ सय क्वीन्टल कोटा छुट्याइएको छ। छुट्याइएको कोटा अनुसारको चामल गाउँमा पुगेको छैन। विस्थापित भई सदरमुकाममा बस्नेहरु खाद्य संस्थानले आफूहरुलाई खाद्यान्न उपलब्ध नगराएको गुनासो गर्छन्। खाद्य संस्थानका निमित्त प्रमुख रणबहादुर ऐरीका अनुसार "सदरमुकाम वरिपरिका गाविसलाई पनि कोटा निर्धारण. गरिएको, स्थानीय निकायका पदाधिकारीको सिफारिसमा खाद्यान्न उपलब्ध गरिदै आएकोमा उनीहरुको पदावधि समाप्त भएपछि खाद्यान्न पठाउने कार्य स्थगित गरिएको छ।"

खाद्यान्न नपाएर भात चाख्न र टन्न खानका लागि सदरमुकाम भन्दा चार घण्टा पैदल दूरीमा रहेको डिल्लीचौर मा. वि. का शिक्षक लक्ष्मण शाह सदरमुकाम आउनुले गाउँको खाद्यान्न स्थिति नराम्रो भएको कुरा त्यहाँका बुद्धिजीवीहरु बताउँछन्।

## गलत सूचनाले निम्त्याएको परिणाम

साउन १९ गतेको रेडियो नेपालको अखबार कार्यक्रममा कर्णाली पारीका कुमाल गाउँ, कोरवाडा, रुप्सा, मालकोट, लालु लगायतका गाउँहरुमा झाडापखालाको महामारीबाट एक दर्जन भन्दा बढी व्यक्तिको मृत्यु भएको समाचार राजधानी दैनिकलाई उधृत गर्दै प्रशारण गरियो । त्यो सुन्ने वित्तिकै प्रमुख जिल्ला अधिकारीसँग सल्लाह गरी सोही क्षेत्रमा कार्यरत ४ जना अहेवहरुलाई परिचालित हुने पत्र सहित ४ जना पियनहरुलाई औषधि बोकाएर त्यसतर्फ पठाइयो । वास्तवमा त्यहाँको स्थिति के थियो भन्ने कुरा रेडियोबाट सने भन्दा बढी केही थाहा थिएन । किनभने कर्णाली पारीको सम्पर्क पुलहरुको अभाव र माओवादीको कारण सदरमुकाममा पूर्ण रुपमा विच्छेद रहेको अवस्था छ । तसर्थ, रेडियो सुनेकै भरमा पठाइएको करिब १ सय ५० किलो औषधि सहितको सो टोली अछाम, दैलेख र कालिकोटको सीमा क्षेत्र अछामको मानाकोट पुगेर साउन २० गते कोरवाडा तर्फ लाग्यो । उनीहरुलाई औषधि सहित कोटवाडा स्वास्थ्य चौकीसम्म माओवादीहरुले पुऱ्याए । औषधी आफैंले बुझेर पियनहरुलाई फर्काइदिए।



माओवादीले जलाएका कृषि अनुसन्धान केन्द्रका भवनहरु

## शिक्षा

हिंसा, प्रतिहिंसाका कारण शिक्षा क्षेत्र अत्यन्तै प्रभावित भएको छ। गाउँ-गाउँमा राज्यको उपस्थिति देखाउने विद्यालय र शिक्षकहरु नै भएका छन्। उनीहरुलाई पनि गाउँमा टिक्न गाह्रो भइरहेको शिक्षकहरुको गुनासो छ। माओवादीहरुले विभिन्न रुपमा शिक्षा क्षेत्रलाई आक्रमण गर्दै आइरहेका छन्। कात्तिकस्वामी गाविस स्थित रत्न चुडेश्वर संस्कृत मा. वि. मा आगजनी गरिनुलाई एउटा ज्वलन्त उदाहरणको रुपमा लिने गरिन्छ। भैरव मा. वि. नराकोटमा प्रधानाध्यापक धर्मचन्द्र शर्मालाई चार पाटा मुडेर घुमाइएको घटना शिक्षक माथि भएको पहिलो आक्रमणको रुपमा लिइन्छ। कुटपिट र अपहरण हुँदै शिक्षकहरुको हत्या समेत भयो। फ्रौरज्वाला मा. वि. का प्रधानाध्यापक विष्णुप्रसाद चालिसेलाई माओवादीले हत्या गरेको घटनाले शिक्षा क्षेत्र मर्माहत भएको छ।

आठ कक्षा भन्दा माथिका धेरै विद्यार्थीहरु विद्यालय जानै छोडेको बताउनु हुने नेपाल शिक्षक संघका अध्यक्ष डिलबहदुर महत त्यसका ३ कारण भएको तर्क राख्नु हुन्छ। (१) माओवादीमा लागेर भूमिगत हुने, (२) माओवादीले जबरजस्ती लिएर जाने, र (३) अभिभावकहरुसँगै गाउँबाट विस्थापित हुने। अध्यक्ष महतका अनुसार दोहोरो मारबाट बच्न ६० जना शिक्षक सदरमुकाममै काजमा बस्ने निर्णय गरेका छन्।

शिक्षा क्षेत्रको समस्या सम्बन्धमा नेपाल क्रान्तिकारी शिक्षक संघका अध्यक्ष पूर्णप्रसाद धिताल भन्नुहुन्छ- "माओवादीहरुले शिक्षकलाई ५ प्रतिशत लेवी तोकेका छन्। नदिए कुटपिट गर्ने गरेका छन्। मरणासन्न हुने गरी कुटपिट गरिएकाहरुलाई उपचारका लागि सदरमुकाम समेत आउन दिदैनन्। गाउँका विद्यालयहरु बन्द प्रायः छन्। विद्यार्थी छैनन्। सदरमुकाममा भर्ना हुन आएकाहरुले भर्ना पाउन सकेका छैनन्।" शिक्षा क्षेत्रकै समस्या बारे नेपाल राष्ट्रिय शिक्षक संगठनका अध्यक्ष रामचन्द्र बरालको धारणा छ- "माओवादी पक्षबाट शिक्षकसँग जबरजस्ती चन्दा र लेवी लिने, शिक्षकहरुलाई कक्षाबाट निकालेर माओवादीले आफ्नो राजनीतिक कक्षा लिने, शिक्षक र विद्यार्थीहरुलाई जबरजस्ती भेला वा वैठकमा सहभागी गराउने गरिन्छ। यस्ता घटनाहरुबाट शिक्षा क्षेत्र प्रभावित भएको छ।" गाउँ मै बसेर पढाउने शिक्षकहरुप्रति पनि प्रशासनले शंकाको दृष्टिकोणले हेर्ने गरेको छ।

## विस्थापित

गाउँमा बस्न नसकेर विस्थापित हुनेहरुको संख्या दिन प्रतिदिन बढ्दो छ। राजनीतिक पार्टीका कार्यकर्ताहरु, शिक्षकहरु विस्थापित भएका छन्। विस्थापितहरु सबै सदरमुकाममा मात्र होइन, कोही सुर्खेत, नेपालगञ्ज र काठमाडौंमा समेत गएका छन्। जिल्ला प्रशासन कार्यालयको रेकर्डमा ६४ परिवार विस्थापित भएका छन्। २८ जना शिक्षकहरुले कागजमा बस्नका लागि निवेदन दिएका छन्। शिक्षक हरिप्रसाद चौलागाईका अनुसार विस्थापित हुनेहरु ३ किसिमका रहेको पाइन्छ। सम्पत्ति लुटिएका, कुटपिट गरी अंगभंग गरिएका र अर्को एकथरि डर र धम्कीकै कारण घर छोडेर हिड्ने गरेका छन्। विस्थापितहरु खाद्य संस्थानको चामल आफूहरुलाई उपलब्ध नगराइएकाले समस्या परेको बताउँछन्। तर खाद्य संस्थानले भने सबैलाई उपलब्ध गराउने गरेको दावी गर्दछ।

माओवादीमा लागेर प्रशासन समक्ष आत्मसमर्पण गर्नेहरु पनि विस्थापित भएको पाइन्छ। जिल्ला प्रशासन कार्यालयका अनुसार ९ सय ७७ जनाले आत्मसमर्पण गरेका छन्। ती मध्ये केही विस्थापित भएर बसेका छन्। आत्मसमर्पण गर्नेहरु केही महिलाहरुलाई दिउँसो र पुरुषहरुलाई राति सुरक्षाकर्मीसँग सेन्ट्रीमा राख्ने गरिन्छ।

## बिक्रीमा प्रतिबन्ध

माओवादीहरुलाई नाकाबन्दी गरेरै पनि ठीक गर्ने नीति लिएर प्रशासनले केही सामानमा परिमाणात्मक बन्देज लगाएको छ। जस्तैः बिस्कुट, चाउचाउ, साबुन, आदि त्यसो गर्दा पनि व्यापारीहरुले राति पोका पारेरै बढी बेच्ने गरेको प्रशासनको आशंका छ)। १-४ नम्बरसम्मका जुत्ताहरु खुल्ला रुपमा बेच्न दिए पनि त्यो भन्दा ठूलो आकारका जुत्ताहरुको बिक्री वितरणमा पूर्ण प्रतिबन्ध लगाइएको छ। व्यापारीहरुले हवाइजहाजमार्फत् जुम्ला पुऱ्याएका सामान प्रहरीले रोक्ने गरेको उनीहरुको गुनासो छ।

## सञ्चार-विद्युत लगायत्का संरचना क्षतिग्रस्त

केही समययता विकासका संरचनाहरु ध्वस्त पारिए पछि त्यसको पीडा भोगिरहेको छ- जुम्ला। ०५८ फागुन २ गते दूरसंचार संस्थानको रिपिटर टावरमा क्षति पुऱ्याएपछि अन्तरदेशीय र अन्तर्राष्ट्रिय टेलिफोन सेवाबाट सम्पर्क विहिन बनेको छ। जिल्ला हुलाक कार्यालय अन्तरगतका सात वटा इलाका हुलाक ०५८ चैत २०-२६ गते बीचमा जलाइदिएपछि हुलाक सेवा पनि प्रायः बन्द रहेको जिल्ला हुलाक कार्यालयका नासु जानकीदत्त देवकोटा बताउनु हुन्छ।

०५९ वैशाख ११ गते स्थानीय विद्युत गृह माओवादीहरुले ध्वस्त पारिदिएपछि सदरमुकाममा विजुली वत्ती छैन। बिजुलीको अभावमा बच्चाहरुले नियमित भ्याक्सीन पाउन समेत सेवा उपलब्ध सकेका छैनन्।

निमित्त स्थानीय विकास अधिकारी क्षेत्रबहादुर बुढाथापाका अनुसार गत वर्ष सदरमुकाम र आसपासका क्षेत्र बाहेक निर्माण



माओवादीले ध्वस्त पारेको जलविद्युत पावर हाउस

कार्य हुन सकेन। माओवादीहरुद्वारा सदरमुकाम नजिकको महत गाविस लगायत ६ वटा गाविस भवनमा क्षति पुऱ्याइएको छ। जिल्ला पशु कार्यालयका प्रमुख डा. दीर्घ ढुंगानाका अनुसार ३ वटा पशु सेवा केन्द्र माओवादीद्वारा तोडफोड भए। अधिकांश कर्मचारीहरुलाई चेतावनी दिइएको छ।

बागवानी अनुसन्धान केन्द्र राजीकोट माओवादीले आगो लगाई ध्वस्त पारिदिए। गोठीचौर भेडा पालन फारम तोडफोड नभए पनि कर्मचारी बस्न सक्ने स्थिति छैन।

जिल्लामा गरिएको सुरक्षा कारवाहीको सम्बन्धमा सेनानी हिरालाल जोशी भन्नुहुन्छ- "हाम्रो कारवाहीबाट ३५ जना मारिएका छन्। माओवादीको जिल्ला जनसरकार प्रमुख समेत २३ जना र १२ जना मिलिसिया मारिएका छन्। सर्वसाधारण पनि सुरक्षाकर्मीबाट मारिएका छन्। पुस १२ गते २ जनाको मृत्यु र १२ जना घाइते भए। जम्मा ४५ जनालाई गिरफ्तार गरिएकोमा ९ जना जेलचलान भए, ३६ जनालाई जिम्मा लगाइयो। सुरक्षातर्फ १ प्रहरी र १ सैनिक गरी २ जनाको माओवादीले थापेको एम्बुसमा परी मृत्यु भयो भने २ जना प्रहरी घाइते भए।"

जिल्लाको समग्र स्थितिबारे प्रमुख जिल्ला अधिकारी दामोदर पन्त भन्नुहन्छ- अपेक्षाकृत रुपमा सर्वसाधारणमा भय र त्रासमा कमी आएको छ। सुरक्षाको घेरा बढाउँदै लगिएको छ। माओवादी गतिविधि त्यागेर ९७ जनाले आत्मसमर्पण गरेका छन्। उनीहरको भूमिकाका आधारमा तारेखमा राख्ने वा त्यसै छोड्ने गरेका छौं। माओवादी पक्षबाट करीब ४० जनाको घरमा आगो लगाउने वा सम्पत्ति लुट्ने काम भएको छ। सबै गाविसहरु सदरमुकामबाटै संचालन छन्। केही सामानहरुको विक्री वितरणमा परिणात्मक बन्देज लगाइएको छ। ४ नं. भन्दा ठूला साइजका जुत्ताहरुको विक्री वितरणमा पूर्ण प्रतिबन्ध लगाइएको छ।"

भोको पेट बाँच्न विवश जुम्लीहरु मानवअधिकारका आधारभूत कुराहरु शिक्षा, स्वास्थ्य, खाद्यान्न जस्ता कुराहरुमा अभाव भोग्दै शान्तिको चाहनामा बाँचेका छन्।

●

# घरमा सुतिरहेका दम्पतीले अनाहकमा ज्यान गुमाए

**बाँके**

पैंसठ्ठी वर्षीय बृद्धा भूमिसरा थापा आफ्ना छोरी र नाती-नातिनाहरुको पालनपोषणका लागि विभिन्न संघसंस्थाहरुसँग सहयोगको अपेक्षा गर्दै आफ्नो दुःखेसो पोख्छिन्- "हामीलाई कसले न्याय दिने ?" आफ्नै घरमा सुतिरहेका छोरा-बुहारी विनाकारण मारिंदा र बाबुआमाको काखमा सुतिरहेकी १० महिनाकी नातिनी गोलीद्वारा घाइते हुँदा भूमिसरालाई आफू जीउँदै मरेसमान भएको छ। १० महिनाकी घाइते नातिनी र अढाई वर्षको नाती छोरा-बुहारीले नासो छोडेर गएपछि अब उनीहरुलाई कसरी हुर्काउने भन्ने चिन्ताले भूमिसरालाई सताएको छ। टुहुरा अबोध नाती-नातिनीलाई आमाबाबुको आवश्यकता कसरी पूरा गरिदिने? के त्यो सम्भव छ? भूमिसरा वर्तमानमा विचलित भएकी मात्र छैनन्, भविष्यको चिन्ताले झनै पिरोलिरहेको छ।

बाँके जिल्ला नौवस्ता गाविस-८ नेउलापुरमा ०५९ भदौ २५ गते आफ्नो घरमा सुतिरहेका ३५ वर्षीय दलबहादुर थापा र उनकै पत्नी ३३ वर्षीय पार्वती थापा सुरक्षाकर्मीहरुले अन्धाधुन्ध गोली प्रहार गर्दा मारिए भने उनीहरुकी १० महिनाकी छोरी दिपा थापा घाइते भइन्।

बेलुका खाना खाइसकेपछि दलबहादुर, पार्वती र दिपा एक कोठामा र भूमिसरा, उनकी छोरी २१ वर्षीय तिला, १७ वर्षीय लक्ष्मी र दलबहादुरका अढाई वर्षीय छोरा किशोर अर्को कोठामा सुतेका थिए।

बेलुका ८:४० बजेतिर आफूहरु सुतेको कोठाको झ्यालमा दुई जना अज्ञात व्यक्तिहरु देखेपछि "झ्यालबाट कोठामा हेर्ने को हो ?" भन्दै आमालाई उठाउन लाग्दा दाइ-भाउजु सुतेको कोठामा गोली प्रहार गरेको आवाज आएको कुरा लक्ष्मी थापा बताउँछिन्। उनी भन्छिन्- "त्यसपछि हामी सबै दाई-भाउजु सुतेको कोठामा जाँदा गोली प्रहार गर्ने व्यक्तिहरु भागिसकेका थिए।" घटना हुनेबित्तिकै छोरा-बुहारीको कोठामा जाँदा कस्तो अवस्था थियो त ? भन्ने जिज्ञाशा राख्दा भूमिसरा भावविव्हल हुँदै भन्छिन्- "ती पापीहरु गोली हानेर गए, म र



दलबहादुर र पार्वतीका साथ बच्चा

छोरीहरु छोरा-बुहारीको कोठामा गयौं। छोरा खटियामा सुतेको थियो। बुहारी र नातिनी अर्कै खाटमा सुतेका थिए। गोली कहाँ-कहाँ लागेको थियो, त्यो चाहीं देखिन। रगत बगिरहेको थियो। छोरा र बुहारी गोली लागेर छट्पटाइरहेका थिए। नातिनी रोइरहेकी थिई। खटिया र भुइँमा रगत छताछुल्ल थियो। उनीहरुले "पानी-पानी" भनिरहेका थिए। मैले दुवै जनालाई लोटाबाट पानी खुवाएँ। सकिनसकी उठ्ने प्रयास गरिरहेका थिए तर उठ्न सकेनन्।" छिमेकी लालबहादुर कुवँर आफू त्यहाँ आउँदा दुवै जना अर्धचेत अवस्थामा रहेको र बोल्न खोज्दा जीब्रो लरबराइरहेको थियो भन्दै त्यसैक्रममा अरु छिमेकीहरु बोलाई छिटो-छिटो अस्पताल लैजाने प्रयास गर्न लाग्दा ८०-९० जनाजति सुरक्षाकर्मीहरु घटनास्थलतर्फ आइरहेको देखेपछि आफू डरले आफ्नो घर गएको बताउँछन्।

भूमिसरा र लक्ष्मीका अनुसार हतियार बोकेका र नबोकेका गरी करिब ८०-९० जना सुरक्षार्मीहरुले घर वरिपरी र घरभित्र खानतलास गरे। २-३ जनाले पीडितहरुको नाम र घर परिवारको अन्य विवरण सोधपुछ गरी जानकारी लिए। सोधपुछकै क्रममा एक जना सुरक्षाकर्मीले "तिमीहरु माओवादी हौ" भनेपछि आफूले "हामी माओवादी होइनौं। यो मर्ने मेरो जेठो छोरो र बुहारी हुन्। यसका एक छोरा र एक छोरी छन्। मेरा ३ जना छोरामध्ये माइलो र कान्छो काम गर्न भारततर्फ गएका छन्।" भन्ने विवरण दिएको कुरा भूमिसराले बताइन्।

विवरण लेखिरहेका एक जना

सादा पोशाकका २ जना प्रहरी छिमेकी यज्ञमणि अर्जेलको घरमा आई पानी पिएर गएका थिए। उनीहरु बेलुकाको लागि आवश्यक योजना बनाउन आएको हुन सक्ने स्थानीय बासिम्दाहरु आशंका गर्दछन्।

घटना भएको भोलिपल्ट ०५९ भदौ २६ गते बिहान ८ बजे नकाव लगाएका ३ जना प्रहरी आई छिमेकीहरुबाट घटनाको थप विवरण लिएर गए। छिमेकीहरुले निर्दोष व्यक्तिहरु मरेको बताएपछि घटना नराम्रो भएको रहेछ भनी आपसमा कुरा गरेको समेत प्रत्यक्षदर्शीहरु बताउँछन्।

सुरक्षाकर्मीहरुले गिरफ्तार गर्ने धम्की दिएपछि घर छोडेर बेपत्ता भएकी भूमिसराकी माहिली छोरी २१ वर्षीय तिला थापा हालसम्म घर फर्किएकी छैनन्।

**– भजन चौधरी/विजय चन्द**



रक्ताम्य खाट

सुरक्षाकर्मीले "विचार गरेपछि गोली चलाउनु पर्दथ्यो" भनेपछि सुरक्षाकर्मीहरु मध्ये एकले अर्कोलाई इंगित गर्दै "उसले त्यही हुन् भनेपछि हामीले गोली चलाएको हो" भनी आपसमा कुराकानी गरिरहेका थिए- भूमिसरा र लक्ष्मीले बताए। प्रत्यक्षदर्शी छिमेकीका अनुसार पीडितकै घरबाट सुरक्षाकर्मीहरु सञ्चार सेटमा सम्पर्क गरिरहेका थिए। "नौबस्ता इलाकामा घटना भएको ठाउँमा आतंककारीहरुसँग दोहोरो भीडन्त भयो। हाम्रो साथीको टाउको माथिबाट गोली गयो, अरु कसैलाई केही भएको छैन। २ जना आतंककारीहरुको हाम्रो गोलीबाट मृत्यु भइसक्यो" भनी सुरक्षाकर्मीहरुले सम्पर्क गरिरहेका थिए। तर, उनीहरुले गरेको कुरा र घटनास्थलको यथार्थ भने फरक थियो।

घटना भएको कोठाको प्रकृति हेर्दा सुतिरहेका दम्पत्तीमाथि ढोकाबाट अन्धाधुन्ध गोली प्रहार गरेको देखिन्छ। कोठामा ३ वटा गोली पनि भेटिएका थिए। काठको खाटमा गोली लागी प्वाल परेको छ। डसनाहरु रगतले भिजेका छन्। भुइँमा पनि रगतको खाल परेको छ। फुटेका चुराहरु भुइँमा छरिएको पाइयो।

पीडितका लास घर परिवार र आफन्तलाई नबुझाई सुरक्षाकर्मीहरुले नै लिएर गएका थिए। लास बोकी ल्याएको डोरीको खटिया घटनास्थलदेखि करिब २ कि.मी. टाढा रत्न राजमार्गको नौबस्ता प्रतिक्षालय नजिक फ्याँकिएको अवस्थामा छ। राति १० बजेतिर नेउलापुरबाट एउटा खटियामा सुरक्षाकर्मीले केही बोकेर ल्याएको आफूहरुले देखेको कुरा स्थानीयवासीले बताए। लास सुरक्षाकर्मीहरुले कहाँ लगे भन्नेबारे केही थाहा हुन सकेन।

घटना भएको दिन दिउँसो ४ बजेतिर



घाइते दिपा

## माओवादीले घाट तर्न पनि दिएनन्

हुम्ला

भूमिगत नेकपा (माओवादी) का कार्यकर्ताले ०५९ असोज ९ गते सदरमुकाम सिमिकोटमा आउनको लागि एउटा मात्र बाटो छिप्रा गाविस स्थित नल्ला गाउँको घाट काटी आवत-जावत बन्द गराएका छन्।

नल्ला र खार्पूनाथमा कर्णाली नदीका दुई वटा पुल माओवादीले वैशाख महिनामै काटेर भत्काइ दिएपछि सदरमुकाम सिमिकोट आउन-जान जिल्लाको मध्य तथा दक्षिणी भेगका १८ गाविसका सर्वसाधारणलाई बाधा पुगेको थियो। स्थानीय गाउँलेहरु मिली नल्ला गाउँको कर्णाली नदीमा घाट बनाएका थिए। उक्त घाटबाट आउन एकतर्फी प्रति व्यक्ति ३० रुपियाँ लिइन्थ्यो। असोज ९ गते बेलुका माओवादीका कार्यकर्ता गाउँमा आई घाट किन लगाएको ? भनी धम्की दिएर तुरुन्त काट्न लगाए। सुरक्षाकर्मीको गस्ती टोलीले दुई पटक माओवादी खोजतलासका क्रममा ३ जनाको हत्या गरेको थियो। फेरि पनि गस्ती टोली आउन सक्ने सम्भावनाले गर्दा माओवादीहरुले सो घाट काट्न लगाएका थिए। सदरमुकामबाट ४ कोश टाढा उक्त स्थानमा सुरक्षाकर्मीले बारम्वार हेरविचार गरिरहेका थिए तर सदरमुकाममा नाकाबन्दी लगाउने उद्देश्यले रातिको समय भएकाले सुटुक्क गाउँमा पसी सो घाट काटेको हुन सक्ने स्थानीय बासिन्दाहरु बताउँछन्।

**– रमेश ऐडी**

# आर्थिक अनुशासन र राज्यको दायित्व

**– पिताम्बर भट्टराई**

प्रजातन्त्र, पारदर्शीता, सुशासन र भ्रष्टाचार नियन्त्रण देशका सबैभन्दा बढी चर्चा र चासोका विषय हुन्। प्रजातान्त्रिक व्यवस्थामा सरकारले आफ्ना प्राथमिक प्रतिबद्धताहरुमा सुशासन कायम र भ्रष्टाचार नियन्त्रणलाई लिएको हुन्छ, यसलाई प्रजातन्त्र र सुशासनको अनिवार्य पक्षका रुपमा पनि गणना गरिएको हुन्छ।

सुशासन कायम र भ्रष्टाचार नियन्त्रणकै सन्दर्भमा चर्चा गर्दा अहिले सम्पत्ति छानबिन सम्बन्धी एक उच्च स्तरीय न्यायिक आयोग पनि गठन गरिएको छ। सो आयोगले करिब ३६ हजार व्यक्तिहरूको सम्पत्ति छानबिन गरिरहेको छ, जुन व्यक्तिहरू २०४६ सालमा पुनर्स्थापित प्रजातन्त्रपछि राज्यका विभिन्न महत्वपूर्ण सार्वजनिक पदमा रहेका थिए वा अझै रहेका छन्। त्यस्तै अर्कोतिर अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पनि भ्रष्टहरूमाथि सशक्त कारवाही चलाउने अभियान संचालन गरेको छ। भ्रष्टाचार नियन्त्रण सम्बन्धी ऐन र विशेष अदालत गठन पनि यसै सन्दर्भका उल्लेखनीय उपलब्धी मानिएका छन्।

तर अर्को तीतो सत्य पछि छ, गत वर्ष मात्र सरकारले स्वयंकर घोषणा आह्वान गर्‍यो। त्यस घोषणामा सरकारले सबै प्रकारबाट आर्जित सम्पत्ति, जसले कमाएको सम्पत्तिको कुनै स्रोत थिएन, त्यसलाई पनि १० प्रतिशत कर लिएर वैध्र गरिदिएको छ। सम्पत्ति आर्जनको स्रोत नहुनु भनेको त्यो सम्पत्ति अवैध हुनु हो। अवैध सम्पत्ति भनेको घुस, कमिशन, भ्रष्टाचार, चोरी वा डकैती जस्ता कार्यबाट मात्र प्राप्त हुन्छ। गत वर्ष सरकारले त्यस क्रममा करिब ६ अर्ब रुपियाँ भन्दा बढीको अवैध सम्पत्तिलाई वैध घोषणा गरिदिएको थियो। वैध र स्रोत खुलेको सम्पत्तिको कर सरकारले मूल स्रोत मै कटाउने गरेको छ भने त्यस्ता वैध पक्षलाई अन्य व्यवहारिक आर्थिक प्रशासन कार्य गर्दा पनि कर नतिरेको कारण झन्झट आइपर्ने भएकोले त्यसको कर सरकारले नियमित रुपमै उठाइरहेको छ वा बुझाउने काम भइरहेको छ। तर दुःखको कुरा कर पनि नतिर्ने र अवैध कार्य पनि गर्नेहरुलाई सरकारले कारवाही गरी सम्पत्ति जफत गर्नुको सट्टा १० प्रतिशत करमा वैधता प्रदान गरिदियो।

यस वर्ष सरकारले अर्को उर्दी जारी गर्‍यो। त्यसका लागि सम्पत्ति छानबिन उच्च स्तरीय न्यायिक आयोग गठन गरियो। र, २०४६ सालपछि राज्यको महत्वपूर्ण सार्वजनिक पद धारण गरेका व्यक्तिहरुले आ-आफ्नो सम्पत्ति विवरण सो आयोगमा बुझाउन भनियो। यो उर्दीले २०४६ सालभन्दा पहिले कसैले पनि भ्रष्टाचार गरेन वा पदीय मर्यादा उल्लंघन गरेनन् कि भन्ने प्रशन उठेको छ। नेपाली कांग्रेसका सभापति तथा पूर्व प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले सो कार्यलाई प्रजातन्त्रलाई बदनाम गर्ने र राजनीतिक पूर्वाग्रहले प्रेरित षडयन्त्र पनि भएको बताउनु भएको छ। सम्पत्ति छानबिन न्यायिक आयोगको गठन र कार्य, सभापति कोइरालाले बताउनु भए जस्तै प्रजातन्त्रलाई बदनाम गर्ने वा राजनीतिक पूर्वाग्रहले प्रेरित नहोला तर पनि अहिलेको कार्यशैली र प्रवृत्ति भने सो भन्दा त्यति फरक पनि छैन। किनकि सम्पत्ति छानबिन आयोगले भ्रष्टाचार वा पदीय मर्यादा विपरित कार्य गरेको आधारमा छानबिन र कारवाही गर्ने हो भने कसको सम्पत्ति कति छ भनेर माग्दैमा सम्बन्धित व्यक्तिले दिने कुरा होइन। हिजो अवैध वा स्रोत नखुलेकै सम्पत्तिहरुलाई वैध गर्नका लागि १० प्रतिशत कर माग्ने र त्यसको वैधता, पूर्ण गोप्य तथा सुरक्षाको ग्यारेण्टी पनि गर्ने अनि आज तेरो सम्पत्ति कति छ देखा ? तँलाई भ्रष्टाचारको कारवाही गर्छु भन्दा कसैले टेर्छ ? त्यसमा पनि २०४६ सालपछि मात्र किन ? २०४६ भन्दा पहिलेको भ्रष्टहरुलाई भने सरकारले दण्ड मुक्तिको घोषणा गरेको हो वा आम माफी दिएको हो ?




निवर्तमान मन्त्री चिरञ्जीवी वाग्लेले गत वर्ष सम्पत्ति करको घोषणामा २९ लाख रुपियाँ बुझाउनु भएको कुरा त्यसबेला सार्वजनिक गरिएको थियो। जुन कुरा वाग्लेले हालसम्म खण्डन गर्नु भएको छैन। सरकारले पनि त्यो कर घोषणाको सम्पूर्ण कुरा गोप्य राखिने ग्यारेण्टी गरेबाट आजसम्म नागरिकलाई वास्तविकता बताउन सक्ने हैसियत पनि राखेन। तर वाग्लेले २९ लाख रुपियाँ कर बुझाउनु भएको कुरा पत्रपत्रिकाले त्यसैबेला सार्वजनिक गरेका थिए।

यस वर्ष वाग्लेले आफ्नो सम्पत्तिमा ६ लाख रुपियाँ मात्र देखाउनु भएको छ। उहाँका सुपुत्र देवेन्द्र वाग्लेले आर्जित (उनको नाममा रहेको) सम्पत्ति विभिन्न व्यवसायबाट प्राप्त गरेको र त्यसको कर बुझाएको कारण करोडौं सम्पत्ति उक्त आयोगलाई देखाउन नपर्ने मात्र होइन, आफ्ना बाबुसँगको सम्बन्धलाई जोडेर हेर्न नहुने अर्थात् बाबु छोराको सम्बन्धका आधारमा कर बुझाइसकेको सम्पत्तिको सम्बन्ध जोड्न नहुने कुरालाई प्रचार गर्नका लागि राज्यस्रोत (सरकारी संचार माध्यम) को प्रयोग गरियो। त्यस्तै अर्का पूर्वमन्त्री नारायण सिंह पुन पनि व्यवसायिक आर्जन, पुर्ख्यौली सम्पत्ति र कर बुझाएको सम्पत्तिका नाममा महादानी बनेर विकास निर्माण काममा करोडौं रकम खर्च गर्ने घोषणा गरे। यस्तै अनेक खालका उदाहरण अरु धेरै छन्। जसको विस्तृत व्याखया यो सानो लेखमा संभव छैन।

अब यहाँ कुरा रह्यो, व्यवसायिक आर्जन, कर तिरेको वा पुर्ख्यौली सम्पत्तिको। स्रोत खुलेको व्यवसायिक आर्जनको पनि हिसाब किताब हुन्छ। स्रोत नखुलेको तर कर तिरेको सम्पत्तिको पनि हिसाब किताब हुनै पर्छ भने पुर्ख्यौली सम्पत्तिका नाममा राज्यको अथाहा स्रोत जम्मा गरेर ढुकुटी कस्नेहरुलाई पनि माफी मिनाहा गर्न मिल्दैन। राज्यको स्रोतको समानुपातिक वितरण गरिनु पर्छ। पैतृक

सम्पत्तिका नाममा सयौं के.जी. सुन चाँदी, सयौं विगाहा जमीन, आलिसान महल र घर घडेरीहरु कब्जा गर्ने छूट कुनै नेता, कर्मचारी, पूर्व कर्मचारी, प्रधानमन्त्री, मन्त्री, सामन्त वा जमिन्दारलाई पनि छैन।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अर्थ मन्त्रालय अन्तरगतका २२ जना कर्मचारीमाथि गरेको कारवाहीका सम्बन्धमा पनि चर्चा गर्नु सान्दर्भिक हुन्छ। यसपटकको कारवाहीका बारेमा पनि निकै खाले टिकाटिप्पणी भएका छन्। यस पटकको कारवाहीले अरु धेरै ठूला भ्रष्टहरुलाई जोगिने वा चोखिने अवसर भने दिएको छ वा दिन सक्छ भन्ने तर्क गर्नेहरु पनि देखिएका छन्। जुन संख्यामा भ्रष्टहरुमाथि कारवाही शुरु गरिएको छ, त्यो ज्यादै सानो छ। अब अख्तियारले दोस्रो कदम चाल्दा धेरै भ्रष्टहरुले आयोगका विरुद्धमा मानहानी वा अन्य कुनै प्रकृतिको मुद्दा अदालतमा हाल्ने तथा अहिले छापा मारिएका भ्रष्टहरुको जस्तो स्थिति कसैको पनि नहुने हो कि भन्ने आशंका पनि जन्मिएको छ। यो देशमा अहिले छानबिन शुरु गरिएका व्यक्तिहरुको संख्या नै ३६ हजार भन्दा बढी छ, जो अहिले सम्पत्ति विवरण माग गरिएकोमा भने एक चौथाई पनि नहुन सक्छन्। ती भन्दा बाहिरका भ्रष्टहरुलाई कारवाही गर्नका लागि प्रमुख आयुक्त उत्साही हुनु भन्दा पनि राज्य संयन्त्रको विकास र सरकारको प्रतिबद्धता जरुरी छ। जो अहिले पर्याप्त छैन।

अहिले अख्तियारले भ्रष्टहरुमाथि गरेको कारवाही माथिबाट गरिएको शुरुवात होइन। माथिबाटको शुरुवातको चर्चा गर्दा माथिका सबै भ्रष्ट हुन्छन् वा हुन् भन्न खोजिएको हैन। तर मुख्य कुरा माथिल्लो ओहदामा रहनेहरुमा पारदर्शीता भएन भने त्यहाँ सुशासन र भ्रष्टाचार नियन्त्रणको कुरा गर्नु अर्थहीन हुन्छ।

राज्यको आफ्नो सुरक्षा र गोपनियता पनि हुन्छ। उच्च पदीय व्यक्तित्वको पदीय मर्यादा र अंकुश रहित विशेष अधिकार पनि हुन सक्छ। तर, त्यसलाई पनि पारदर्शी र विश्वासनीय बनाउनु पर्दछ।

नेपालको सन्दर्भमा चर्चा गर्दा प्रधानमन्त्री, गृहमन्त्री, रक्षामन्त्री, गृहसचिव, प्रधानसेनापति वा प्रहरी महानिरीक्षक लगायत् केही वरिष्ठ व्यक्तित्वहरुका लागि राज्यले विशेष कोषको पनि व्यवस्था गरेको छ। शान्ति सुरक्षा, राष्ट्रिय अखण्डता वा गोपनीय कामका अतिरिक्त विभिन्न राहत सुविधाका लागि छुट्याइएका त्यस्ता कोषलाई पनि पारदर्शी र विश्वासनीय गर्ने, त्यसको लेखा परीक्षण गराउने जस्ता कार्य गर्नका लागि सम्बन्धित उच्च पदस्थ व्यक्तित्वले साहस गर्नुपर्छ। असहाय, कमजोर व्यक्तिका नाममा दिइने वा बाँडिने रकमको सन्दर्भमा आर्थिक प्रक्रिया पूरा गर्नुका अतिरिक्त त्यस्ता व्यक्तिको नाम, ठेगाना, उमेर, समस्या, सहयोग रकम र त्यस व्यक्तिको फोटो समेत संलग्न गराइनु पर्छ। त्यस्ता विवरण संभवत: हरेक एक-एक महिनामा सार्वजनिक पनि गर्नुपर्छ। राज्यको कोषबाट सुविधा लिने कुरालाई गोप्य गर्नु हुँदैन। तर हालसम्म त्यस्तो छैन। त्यस्ता सम्पूर्ण कोषको रकम कति हो ? कति, कहाँ र कहिले खर्च गरियो वा गर्ने हो स्पष्ट छैन। असहाय आदिका नाममा पैसा लिने र दिनेको हुलीया स्पष्ट गरिँदैन। ती कोषहरुबाट सरकारमा पहुँच हुने व्यक्तिहरुले विभिन्न वहानामा ठूलो धनराशी लिने गरेको चर्चा-परिचर्चा पनि समय समयमा संचार माध्यमहरुमा आउने गरेको पाइन्छ। तसर्थ, ती कोषबाट खर्च गरिने रकमलाई रकम प्राप्त गर्ने व्यक्तिको फोटो सहित सम्पूर्ण विवरण राज्यले सार्वजनिक गर्नु र उक्त खर्चको औचित्य सावित गर्नु अनिवार्य छ।

जब राज्य संचालनका प्रमुख व्यक्तिहरुबाट नै राज्य कोषको संचालनलाई पारदर्शी एवं औचित्यपूर्ण गरिदैन भने अन्य क्षेत्रले त्यसबाट के सिक्ने ? राज्यका अन्य निकायहरुले सुशासन कायम गर्न र भ्रष्टाचार नियन्त्रण गर्नका लागि चाल्ने कदमहरु कसरी प्रभावकारी हुन सक्छन् ?

प्रजातन्त्र पुनर्स्थापना पछिका १० वर्षमा मात्र भएका विदेश भ्रमणको अध्ययन गर्ने हो भने पनि यस अवधिमा देशको अरबौं रकम त्यस बापत खर्च भएको देखिन्छ। तर हालसम्म पनि के कति व्यक्तिले के कति कारण र कामले कहिले कुन-कुन देशको भ्रमण गरे भन्ने सम्बन्धमा कुनै सरकारी निकायले समन्वय गर्ने गरेको छैन। जसका कारण हालसम्म भएको खर्चको यकिन हिसाब देखाउन गाह्रो छ। तर विगत १० वर्ष (२०४८ देखि २०५८ साउन) बीचमा भएको विदेश भ्रमणका सम्बन्धमा संसद सचिवालयले भने केही जानकारी राखेको छ। संसद सचिवालयका अनुसार उक्त अवधिमा ७७ वटा सांसदीय टोलीले ७७ वटा विभिन्न देशको भ्रमण गरेका छन्। ती देशहरुमा १६ वटा दक्षिण एशियाली र बाँकी अन्य थिए। त्यसरी भ्रमण गर्ने ५ सय ४६ जनाले विदेशमा मात्र ६ सय दिन अर्थात् झण्डै २ वर्ष बिताएका थिए।

सांसद र संसद सचिवालयका कर्मचारीहरुले मात्र १० वर्षमा गरेको उक्त विदेश भ्रमणमा टोलीका सदस्यहरुको भ्रमण भत्तामा मात्र ३ अर्ब ३१ करोड रुपैयाँ खर्च भएको थियो। सो खर्च हवाई टिकट र भत्ताको मात्र भएकोले अन्य खर्च समेत जोड्दा ५ अर्बभन्दा बढी पुग्ने र सो रकम बढ्दो रहेको सम्बन्धित पक्ष बताउँछन्। संसद सचिवालयका एक उच्च अधिकारीका अनुसार विगत १० वर्षको मात्र मोटामोटी खर्च अनुमान गरिएको भएता पनि हालसम्ममा सो रकमले ७ अर्ब नाघेको हुनुपर्छ। उल्लिखित भ्रमणमा प्रधानमन्त्री र मन्त्रीहरुको भ्रमण टोली, टोलीका सदस्य संख्या, तिनले विदेशमा बिताएको दिन र खर्चको हिसाब भने जोडिएको छैन।

एक देशको प्रतिनिधिले अर्को देशको भ्रमण गर्नु, एक अर्का देशका नयाँ-नयाँ प्रविधि र विकासको ज्ञान आर्जन गर्नुलाई अनावश्यक मान्नु हुन्न। माथि उल्लिखित संसदीय भ्रमण टोली र ती टोलीका सदस्यहरुले विदेशमा बिताएका दिन र खर्चको हिसाब गर्दा देशले पनि त्यसबाट ठूलो लाभ लिएको अनुमान ग त सकिन्छ। तर, ती सबै भ्रमण टोलीले संसद सचिवालयमा भ्रमणको उद्देश्य र उपलब्धीको सम्बन्धमा भने प्रतिवेदनहरु बुझाएका छैनन् जुन, अनौठो मान्नुपर्ने पक्ष हो।

त्यस प्रकारका अन्य भ्रमणहरु निरन्तर हुने गरेको सार्वजनिक हुँदै आएका छन्। संसद सचिवालयमा प्राप्त विवरणकै तुलनामा अन्य मन्त्रालय, विभाग वा निकायहरुका सदस्यहरुबाट हुने भ्रमणको विवरण र लेखाजोखा गर्ने हो भने झनै ठूलो र कहाली लाग्दो तथ्यांक फेला नपर्ला भन्न सकिन्न। जसबाट देश र जनताले सीमित व्यक्तिहरुको अघोषित मनोरञ्जन र सम्पत्ति आर्जन गर्ने वहानामा ठूलो रकम खर्च गर्न बाध्य भएको स्थिति छर्लङ्ग हुन्छ।

हाम्रो देशमा सामान्यता कुनै पनि अपराधिक क्रियाकलापहरुलाई विशेष कानुनको अभावका नाममा छूट दिने वा संरक्षण प्रद गर्ने गरिएको छ। देशका अनेकौं समस्याको चर्चा गर्दा दण्डहीनताको संस्कृतिलाई प्रमुख मान्नै पर्छ। त्यसमा पनि नैतिक चरित्रसँग सम्बन्धित मुद्दा र अपराधका सम्बन्धमा त "ठूलाले जे गरे पनि हुन्छ" भन्ने प्रवृत्तिले कानुनी छूट पाउने नजीरको रुप लिएको छ।

समस्याको समाधान वा नियन्त्रण गर्ने सन्दर्भमा नेपालमा जहिले पनि तलबाट थालनी गरेर बीचमै छोड्ने गरेको प्रवृत्ति छ। यदि कसैले हिम्मत गर्न सक्छ भने राज्यकोषको सम्पत्ति वितरण लगायत् विदेश भ्रमण र त्यसको दुरुपयोग नियन्त्रणका लागि माथिबाट शुरु गरेर तलसम्म आउन सकिन्छ। के यस्ता कार्यका लागि राज्ययन्त्र तयार छ त ?

●

## जर्नालिजम, मिडिया एण्ड दि च्यालेन्ज अफ ह्युमन राइट्स् रिपोर्टिङ
## (Journalism, media and the challenge of human rights reporting)




प्रकाशक : इन्टरनेशनल काउन्सिल अन ह्युमन राइट्स् पोलिसी
पृष्ठ संख्या : १५४
आईएसबीएन: २-९४०२५९-२३-२
प्रकाशन स्थान: स्वीजरल्याण्ड
प्रकाशन मिति: सन् २००२

केही वर्ष यता संचार माध्यमहरुमा मानवअधिकार एउटा महत्वपूर्ण विषयवस्तु बनेको छ। पत्रकारिताले कसरी मानवअधिकारका सवाललाई उठाउँछ? विषयहरुको उठान गर्ने क्रममा पत्रकारहरुको दायित्व कुनै विषयमा स्वतन्त्र र निष्पक्ष सूचना प्रवाह गर्ने हो कि अझ जटिल बनाउने? मानवअधिकार सम्बन्धी सूचनाहरुको पक्षपातलाई कसरी लिइन्छ?

प्रस्तुत पुस्तकमा यस्ता सवालहरुलाई सम्बोधन गरिनुका साथै सञ्चार माध्यमको आन्तरिक प्रकृयाको लेखाजोखा गरिएको छ। पुस्तकमा सञ्चार माध्यम र तिनलाई प्रभाव पार्न चाहने संस्थाहरुबीच मानवअधिकार सम्बन्धी सवालहरुको आदानप्रदान तथा जटिल सूचनाहरुको प्रचार-प्रसारका क्रममा आइपर्ने समस्याहरुको विश्लेषण गरिएको छ। पुस्तकले मानवअधिकार र पत्रकारिता तथा सिंगो संचार जगतबीचको सम्बन्ध केलाउँदै पत्रकार र मानवअधिकार कार्यकर्ताहरुबीच वहसका लागि ढोका खोलिदिने कार्य गरेको छ। साथै, मानवअधिकार र पत्रकारिता क्षेत्रबीच विश्वसनीयता कायम गर्न र समान ढंगले अगाडि बढ्न मार्गदर्शन गरेको छ।

स्वीजरल्याण्डस्थित इन्टरनेशनल काउन्सिल अन ह्युमन राइट्स् पोलिसी (International Council on Human Rights Policy) द्वारा प्रकाशित यो पुस्तक इन्सेक केन्द्रीय कार्यालयको पुस्तकालयमा उपलब्ध छ।

पुस्तक खरिदका लागि इन्टरनेटमार्फत् माग गर्न तथा सिधै डाउनलोड गर्न पनि सकिन्छ, जसका लागि ठेगाना www.ichrp.org छ।

(यो स्तम्भमा इन्सेक पुस्तकालयमा भएका पुस्तकहरुको परिचय क्रमशः प्रकाशित गर्दै जानेछौं।)

## छिस्स

पाँचौं पटकमा एसएलसी पास भएपछि बिर्खे गाउँबाट घुम्दै काठमाण्डौ आइपुग्यो । काठमाण्डौको तामझाम देखेर ऊ साह्रै लोभियो र यतै बस्ने सोचाई बनायो । तर के गरी बस्ने ? उसले जुक्ति फुरायो र "म अब यहीं पढ्छु, पैसा पठाइदिनु पर्‍यो" भनेर बाउलाई चिठ्ठी लेख्यो । छोराको चिठ्ठी पढेपछि बिर्खेका बाउ मख्ख पर्दै, "अब छोराको बुद्धि फिरेछ, छोरो सप्रिएछ, बगेको खोला त बाह्र वर्षमा फिर्छ भन्थे, हो रहेछ" भन्ठाने । त्यसपछि उनले दु;खजिलो गरेर बिर्खेलाई पैसा पठाउन थाले ।

यता बिर्खे बाउले पठाएको खर्चबाट शहरी मोजमस्तीको वातावरणमा डुब्न थाल्यो । दुई वर्षको अवधि बितेको उसलाई पत्तै भएन । दुई वर्षपछि बाउ-आमाको करले ऊ घर फर्कियो । घर पुगेपछि उसका बाउले भने- "छोरा, दुई-दुई वर्षमा त धेरै पढिसकिस् होला नी । अँ ... साँच्ची, बाबु तैंले पढेको ठूलो स्कूलको नाम के अरे ?" जवाफमा बिर्खेले भन्यो- "एकछिन् पर्खनोस् त बा ! म आईडी कार्ड हेर्छु ।"

बाउले आईडी भनेको बुझेनन् र पुनः सोधिहाले- "हैन, यो आ..... डी भनेको के हो, छोरा ?" बिर्खेले बुझाउँदै भन्यो- "तपाई बुझ्नु हुन्न क्या बा । आईडी भनेको अंग्रेजी अक्षर हुन् ।"

• के. पी. थपलिया

# मानव अधिकार इन्टरनेट




मानवअधिकारको संरक्षण र सम्बर्द्धनका लागि सूचना अत्यन्त शक्तिशाली र आवश्यक तत्व हो। यथार्थ सूचना प्रवाह मानवअधिकार संरक्षणको पूर्वशर्त पनि हो। यही मान्यताका आधारमा सन् १९७६ मा "इन्टरनेट: इन्टरनेशनल ह्युमन राइट्स डकुमेन्टेशन नेटवर्क" को स्थापना भएको हो। यसलाई ह्युमन राइट्स इन्टरनेट (एचआरआई) पनि भनिन्छ। एचआरआई मानवअधिकार समुदायका लागि आवश्यक सूचनाहरु प्रदान गर्न प्रतिबद्ध छ। साथै, मानवअधिकार र नागरिक समाजको भूमिकाका सवालमा मानवअधिकार कार्यकर्ताहरु, विभिन्न संघ-संस्थाहरु, सरकारी तथा गैरसरकारी निकायहरुको सशक्तीकरणका लागि समर्पित छ।एचआरआईको वेभ साइट www.hri.ca हो, जसमा एचआरआईको परिचय, विषयगत कार्यक्रमहरु जस्तै: बाल अधिकार, धार्मिक स्वतन्त्रताको अधिकार, महिला अधिकार आदिबारे उल्लेख गरिएको छ। त्यसैगरी मानवअधिकार सम्बन्धी विभिन्न प्रकाशनहरु तथा मानवअधिकार संस्थाहरुको डाइरेक्ट्री पनि वेभ साइटमा समावेश गरिएको छ। यो वेभ साइटमा इन्सेक लगायत् एचआरआईका अन्य साझेदारी संस्थाहरुको डाइरेक्ट्री समावेश गर्नुका साथै साझेदारी सम्बन्धी विस्तृत जानकारी गराइएको छ। वेभ साइटमा मानवअधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय सूचनाहरु पनि समाविष्ट छन्, जस्तै: जातीय विभेद विरुद्धको विश्व सम्मेलन, बेइजिङ प्लस फाइभ, भियना प्लस फाइभ, राष्ट्र संघीय मानवअधिकार संयन्त्र सम्बन्धी प्रतिवेदनहरु, विभिन्न सन्धि, सम्झौता र प्रतिज्ञापत्र आदि। यसबाहेक विश्वका विभिन्न संस्थाका प्रमुख कार्यक्रमहरुको क्यालेण्डर पनि वेभ साइटमा समावेश गरिएको छ।

## प्राची -क्वीज

१. म्याग्नाकार्टा कहिले जारी भएको थियो ?

२. इन्सेकका संस्थापक प्रकाश काफ्लेको जन्म कहिले भएको थियो ?

३. तेश्रो पुस्ताको मानवअधिकार भन्नाले केलाई बुझिन्छ ?

४. संयुक्त राष्ट्र संघको सदस्य राष्ट्र संख्या कति पुगेको छ ?

*यी प्रश्नहरुको उत्तर कार्तिक ३० गतेसम्म इन्सेक केन्द्रीय कार्यालयमा पठाउनुपर्नेछ। एकभन्दा बढी प्रतियोगीद्वारा सही उत्तर प्राप्त भएमा गोलाप्रथाद्वारा एकजनालाई पुरस्कृत गरिनेछ।*

प्रत्येक शनिवार बिहान ८:३० बजे

रेडियो नेपालबाट प्रशारण गरिने

**मानवअधिकार शिक्षा कार्यक्रम**

सुन्न नभुलौं ।

# राज्य र माओवादीद्वारा मारिएकाहरू : जिल्ला अनुसार

## ०५२ फागुन १ देखि ०५९ असोज १९ गतेसम्म

| क्र.सं. | जिल्ला | राज्यबाट | माओवादीबाट | क्र.सं. | जिल्ला | राज्यबाट | माओवादीबाट |
|---|---|---|---|---|---|---|---|
| १ | झापा | ७ | ४ | ४० | नवलपरासी | ७ | ४ |
| २ | इलाम | १२ | ७ | ४१ | रूपन्देही | २ | ४ |
| ३ | पाँचथर | १२ | १० | ४२ | पाल्पा | २७ | ६ |
| ४ | ताप्लेजुङ | ११ | १५ | ४३ | कपिलवस्तु | ५ | ६ |
| ५ | मोरङ | २४ | ७ | ४४ | अर्घाखाँची | १९० | ७१ |
| ६ | सुनसरी | १० | २ | ४५ | गुल्मी | १२ | १८ |
| ७ | धनकुटा | १ | ३ | ४६ | बागलुङ | ४६ | १७ |
| ८ | तेह्रथुम | २७ | ७ | ४७ | पर्वत | ३३ | २ |
| ९ | भोजपुर | ३ | ३ | ४८ | म्याग्दी | ५३ | ६ |
| १० | संखुवासभा | ४४ | ११ | ४९ | दाङ | २१६ | ११५ |
| ११ | सप्तरी | २२ | ३ | ५० | प्युठान | २७ | १२ |
| १२ | सिराहा | २५ | ३३ | ५१ | रोल्पा | ९५९ | १८१ |
| १३ | उदयपुर | २५ | १ | ५२ | सल्यान | १९६ | ६४ |
| १४ | खोटाङ | २७ | ७ | ५३ | रूकुम | ६२० | १०६ |
| १५ | ओखलढुंगा | ३८ | ८ | ५४ | बाँके | ९९ | ७ |
| १६ | सोलुखुम्बु | २२ | ४१ | ५५ | बर्दिया | १४२ | १९ |
| १७ | धनुषा | ७ | १२ | ५६ | सुर्खेत | १०१ | ३९ |
| १८ | महोत्तरी | | ३ | ५७ | जाजरकोट | १०४ | ६१ |
| १९ | सर्लाही | ११ | १५ | ५८ | दैलेख | ३३ | ४५ |
| २० | सिन्धुली | ६४ | ६९ | ५९ | डोल्पा | २१ | २२ |
| २१ | रामेछाप | ३१ | १७ | ६० | जुम्ला | ९८ | १५ |
| २२ | दोलखा | ५० | १३ | ६१ | कालिकोट | २३२ | ४२ |
| २३ | रौतहट | १९ | २५ | ६२ | मुगु | २६ | १ |
| २४ | बारा | ६ | ६ | ६३ | हुम्ला | ८ | १ |
| २५ | चितवन | २७ | १९ | ६४ | कैलाली | ११७ | ३५ |
| २६ | मकवानपुर | ७ | १४ | ६५ | अछाम | ७५ | १४४ |
| २७ | ललितपुर | ५ | ७ | ६६ | डोटी | ४९ | |
| २८ | भक्तपुर | १० | ८ | ६७ | बाजुरा | ४१ | २४ |
| २९ | काठमाडौं | ४१ | ५१ | ६८ | बझाङ | ३९ | ४ |
| ३० | काभ्रे | ८ | | ६९ | कञ्चनपुर | ७९ | १० |
| ३१ | धादिङ | ३१ | ८ | ७० | डडेल्धुरा | ६३ | ४ |
| ३२ | सिन्धुपाल्चोक | ५३ | ३६ | ७१ | बैतडी | २१ | १ |
| ३३ | नुवाकोट | ४५ | २२ | ७२ | दार्चुला | ३५ | १० |
| ३४ | रसुवा | ५ | | | [illegible] | ४६ | |
| ३५ | तनहुँ | २६ | १८ | | जम्मा | ४६९४ | १६२४ |
| ३६ | गोरखा | ११० | ५६ | | | | |
| ३७ | लमजुङ | ५५ | ५१ | | | | |
| ३८ | स्याङ्जा | ३५ | २२ | | | | |
| ३९ | कास्की | १४ | १० | | | | |

# राज्य र माओवादीद्वारा मारिएकाहरू : जातअनुसार

## ०५२ फागुन १ देखि ०५८ पुस १६ गतेसम्म

| क्र.सं. | जात | राज्यबाट | | माओवादीबाट | | जम्मा | | जनगणना अनुसार |
|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | % | संख्या | % | संख्या | % | जम्मा जनसंख्या % मा |
| १ | क्षेत्री | १९२ | १६.६ | २९४ | ३३.४ | ४८६ | २३.८ | १५.८० |
| २ | मगर | २४० | २०.७ | ११० | १२.५ | ३५० | १७.२ | ७.१४ |
| ३ | बाहुन | ११४ | ९.८ | १६१ | १८.३ | २७५ | १३.५ | १२.७४ |
| ४ | ठकुरी | २६ | २.२ | ६१ | ६.९ | ८७ | ४.३ | १.४७ |
| ५ | कामी | ५५ | ४.७ | १७ | १.९ | ७२ | ३.५ | ३.९४ |
| ६ | थारु | ३७ | ३.२ | २६ | ३.० | ६३ | ३.१ | ६.७५ |
| ७ | तामाङ, लामा | ४१ | ३.५ | २४ | २.७ | ६५ | ३.२ | ५.६४ |
| ८ | नेवार | २० | १.७ | ३५ | ४.० | ५५ | २.७ | ५.४८ |
| ९ | यादव | ६ | ०.५ | ३९ | ४.४ | ४५ | २.२ | ३.९४ |
| १० | दमाई | २१ | १.८ | १५ | १.७ | ३६ | १.८ | १.७२ |
| ११ | गुरुङ | ८ | ०.७ | २३ | २.६ | ३१ | १.५ | २.३९ |
| १२ | राई | ४ | ०.३ | १६ | १.८ | २० | १.० | २.७९ |
| १३ | सन्यासी | ३ | ०.३ | १० | १.१ | १३ | ०.६ | ०.८८ |
| १४ | सुनार | ३ | ०.३ | ६ | ०.७ | ९ | ०.४ | ०.६४ |
| १५ | शेर्पा | ४ | ०.३ | २ | ०.२ | ६ | ०.३ | ०.६८ |
| १६ | लिम्बु | २ | ०.२ | ४ | ०.५ | ६ | ०.३ | १.५८ |
| १७ | सार्की | ५ | ०.४ | - | - | ५ | ०.२ | १.४० |
| १८ | कुमाल | ४ | ०.३ | १ | ०.१ | ५ | ०.२ | ०.४४ |
| १९ | मुस्लिम | १ | ०.१ | २ | ०.२ | ३ | ०.१ | ४.२७ |
| २० | तेली | २ | ०.२ | - | — | २ | ०.१ | १.३४ |
| २१ | राजपुत | — | - | १ | .१ | १ | ०.० | ०.२१ |
| २२ | धनुवार | - | — | १ | ०.१ | १ | ०.० | ०.३३ |
| २३ | जात नखुलेको | ३७२ | ३२.१ | ३१ | ३.५ | ४०३ | १९.६ | |
| | जम्मा | १,१६० | १००.० | ८६९ | १००.० | २,०२९ | १००.० | |

## राज्य र माओवादीद्वारा मारिएकाहरू : वर्ष अनुसार

(अनुपातका आधारमा अनुमान समेत)

### ०५२ फागुन १ देखि ०५९ भदौ २६ गतेसम्म

| वर्ष | राज्यबाट | माओवादीबाट | जम्मा |
|---|---|---|---|
| १९९६ | ५९ | २ | ८१ |
| १९९७ | १६ | ३२ | ४८ |
| १९९८ | ३३४ | ७५ | ४०९ |
| १९९९ | ३२८ | १४१ | ४६९ |
| २००० | १७९ | २१९ | ३९८ |
| २००१ | २४५ | ३९० | ६३५ |
| २००२ | ३,२६८ | ७८५ | ४,०५३ |
| २००३ (अनुमानित) | ४,१२८ | १,०२० | ५,१४८ |
| हालसम्म | ४,४२९ | १,६६४ | ६,०९३ |
| अनुमानित समेत | ८,५५७ | २,६८४ | ११,२४१ |

## राज्य र माओवादीद्वारा मारिएकाहरू

(प्रतिशतमा)



# संकटकाल घोषणा भएयता गिरफ्तार गरिएका पत्रकारहरु

## (०५८ मंसिर ११ देखि ०५९ असोज १९ गतेसम्म)

| क.सं | जिल्ला | गिरफ्तार | रिहा गरिएका | रिहा नगरिएका |
|---|---|---|---|---|
| १ | काठमाडौं | ४२ | २१ | २१ |
| २ | सुर्खेत | ३ | ३ | |
| ३ | कैलाली | ३ | १ | २ |
| ४ | सिराहा | ४ | ३ | १ |
| ५ | जुम्ला | १ | १ | |
| ६ | रूपन्देही | ४७ | ४६ | १ |
| ७ | संखुवासभा | ५ | ४ | १ |
| ८ | धनकुटा | १ | | १ |
| ९ | मोरङ | ४ | ३ | १ |
| १० | सुनसरी | १९ | १८ | १ |
| ११ | लमजुङ | ४ | ३ | १ |
| १२ | बाग्लुङ | १ | | १ |
| १३ | कास्की | ४ | २ | २ |
| १४ | प्युठान | १ | १ | |
| १५ | बाँके | ३ | ३ | |
| १६ | दाङ | २ | २ | |
| १७ | नवलपरासी | १ | १ | |
| १८ | चितवन | २५ | २२ | ३ |
| १९ | भक्तपुर | १ | १ | |
| २० | ताप्लेजुङ | १ | | १ |
| २१ | पर्वत | १ | १ | |
| | जम्मा | १७३ | १३६ | ३७ |



# राज्य र माओवादीद्वारा मारिएकाहरु (संख्या : ६०९२)




## राज्य र माओवादीबाट गरी सबैभन्दा बढी मानिस मारिएका प्रमुख जिल्लाहरु

०५२ फागन १ देखि ०५९ असोज १९ गतेसम्म

| क.सं. | जिल्ला | विकास क्षेत्र | राज्यबाट | माओवादीबाट | जम्मा |
|---|---|---|---|---|---|
| १ | रोल्पा | मध्यपश्चिम पहाड | ९५९ | १८१ | १,१४० |
| २ | रुकुम | मध्यपश्चिम पहाड | ६७० | १०६ | ७७६ |
| ३ | बाङ | मध्यपश्चिम भित्री मधेश | २१६ | ११५ | ३३१ |
| ४ | कालिकोट | मध्यपश्चिम पहाड | २३२ | ४३ | २७५ |
| ५ | अर्घाखाँची | पश्चिम पहाड | १९० | ७१ | २६१ |
| ६ | सल्यान | मध्यपश्चिम पहाड | १५६ | ६४ | २२० |
| ७ | अछाम | सुदुरपश्चिम पहाड | ७५ | १४४ | २१९ |
| ८ | गोरखा | पश्चिम पहाड | ११० | ५६ | १६६ |
| ९ | जाजरकोट | मध्यपश्चिम पहाड | १०४ | ६१ | १६५ |
| १० | वर्दिया | मध्यपश्चिम तराई | १४२ | १९ | १६१ |
| ११ | सिन्धुली | मध्य पहाड | ८४ | ६९ | १५३ |
| १२ | कैलाली | सुदुरपश्चिम तराई | ११७ | ३५ | १५२ |
| १३ | सुर्खेत | मध्यपश्चिम भित्री मधेश | १०१ | ३९ | १४० |
| १४ | लमजुङ | पश्चिम पहाड | ५५ | ५१ | १०६ |
| १५ | बाँके | मध्यपश्चिम तराई | ९९ | ७ | १०६ |

# बालबालिकाको भविष्य पनि विचलित हुने देखिन्छ



*गौरी प्रधान गैरसरकारी संस्था महासंघ, नेपाल र नेपाल बालमजदूर सरोकार केन्द्र (सिविन) का अध्यक्ष हुनुहुन्छ । बालअधिकारका क्षेत्रमा विगत डेढ दशकभन्दा बढीदेखि सक्रिय रहँदै आउनु भएका प्रधान नेपाल भित्र मात्र होइन अन्तर्राष्ट्रिय स्तरमा पनि सुपरिचित हुनुहुन्छ । उहाँ बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय संस्था डिफेन्स फर चिल्ड्रेन इन्टरनेशनलको सदस्य समेत हुनुहुन्छ । गत शताब्दीमा बालबालिकाको हक अधिकारका निम्ति उल्लेखनीय योगदान पुऱ्याउने संसारभरका ५२ जना व्यक्तित्वहरुमध्ये प्रधान एक हुनुहुन्थ्यो । सोही मूल्यांकन गरेर संयुक्त राष्ट्र संघीय बालकोष (युनिसेफ) ले प्रधानलाई सम्मानित गरिसकेको छ । बालअधिकार सम्बन्धी समसामयिक सवाल बारे उहाँसँग गरिएको कुराकानीको सारसंक्षेप प्रस्तुत छ ।*

**० अहिले नेपालमा बालबालिकाको समग्र स्थिति कस्तो देखिरहनु भएको छ ?**

-बालबालिकाको सन्दर्भमा कुरा गर्दा नेपाल विश्वमा यस्ता देशहरुको पंक्तिमा पर्दछ, जुन देश पहिले बालबालिकाका आधारभूत अधिकार पनि संरक्षण गर्न नसकेको स्थितिमा थियो। चाहे शिक्षाको क्षेत्रमा भनौं वा स्वास्थ्य, चाहे उनीहरुको हेरचाहको क्षेत्र वा उनीहरुमाथि भइराखेका शोषण र दुर्व्यवहारका कुरा। सबै दृष्टिकोणबाट हाम्रो देशका बालबालिकाको स्थिति उत्साहप्रद थिएन। तर, विगत दश वर्ष बीच बालबालिकाका यी विषयवस्तुहरुमा केन्द्रित गरेर बालअधिकारका सन्दर्भमा एउटा सामाजिक अभियान शुरु भएको छ र श्री ५ को सरकारले पनि राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय रुपमा ती हक अधिकार संरक्षण/सम्बर्द्धन गर्ने सन्दर्भमा प्रतिबद्धताहरु तयार गरेको छ। तर, ती पूरा नभएका उदाहरण थुप्रै छन्। त्यसमाथि पनि अहिले हत्या, हिंसा र युद्धको स्थिति बढिरहेको छ। यसले गर्दा बालबालिकाको विकासमा एकदमै नकारात्मक र प्रतिकूल अवस्था भएको देखेको छु।

**० नौ महिनाको संकटकालीन अवधिमा बालअधिकारको स्थिति कस्तो रहयो ?**

- संकटकाल हाम्रो देशमा समाधानकाल या संरक्षणकाल हुन सकेन भन्ने कुराको पुष्टि भइसकेको छ। नेपालकै इतिहासमा यति छोटो अवधिमा यति धेरै मानिसहरुको मृत्यु भयो। यति धेरै मानिसहरु गिरफ्तार भए, यति भयाभह आतंक यो देशमा फैलियो। नेपालको सिङ्गो इतिहासमा पनि यस्तो भएको थिएन। बालबालिकालाई सानो भन्दा सानो कुराले पनि असर गर्छ। त्यस्ता कुराले उनीहरुको विकासमा प्रतिकूल असर पार्दछ। यतिन्जेल कम्तिमा १ सय भन्दा बढी बालबालिकाको त हत्या हिंसाको क्रममा मृत्यु नै भएको छ। सयौं बालबालिकाहरु घाइते भएका छन्। बारुदी सुरुङ फुटेर होस् या अरु दूर्घटनाहरुबाट बालबालिकाहरु प्रत्यक्ष पीडित भए। कैयन् बालबालिकाहरु माओवादीको तर्फबाट विद्यालय बन्द गर्नेदेखि लिएर विद्यालयलाई राजनीतिक केन्द्रको रुपमा विकास गर्ने जस्ता गतिविधिका कारण मनोवैज्ञानिक हिसाबले नकारात्मक असरको शिकार बने। बालबालिकाले आफ्नो आगाडि आफ्ना आमाबाबुलाई मारेको देख्नु परेको छ। विद्यालयबाट शिक्षकलाई घिच्याएर लगेर मारेको देख्नु परेको छ। प्रहरी, सुरक्षाकर्मीहरु आएर माओवादीहरुको कार्यक्रममा किन भाग लिएको ? भनेर त्यहाँ दमन गरेको देख्नु/भोग्नु परेको छ। उनीहरु गिरफ्तार हुनु परेको छ। स-साना बालबालिकाहरु पनि 'आत्मसमर्पण केन्द्र'मा जानु पर्ने अवस्था छ। यो सबै स्थितिले बालबालिकाको वर्तमान मात्र हैन भविष्य पनि असाध्यै विचलित हुने देखिन्छ।

**० बालबालिकाको वर्तमान अवस्थाको आधारमा भन्नु पर्दा भविष्यको नेपाल कस्तो होला ?**

अरु देशका पनि यस्ता उदाहरणहरु छन्। युद्ध र गृहयुद्धको परिस्थितिमा उनीहरुमा पर्ने असर जटिल हुन्छ। भविष्यमा चौगुना बढी हुन्छ। उनीहरुको पुनर्स्थापना, सामाजिक एकीकरण र भावनात्मक विकासका सवालमा गम्भीर असर पर्दछ। वर्तमानको त्यस्तो असर खासगरी यस्ता बालबालिकाहरुमा स्वाभाविक रुपमा एउटा प्रतिशोध, हिंस्रक र निराशाको भावना हुनु, उनीहरु पलायन हुन खोज्नु र पूर्वेली संस्कृति अनुसार पनि हाम्रो समाजमा जुन खालको सामाजिक भावना हुन्छ, त्यो दिन प्रतिदिन ह्रास हुनु जस्ता समस्या देखिन्छन्। यी सबै कुराहरुबाट श्रृजित परिस्थितिको बीचमा भोलि यिनै बालबालिकाहरु समाजलाई नेतृत्व गर्न जाँदा त्यो स्थिति झनै भयावह हुन पुग्दछ। त्यसकारण यसले भविष्यमा एकदमै निराशाजनक स्थिति पनि पैदा गर्न सक्छ। भविष्यमा बालबालिकाहरुमा निराशा, प्रतिशोध र पलायनता नआओस् भन्नाका खातिर राज्य, समाज र परिवारले जुन खालको लगानी गर्नु पर्दछ- त्यो पैसा र सामाजिक लागतको हिसाबबाट पनि असाध्यै ठूलो कुरा हो।

मैले अघि नै भने हत्या-हिंसाको वर्तमान स्थितिले गर्दा उनीहरुमा प्रशस्त प्रतिशोधको भावना जन्मिन सक्छ। हिंसाको कारण शक्तिवान बन्न सकिँदो रहेछ भन्ने छाप पर्न सक्छ। अर्को एउटा पक्ष- उनीहरु असाध्यै निराश पनि हुन सक्दछन्। उनीहरुमा भएका सम्भावनाहरु समाप्त हुन सक्दछन्। उनीहरु पलायन हुन सक्दछन्। अहिले पनि युवा युवतीहरुमा कि गलत कार्यमा लाग्ने वा पलायन र निराश हुने प्रवृत्ति देखिएका छन्। भविष्यको जिम्मेवार नागरिक बनाउनु पर्ने बालबालिकाहरुमा वर्तमान परिस्थितिले गर्दा अहिलेदेखि नै विभिन्न खालका रोगहरु थोपरिन्छिन्।

**० बालबालिकालाई सशस्त्र युद्धमा संलग्न गराइएको छ भन्ने कुरालाई कसरी हेर्नु भएको छ ?**

एउटा अन्तर्राष्ट्रिय संस्था 'कल्यूजन अगेन्स्ट चाइल्ड सोल्जर्स' का अनुसार माओवादीले करिब २५ देखि ३० प्रतिशत सम्म

बालबालिकालाई सेनामा भर्ति गरेको छ भन्ने तथ्यांक अगाडि आएको छ। त्यो तथ्यांकलाई पुष्टि गर्न सक्ने आधारहरु चाहिं देखिन्न। त्यसकारण त्यो के हो भन्ने बारे खोजबिन पनि हुँदैछ। तर पनि यथार्थ के हो भने माओवादीहरुले बालबालिकाहरुलाई कुनै न कुनै हिसावबाट उनीहरुले भनिराखेको "जनयुद्ध" को प्रक्रियामा प्रयोग गरेका छन्। हामीले विगतमा स्थलगत अध्ययनमा कार्यक्रममा जाँदाखेरि पनि बालबालिकाहरुलाई "साँस्कृतिक सेना", जासुस, सहयोगी, मिलिसिया आदिको रुपमा प्रयोग गरेको तथ्य फेला पारेका थियौं। वास्तवमा यी सबै कुराहरु अहिले तत्कालका लागि माओवादी या कुनै पनि पक्षलाई फाइदाजनक भए पनि राष्ट्रिय विकास र समग्र सामाजिक दृष्टिकोणले हेर्दा भविष्यमा त्यो नोक्सानदायी हुनेछ भन्ने बुझ्नु पर्दछ। यो कुरा अन्तर्राष्ट्रिय कानुनहरुको विरुद्ध हो। बालबालिकाहरुलाई सशस्त्र संघर्षमा प्रयोग गर्न दिनु हुन्न भन्ने बालअधिकार सम्बन्धी महासन्धि छ। राज्यपक्ष मात्र होइन, कुनै पनि सशस्त्र समूह र त्यस्ता विद्रोही समूहले पनि अन्तर्राष्ट्रिय मान्यतालाई स्वीकार गर्नुपर्ने र १८ वर्ष भन्दा मुनिका बालबालिकाहरुलाई त्यसरी प्रयोग गर्न नहुने भन्ने अन्तर्राष्ट्रिय कानुन छ। त्यसको पालना सबै पक्षबाट हुनु पर्दछ।

**० नेपालमा त्यसको पालना भएको छ कि छैन ?**

स्पष्ट रुपमा भन्ने हो भने नेपालमा त्यसको पालना भएको छैन। त्यसको उल्लघन भइरहेको छ। राज्यपक्षबाट पनि त्यसको हस्ताक्षर भएको छ, अनुमोदन भएको छैन। त्यसैगरी माओवादी त विद्रोही पक्ष भयो। उनीहरुले समय-समयमा अन्तर्राष्ट्रिय मानवीय कानुन (जेनेभा महासन्धि) को उदाहरण दिने गरेका छन्। यदि अन्तर्राष्ट्रिय कानुनहरुलाई मान्ने हो भने र यो संसारको अन्तर्राष्ट्रिय नियम कानुनको मान्यता अन्तरगत आफूलाई राख्ने हो भने ती कुराहरुको उल्लंघन गरेर जान मिल्छ जस्तो लाग्दैन।

**० बालअधिकारको क्षेत्रमा राज्य पक्षको भूमिका कस्तो पाउनु भएको छ ?**

राज्यपक्ष त कहाँ-कहाँ हराएको जस्तो लाग्छ। यो देशमा कतिपय ठाउँमा राज्यको अस्तित्व खोज्न पनि गाह्रो भइसक्यो। अहिलेको अवस्थामा भन्ने हो भने काठमाडौं जिल्ला वा सदरमुकामहरु वा त्यसका वरिपरि होला। कैयन् नागरिकहरुले राज्यलाई नागरिक दायित्वबाट जति दिनु पर्ने कुराहरु छ त्यसको अधिकतम रुपमा दिइराखेका छन्। तर राज्यबाट चाहिं नागरिकले त्यो सुविधा र अधिकार प्राप्त गर्न सकेका छैनन्। चाहे सुरक्षाकै सन्दर्भमा कुरा गरौं। बालबालिकाको हक अधिकार संरक्षण गर्ने सन्दर्भमा अन्तर्राष्ट्रिय स्तरमा प्रतिबद्धताहरु जाहेर गरेको छ, ती प्रतिबद्धताहरुको फेहरिस्त पनि श्री ५ को सरकारसँग छ कि छैन भन्ने जस्तो लागिसक्यो। किनभने अनुगमनविहीन प्रतिबद्धताहरु भनेका राजनीतिक इच्छाशक्ति नभएका कुराहरु हुन्। तर, यदि सरकारले त्यसमा चाहना राख्ने र राजनीतिक इच्छाशक्ति व्यक्त गर्ने हो भन्ने स्थितिमा अवश्य सुधार गर्न सकिन्छ। यहाँ श्रोत, क्षमता, संस्थागत विकास आदिका कारणले हुन नसकेका कामहरु एकातर्फ छन् भने अर्कातिर हुन सक्ने कामहरु पनि हुन सकेका छैनन्। त्यो सबैभन्दा दु:खको कुरा हो।

**० सरकार र गैरसरकारी संस्था वा नागरिक समाज बीच बालअधिकारको सवालमा समन्वयको स्थिति कस्तो छ ?**

नागरिक समाजका बारेमा नीतिगत रुपमा प्रशस्त लेखिएका छन्। गैरसरकारी संस्था र नागरिक समाज भनेका विकासका साझेदार संस्थाहरु हुन् भनिएको छ। तर बुझाई चाहिं कमजोर छ। अहिले संसारमा तीन वटा पक्षहरु छन्- राज्य, बजार र नागरिक समाज। यिनीहरुको समन्वय गर्ने काममा राज्य पक्षमा सबैभन्दा बढी दायित्व हुन्छ र अरुहरुले सहयोगी भूमिका निर्वाह गर्ने हो। नेपालको सन्दर्भमा अहिले नागरिक समाज जागरुक अवस्थामा छ। यो पूर्ण रुपमा परिपक्व चाहिं भएको छैन। यो दबाब र साझेदारीको बीचको भूमिका निर्वाह गर्दै अगाडि बढिरहेको छ। देशमा प्रजातन्त्र आएपछिका बाह्र वर्षका धुप्रै नकारात्मक कुराहरुका अतिरिक्त त्यसभन्दा बढी कैयन् सकारात्मक काम पनि भएका छन्। मानिसमा जागृति आएको छ, हिजोसम्म दबित विषयहरुको उत्थान भएको छ, कैयन् शोषण र दमनका कुराहरुमा जनताका अधिकारहरु मुखरित भएका छन्। जस्तै: दलित, महिला, कमैया प्रथा, बालश्रम, जनजाति, बालअधिकार, सामाजिक विकृति आदिका कुराहरु। नागरिक समाजको तर्फबाट उठेर राज्यले ती कुराहरुलाई बाध्य भएर स्वीकार गरेर अगाडि बढ्नु पर्ने अवस्था सिर्जना भएको छ। ती असल पक्षहरुलाई अझै सम्हाल्दै राष्ट्रियता र प्रजातन्त्र जोगाउने प्रक्रियामा पनि गाँस्नु जरुरी छ।

राज्यले सबैलाई समेट्नु पर्छ। तर यहाँ सत्तापक्ष, प्रतिपक्ष, सत्तापक्ष पनि को कुन पक्ष, हुँदाहुँदा व्यक्ति पक्ष, यी सबै कुराहरुले गर्दा जनहीतको पक्षका कुराहरुलाई पाखा लाएर, तिनलाई जीब्रोमा मात्र राखेर व्यवहारमा अरु-अरु कामहरु भइराखेको छ। त्यसले जनतालाई एकदमै रिस पनि उठेको छ। निराशा पनि छाएको छ। यिनै कुराहरुबाट समाजमा गलत तत्वहरु निस्कन्छन्। यस्तो गलत तत्व निराशा र प्रतिशोधको भावना दुवै किसिमबाट जन्मन्छ। त्यसबाट पनि के जन्मन्छ भन्ने कुरा अहिले अनुमान नै गर्न गाह्रो हुन्छ।

**० बालअधिकारको सवाललाई राजनीतिक पार्टीहरुले कसरी उठाउनु पर्छ ?**

- बालबालिकालाई समाज र राष्ट्रको अभिन्न अंग ठानेर तिनीहरुका सरोकारहरुलाई राजनीतिक पार्टीहरुले प्राथमिकता दिनु पर्‍यो। दोस्रो कुरा, प्राथमिकतामा परेका कुराहरुको अनुगमन र मूल्यांकन पनि गर्नुपर्‍यो। यी कुराहरुको व्यवस्थित प्रलेख हुनु जरुरी छ। राजनीतिक पार्टीहरुले आफ्नो कामको समीक्षा गर्नु पर्‍यो। मैले अझै महत्वपूर्ण सुझावको रुपमा के कुरा अगाडि सारेको छु भने राजनीतिक पार्टीहरुका कार्यकर्ताका निम्ति आचार संहिताहरुको सूचीमा एउटा प्रावधान के हुनु पर्‍यो भने "कुनै पनि व्यक्ति जसले बालबालिकाको शोषण र बालबालिकाहरुमाथि दुर्व्यवहारहरु गर्दछन् ती मानिसहरु हाम्रो पार्टीको सदस्य हुन अयोग्य छन्" या "उनीहरुले आफूलाई सुधार गर्नु पर्दछ"। राजनीतिक पार्टीका कार्यकर्ताहरुले मात्रै बालबालिकाहरु प्रति राम्रो व्यवहार गरिदिने हो भने पनि निकै सुधार हुन्छ। मानवअधिकार, बालअधिकारको संरक्षण गर्ने सन्दर्भमा स्रोत र दृष्टिकोण तथा व्यवहार प्रमुख रुपले आउँछन्। बालअधिकारका क्षेत्रमा पनि राजनीतिक पार्टीहरु, कर्मचारीहरु, नागरिक समाजका व्यक्तिहरुले आचार संहिता बनाएर तिनीहरुलाई कार्यान्वयन गर्ने हो भने देशमा ठूलो परिवर्तन आउँछ।

**० मानवअधिकार/बालअधिकार संस्थाहरु र सिङ्गो नागरिक समाजले बालअधिकारको सवालमा के-के गर्नु पर्ला ?**

- बालबालिकाको अधिकार भनेको हरेकको सरोकारको विषयवस्तु हो। हाम्रो जस्तो देशमा सम्पूर्ण कामहरु सरकारले मात्र गरोस् भनेर मुख ताकेर बस्नु हुँदैन। हामीले उदाहरण भएर देखाउन सक्नु पर्दछ। चाहे त्यो सूचना प्रविधिमा होस्, चाहे उनीहरुको पुर्स्थापनाको विषयमा, चाहे उनीहरुको शिक्षा र स्वास्थ्यको विषयमा होस्, सानो भएता पनि उदाहरण बन्न सक्नु पर्छ। अहिले बालअधिकारको संरक्षणको सन्दर्भमा सरकार, राज्यको परिस्थिति त्यति सशक्त हुन सकेको छैन। त्यसकारण पनि नागरिक समाज जागरुक भएर उनीहरुको हक अधिकारलाई संरक्षण गर्नु पर्दछ। नागरिक समाज भित्र सचेतना र बालबालिकाको हक हितप्रति संवेदनशीलता भएन भने शोषण कम हुन सक्दैन। त्यसकारण आमाबाबु, समुदाय, शिक्षक वा राजनीतिक कार्यकर्ता सबैले बालबालिकाहरुको समस्यालाई सामाजिक उत्तरदायित्वको रुपमा लिएर समाधानको प्रक्रियामा जानु जरुरी छ। त्यसको अर्थ बालबालिका सम्बन्धी संस्थाले मात्रै बालबालिकाको काम गर्ने भनेको हैन, सबै संस्थाहरुले बालबालिकाहरुको विषयवस्तुलाई समेटेर जानु पर्दछ। अहिले सरकार र गैरसरकारी संस्थाहरुलाई हामी के भन्न चाहन्छौं भने जस्तो सरकारी क्षेत्रमा पनि बालबालिका सम्बन्धी काम कसले गर्छ ? भन्दा यस सम्बन्धी काम त महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयको हो भन्ने धारणा छ। तर, हरेक क्षेत्रमा बालबालिकाको उपस्थिति हुन्छ। उदाहरणका लागि सिंचाई, जलस्रोत आदिको काम गर्दाखेरि बालबालिकालाई दिमागमा राखिँदैन। यो विषयलाई प्रत्यक्ष रुपमा सम्बन्धित ठानिँदैन। शिक्षा, स्वास्थ्य आदि कुराहरु प्रत्यक्ष सम्बन्धित जस्ता लाग्छन्। तर, अरु सम्पूर्ण कुराहरु पनि बालबालिकाहरुको हकहितसँग सम्बन्धित छन्। त्यसकारण कुनै बाँध बनाइन्छ, कुनै घर बनाइन्छ, सडक निर्माण गरिन्छ जेसुकै गर्दा पनि त्यहाँका बालबालिकालाई के असर पर्दछ भन्ने कुरा सम्बन्धित व्यक्ति, संस्था र आयोजनाहरुले सोच्नु पर्दछ। •

# हार्दिक शुभकामना

## दशैं र तिहार

शुभकामना, आशीर्वाद

र मेलमिलापका चाड हुन् ।

## यो बेलामा

कृपया, हत्या-हिंसा र आतंक
बन्द गरौं ।

- इन्सेक परिवार

## मानवअधिकार ज्यादतीको अन्त्य गर्न एमनेष्टी इण्टरनेशनलको आह्वान

**एमनेष्टी इण्टरनेशनल** सरकार र नेकपा (माओवादी) दुवै पक्षलाई जनताको आधारभूत मानवअधिकारको सम्मान गर्न आग्रह गर्दछ ।

**एमनेष्टी इण्टरनेशनल** नेकपा (माओवादी) लाई नागरिकहरुको सदैव सम्मान गर्न र नागरिकहरुको हत्या गर्ने, यातना दिने तथा बालबालिकालाई सैनिकका रुपमा प्रयोग गर्ने जस्ता कार्यहरु बन्द गर्न अनुरोध गर्दछ ।

**एमनेष्टी इण्टरनेशनल** नेकपा (माओवादी) लाई सन् १९४९ को जेनेभा महासन्धिको साझा धारा ३ मा उल्लेख भए अनुसार हत्या गर्ने, बन्दी बनाइएका सुरक्षाकर्मीहरुलाई मार्ने, अपहरण गर्ने जस्ता कार्यहरु बन्द गर्ने लगायतका अन्तर्राष्ट्रिय मानवीय कानुनद्वारा निर्धारित मापदण्डहरुको पालना गर्न आह्वान गर्दछ ।

**एमनेष्टी इण्टरनेशनल** नेपाल सरकारलाई गैरन्यायिक हत्या, बेपत्ता पारिने घटना तथा यातना बन्द गर्न अनुरोध गर्दछ । साथै मानवअधिकार उल्लंघन सह्य हुने छैन भनेर सुरक्षाकर्मीहरुलाई स्पष्ट निर्देशन दिन सरकार समक्ष अनुरोध गर्दछ ।

**एमनेष्टी इण्टरनेशनल** नेपाल सरकार समक्ष मानवअधिकार उल्लंघनमा संलग्न सुरक्षाकर्मी उपर छानबिन तथा कारबाहीको प्रत्याभूति गर्न अनुरोध गर्दछ । साथै राष्ट्रिय मानवअधिकार आयोगलाई स्वतन्त्र र प्रभावकारी रुपमा कार्य गर्न दिन सबै प्रकारका आवश्यक सहयोग पुऱ्याउन अनुरोध गर्दछ ।

## AMNESTY INTERNATIONAL CALLS FOR AN END TO HUMAN RIGHTS ABUSES

**Amnesty International** calls both the Government of Nepal and the Communist Party of Nepal (Ma[illegible] to respect the basic human rights of the Nepalese People.

**Amnesty International** urges the Communist Party of Nepal (Maoist) to at all times respect civilians, and to prohibit the killing of civilians, torture, and the use of child soldiers.

**Amnesty International** urges the Communist Party of Nepal (Maoist) to abide by international humanitarian law standards, including prohibiting murder, the execution of police officers taken captive, and hostage taking, as called for in Article 3 common to the four Geneva Conventions of 1949.

**Amnesty International** calls upon the Government of Nepal to prohibit unlawful killings, disappearances, and torture. Security forces must be given a clear message that human rights violations will not be tolerated.

**Amnesty International** urges the Government of Nepal to ensure the investigation and prosecution of security forces implicated in human rights violations. The National Human Rights Commission should be given all necessary assistance to ensure its independent and effective functioning.